# शुभकामना



नेपालीहरूको महान् चाड वडादशैं, शुभ दीपावली, नेपाल संवत् ११४६, छठ पर्व, उँधौली पर्व र ल्होसारको उपलक्ष्यमा नगरपालिका एवम् देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

## दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका दिक्तेल, खोटाङको जनहितमा जारी सन्देश

- व्यक्तिगत घटना दर्ता अन्तर्गत -जन्मदर्ता, मृत्युदर्ता, विवाह दर्ता, बसाइसराई, सम्बन्ध विच्छेद) घटना घटेको ३५ दिनभित्रै नजिकको वडा कार्यालय गई दर्ता गरी जरिवाना हुनबाट बचौं।
- नियमित रुपमा बुझाउनु पर्ने कर समयमै तिरौं।
- पालिकाको विकासमा सबैले हातेमालो गरौं।
- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुरा नखाऔं।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं । खाद्यन्न–तरकारीमा विषादी घटाऔं । अर्ग्यानिक उत्पादनमा जोड दिऔं।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरू नछोडी सभ्य नागरिकको पहिचान दिऔं।
- सडक तथा पेटी किनारामा आवागमनमा अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं।
- प्लाष्टिकमुक्त गाउँ तथा नगर बनाउन सहयोग गरौं।
- सार्वजनिकस्थलमा जतातत्तै फोहोरमैला नफालौं।
- आफ्नो घर वरपर विरुवा रोपी हरित गाउँको रुपमा विकास गरौं।
- बसोबास स्थल, टोलमा व्यवसायिक रुपमा पशुपंक्षी पालन गर्दा छरछिमेकीलाई असर नपर्ने गरी पालौं।

**दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका**
**खोटाङ, दिक्तेल**

| | | |
|---|---|---|
| दिनेश कुमार राई | विसन राई | तीर्थराज भट्टराई |
| प्रमुख प्रशासकीय अधिकृत | नगर उप प्रमुख | नगर प्रमुख |
| ९८५२८२४१११ | ९८६३६४७६४४ | ९८५१०३४८०३ |


# नयाँ कदम

वर्ष–४५ अङ्क–१६ २०८२ भाद्र











**DIKTEL MULTIPLE CAMPUS**
Diktel Rupakot Majhuwagadhi -2 Diktel Khotang
Ph No.: 036-420119, Web Site: diktelmultiplecampus.edu.np
E-mail: diktelcampus@gmail.com/info@diktelmultiplecampus.edu.np

'संस्कार, संस्कृति र नवीनता सहितको शिक्षा, दिक्तेल बहुमुखी क्याम्पसको एक मात्र लक्ष्य'




# शुभकामना

२०८२ सालको नेपालीहरूको महान् चाड बडादसैं, शुभ दीपावली, नेपाल सम्वत् ११४६, छठ, उँधौली, र ल्होसार समेतको उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, बुद्धिजीवी तथा शुभचिन्तकहरूमा सुख-शान्ति तथा समृद्धिको कामना सहित मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

## यस क्याम्पसका विशेषताहरू :

- ☆ विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत क्याम्पस,
- ☆ संस्कार, संस्कृति र नवीनता सहितको शिक्षा प्रदान गर्ने उत्कृष्ट गन्तव्य,
- ☆ तीनवटै सङ्कायहरूमा अनुभवी तथा दक्ष प्राध्यापकहरूबाट पठन-पाठन हुने,
- ☆ आधुनिक प्राविधियुक्त कक्षाकोठा,
- ☆ कम्प्यूटर ल्याब र अत्याधुनिक पुस्तकालय भएको,
- ☆ शान्त तथा सुन्दर वातावरणीय भूगोलमा रहेको,
- ☆ व्यवस्थित कार्यक्रम हल भएको,
- ☆ नियमित अतिरित क्रियाकलापको व्यवस्थापन भएको आदि ।

## क्याम्पसमा सञ्चालित कार्यक्रमहरू

### शिक्षाशास्त्र सङ्काय अन्तर्गत पठनपाठन हुने मूल विषयहरू

**स्नातक तह :**

☆अंग्रेजी ☆नेपाली
☆गणित ☆जनसंख्या

**स्नाकोत्तर तह (M.Ed.) M**

☆Education Planning and Management (EPM)
☆ नेपाली

### मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पठनपाठन हुने मूल विषयहरू

**स्नातक तह (B.A.) :**

☆समाज शास्त्र ☆राजनीतिक शास्त्र
☆नेपाली ☆अंग्रेजी
☆अर्थशास्त्र ☆सामाजिक कार्य

**स्नाकोत्तर तह (M.A.)**

☆समाजशास्त्र
☆नेपाली

### व्यवस्थापन सङ्काय स्नातक तह (B.B.S.) अन्तर्गत पठनपाठन हुने मूल विषयहरू :

☆लेखा शास्त्र ☆बजार शास्त्र ☆वित्त शास्त्र


**दिक्तेल बहुमुखी क्याम्पस**
दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-२, खोटाङ,
फोनः ०३६४२०११९/९७६४४९७०७१
Email: diktelcampus@gmail.com • Website: diktelcampus.edu.np


कृष्ण बहादुर राई
क्याम्पस प्रमुख

तथा
**दिक्तेल बहुमुखी क्याम्पस परिवार**

दुर्गाजयन्ती राई
अध्यक्ष
क्याम्पस सञ्चालक समिति

# दिक्तेल बहुमुखी क्याम्पस सञ्चालक समितिका पदाधिकारीहरूको विवरण


श्री दुर्गा जयन्ती राई
अध्यक्ष
मो.नं.- ९८५११८५१५२


श्री कुमार आचार्य
उपाध्यक्ष
मो.नं.-९८५१०७३४३३


श्री प्रकाशकुमार श्रेष्ठ
सदस्य
मो.नं.- ९८४२८७११५०


श्री ध्यानबहादुर राई
सदस्य
मो.नं.- ९८४२८३४३६७


श्री दिनेशकुमार घिमिरे
सदस्य
मो.नं.- ९८४२८९६५४५


श्री रामबहादुर बजगाईं
सदस्य
मो.नं.- ९८५२८४९७०३


श्री टिका खत्री
सदस्य
मो.नं.- ९८६०३४५३४७


श्री नैन बहादुर कटुवाल
सदस्य
मो.नं.-९८४२९७४१२३


श्री कवि कुमार राई
सदस्य
मो.नं.-९८६२९७९३६६


श्री दिपक ठटाल
सदस्य
मो.नं.- ९८४२९०५५४५


श्री झुलेन्द्र वि.क.
सदस्य
मो.नं.-९८६२९७९७२३


श्री तीर्थराज भट्टराई
सदस्य-(दि.रु.म.न.पा.: नगरप्रमुख)
मो.नं.- ९८४४८३०४८२


श्री धुव्रविक्रम राई
सदस्य-(दि.रु.म.न.पा.:२ वडा अध्यक्ष)
मो.नं.- ९८४१८४४७९४


श्री उत्तम सिं राई
सदस्य-(त्रि.वि प्रतिनिधि)
मो.नं.- ९८५२०५२००९


श्री राजनप्रसाद आचार्य
सदस्य-(खो.उ.वा.संघ, अध्यक्ष)
मो.नं.- ९८४६४३१२४६


श्री लालप्रसाद घिमिरे
सदस्य-(प्राध्यापक संघ, अध्यक्ष)
मो.नं.- ९८४२८७७९५३


श्री कृष्ण बहादुर राई.
सदस्य सचिव (क्याम्पस प्रमुख)
मो.नं.-९८४२८७७१०७

# नयाँ कदम

वर्ष ४५ अङ्क १६ भदौ-२०८२



**संरक्षक**
श्री कृष्ण बहादुर राई
क्याम्पस प्रमुख

**प्रधान सम्पादक**
श्री नईन्द्र कुमार खत्री

**सह-सम्पादक**
श्री सन्जीव थापा

**सहायक सम्पादक**
श्री शङ्कर थापा
श्री कृष्णबहादुर गुरुङ
श्री देवकुमार राई
श्री कल्पना राई
श्री मीनकुमार दाहाल

**प्रमुख व्यवस्थापक**
श्री हर्कवीर राई
सहायक क्याम्पस प्रमुख
श्री रामप्रसाद राई
श्री विजय कुमार राई

**विज्ञापन व्यवस्थापक**
श्री लक्ष्मीकुमार राई
श्री सुवासचन्द्र राई
श्री विमला राई
श्री महेश मरासिनी

**व्यवस्थापक**
श्री चुडाबहादुर कार्की
श्री गोपाल दाहाल
श्री रामचन्द्र राई
श्री वेदमाया बस्नेत
श्री धनबहादुर परियार
श्री देवबहादुर कार्की

**सल्लाहकार**
श्री हिराकुमार राई
श्री वेदीकुमार राई
श्री लालप्रसाद घिमिरे
श्री पदमबहादुर विष्ट
श्री रविन सुनुवार
श्री लिलाबहादुर खत्री
श्री श्यामकुमार राई
श्री पार्जुन राई

**कम्प्युटर टङ्कन तथा तथ्याङ्क सङ्कलन**
श्री महेश मरासिनी
श्री मिलनचन्द्र राई

**कानुनी सल्लाहकार**
श्री कृष्णबहादुर राई



**प्रकाशन प्रति**
१५०० प्रति
मूल्य : रू. २५०/-

**लेआउट/मुद्रण**
कामना प्रिन्ट एण्ड क्रियसन
९८४३१६३०३६

**प्रकाशक**
**Public Information**
**Public Relation & Publication Committee**

**दिक्तेल बहुमुखी क्याम्पस**
दिक्तेल रूपाकोट मझुवागढी न.पा.-२, खोटाङ
Website : diktelmultiplecampus.edu.np
E-Mail: diktelcampus@gmail.com
Ph.no. : 036-420119

# सम्पादकीय ........................

दिक्तेल बहुमुखी क्याम्पस वि.सं. २०३७ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त खोटाङ जिल्ला भित्रको पहिलो सामुदायिक क्याम्पस हो । यस क्याम्पसले गुणस्तरीय र समय सापेक्ष शिक्षा दिनु आफ्नो प्रमुख जिम्मेवारी ठान्दछ ।

यस क्याम्पसले प्रत्येक शैक्षिक सत्र र आ.व.मा आफूले प्राप्त गरेका उपलब्धिलाई समुदाय स्तरमा पुऱ्याउने र आगामी दिनमा गर्ने कार्यहरूलाई विद्यार्थी समुदाय र सरोकारवालाहरूको बीचमा लैजाने हेतुले हरेक वर्ष वार्षिक मुखपत्र **नयाँ कदम** प्रकाशन गर्दै आएको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र नेपाल राष्ट्रहित शिक्षाको राष्ट्रिय उद्देश्यलाई सर्वोपरि मान्दै वर्तमान विश्वको बदलिँदो परिवेश अनुकूल गुणस्तरीय शिक्षा दिई विद्यार्थीको भविष्य उज्ज्वल बनाउने दिशामा क्याम्पस अघि बढिरहेको छ । यसै सिलसिलामा विगत लामो समयदेखि क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट Q.A.A प्राप्त गर्न शैक्षिक गुणस्तर सुधारका कामहरू चरणबद्ध रूपमा गरिरहेकाले यसै वर्ष Q.A.A प्राप्त गरेको छ । Q.A.A प्राप्त गर्नु क्याम्पसको ऐतिहासिक उपलब्धि र स्वर्णिम क्षण हो । आगामी दिनमा Q.A.A अर्को चरण पूरा गर्दै अघि बढ्नु यस क्याम्पसको मुख्य अभिभारा भएको छ र सधैँ भइरहनेछ ।

यो क्याम्पस नाफारहित विशुद्ध सेवामूलक शैक्षिक संस्था हो । यस विषयलाई यस मुख-पत्रको माध्यमबाट उजागर गर्ने काम गरिएको छ । यो **नयाँ कदम** दिक्तेल बहुमुखी क्याम्पसको मुख-पत्र भएकाले यस प्रकाशनमा क्याम्पसको प्रगति प्रतिवेदनलाई मुख्य स्थान दिँदै शिक्षक, विद्यार्थी र समुदायका व्यक्तित्वहरूका लेख, शिक्षण विधि, समालोचना, समीक्षा तथा साहित्यका विविध विधाका लेख रचना र विभिन्न कार्यालय एवम् सङ्घ संस्थाका सूचना तथा शुभकामना आदि प्रकाशन गरिएको छ । यस कार्यले क्याम्पस र समुदायको सम्बन्धलाई अझ प्रगाढ बनाउने छ साथै क्याम्पस तथा समुदाय बीचको सम्बन्ध अझ मजबुत बनाउनेछ भन्ने विश्वसका साथ यो मुख-पत्र प्रकाशन गरिएको छ ।

- **सम्पादक मण्डल**

नयाँ कदम वर्ष : ४५, अङ्क : १६, २०८२

दिक्तेल बहुमुखी क्याम्पस, खोटाङ

# विषयसूची


| | | | |
|---|---|---|---|
| १. | दिक्तेल बहुमुखी क्याम्पसको संक्षिप्त वर्तमान अवस्था तथा भावी कार्यदिशा | | १ |
| | | ✍ कृष्णबहादुर राई | |
| २. | Internal Control System and Frauds Prevention | | 20 |
| | | ✍ Harka Bir Rai | |
| ३. | Noble Coronavirus and CoViD -19 | | 30 |
| | | ✍ Ghimire, L.P. | |
| ४. | Meaning, need, types and schedule of Reinforcement and its impact in learning (पुनर्बलको अर्थ, आवश्यकता, प्रकारहरू, तालिका र सिकाइमा यसको प्रभाव) | | ३५ |
| | | ✍ Padam Bahadur Bista | |
| ५. | आदिवासी/जनजाति समुदायहरूमा ज्ञान उत्पादन र परम्परागत ज्ञानको संरक्षण | | ४२ |
| | | ✍ देवकुमार राई | |
| ६. | दिक्तेल बहुमुखी क्याम्पस निर्माण, खरिद, मर्मतसम्भार, स्वास्थ्य, सरसफाइ तथा सामाजिक सुरक्षा समिति गतिविधि | | ५२ |
| | | ✍ लिलाबहादुर खत्री | |
| ७. | त्यस्तो नभएपछि | ✍ मीन कुमार दाहाल | ५७ |
| ८. | शिक्षालयमा प्राथमिक उपचार तथा यसको महत्त्व | | ६१ |
| | | ✍ लिलाबहादुर खत्री | ६१ |
| ९. | पुरुष | ✍ लालप्रसाद घिमिरे | ६८ |
| १०. | आमा | ✍ अमृता कार्की | ६९ |
| ११. | स्थानीय तहमा न्यायिक समिति | ✍ खेम बहादुर खड्का | ७० |
| १२. | पाँच मुक्तक | ✍ गणेश गगन | ७३ |
| १३. | खुसीको ऐना | ✍ दीपा राई | ७४ |
| १४. | तीन मुक्तक | ✍ योगेन्द्र भट्टराई | ७५ |
| १५. | हराउँदै गएको मानवता | ✍ लक्ष्मी अधिकारी | ७५ |

| | | | |
|---|---|---|---|
| १६. | काल आएपछि | ✍ प्रजुल आचार्य | ७६ |
| १७. | गजल | ✍ दिवस रोका | ७७ |
| १८. | बाँचेर हराएको म | ✍ सुजा ढकाल | ७७ |
| १९. | मुन्धुम ट्रेल एक जीवन्त यात्रा (चखेवादेखि सिलिचुङसम्म) | | ७८ |
| | | ✍ आदेश थापा | ७८ |
| २०. | हो म मान्छे हुँ | ✍ घनश्याम ढकाल | ८३ |
| २१. | फर्की आऊ | ✍ खियामा राई, साकेला | ८४ |
| २२. | आँसी | ✍ अनुसिल राई | ८५ |
| २३. | सपना, सङ्घर्ष र जिम्मेवारी | ✍ सङ्गीता भट्टराई | ८६ |
| २४. | गजल | ✍ दिपेन कार्की | ८६ |
| २५. | उदाएको चन्द्रमा | ✍ पवन पोखरेल 'जिज्ञासु कान्छो' | ८७ |
| २६. | मुक्तक | ✍ पवन पोखरेल -जिज्ञासु कान्छो) | ८७ |
| २७. | धन | ✍ अन्सु राई | ८८ |
| २८. | आजका विद्यार्थी | ✍ निता वि.क. | ८८ |
| २९. | अहङ्कार र देखासिकीमा रूमलिएको हाम्रो जीवन | | ८९ |
| | | ✍ लमी शेर्पा | ८९ |
| ३०. | मुक्तक | ✍ मिता राई | ९१ |
| ३१. | मेरो देश | ✍ दिपेन्द्र अधिकारी | ९१ |
| ३२. | अब सोचौँ भो | ✍ दिपेन्द्र अधिकारी 'हिँडपाली जेठो' | ९२ |
| ३३. | के गर्नु ? | ✍ अशोक चाम्लिङ राई | ९३ |
| ३४. | खोटाङ जिल्लाको यातायात र दुर्घटना | ✍ रामकुमार हिङमाङ | ९४ |
| ३५. | आज कठिन छ........ | ✍ कृष्ण गिरी | ९६ |

# दिक्तेल बहुमुखी क्याम्पसको संक्षिप्त वर्तमान अवस्था तथा भावी कार्यदिशा



कृष्णबहादुर राई
क्याम्पस प्रमुख
सह-प्राध्यापक
दिक्तेल बहुमुखी क्याम्पस
**pakharibas3@gmail.com**

## पृष्ठभूमि :

दिक्तेल बहुमुखी क्याम्पस खोटाङ जिल्लाको सदरमुकाम (हाल दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका वडा नं.-१) दिक्तेल बजार स्थित सरस्वती माध्यमिक विद्यालयको भवनमा २०३७ असोज १६ गते स्थापना भई २०३७ कार्तिक १५ गते सोही ठाउँमा उद्‌घाटन भएको एक अग्रणी सामुदायिक क्याम्पस हो । साथै सरस्वती माध्यमिक विद्यालयको भवनमा केही वर्ष कक्षा सञ्चालन भयो, र २०३९ सालमा हालको स्थानमा जिल्ला पञ्चायतले बनाएको सामुदायिक भवनमा क्याम्पस सारिएको हो र तत्कालीन समयमा १७ रोपनी जग्गा क्याम्पसको नाममा दर्ता गरियो (थुलुङ, २०५८) । यो क्याम्पसलाई स्थापना गर्न र विकास गर्न शिक्षाप्रेमी, समाजसेवी, राजनीतिकर्मी, किसान, उद्योगी, व्यापारी, प्राध्यापक, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी, शिक्षाविद्, विभिन्न तहमा निर्वाचित जनप्रतिनिधहरू, स्थानीय निकायहरू, विभिन्न सरकारी तथा गैर सरकारी सङ्घ/संस्थाका साथै आम जिल्लावासीहरूको महत्त्वपूर्ण योगदान रहेको छ ।

यस क्याम्पसको सुरूवात प्रमाण-पत्र तहबाट भए तापनि हाल स्नाकोत्तर तहसम्म पठन-पाठन हुने यो शैक्षिक संस्था त्रिभुवन विश्वविद्यालयको सम्बन्धन प्राप्त क्याम्पस हो । यस क्याम्पसमा शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे स्नातकका विभिन्न विषयदेखि स्नातकोत्तर तहसम्म पठन-पाठन हुन्छ भने मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा पनि चार वर्षे स्नातकका विभिन्न विषयदेखि स्नातकोत्तर तहसम्म पठन-पाठन हुन्छ, तर व्यवस्थापन सङ्काय अन्तर्गत भने स्नातक तहसम्म मात्र पठन-पाठन हुँदै आएको छ । साथै कक्षा ११ र १२ को पनि छुट्टै व्यवस्थापन अन्तर्गत राखेर कक्षा हुने गरेको छ । यो क्याम्पस २०८० पौष १९ गते विश्व विद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत (Quality Assurance Accreditation [QAA]) भई हाल गुणस्तर अभिवृद्धिसँग सम्बन्धित विभिन्न कार्यक्रमहरूमा सहभागी भई शैक्षिक गुणस्तर सुधार्न प्रत्यनशील रहेको छ । QAA प्राप्त गर्नु भनेको क्याम्पसका लागि अवसर र चुनौती दुवै हुन्, किनकि क्याम्पसले पहिलेको भन्दा क्याम्पसलाई राम्रो

बनाउन निरन्तर कोशिस गर्नुपर्ने हुन्छ, जसका लागि प्रचुर मात्रामा साधन र स्रोत आवश्यकता पर्दछ। यसरी साधन र स्रोत जुटाउनु भनेको ज्यादै ठूलो चुनौती हो। अर्को तर्फ QAA ले संस्थाको हरेक क्षेत्रमा सुधार ल्याउँछ र यसले संस्थालाई सफल, सबल र उन्नत बनाउँछ। त्यसैले क्याम्पसको यो चरण भनेको शैक्षिक, भौतिक, सामाजिक, सौन्दर्य र साँस्कृतिक गुणस्तर सुधार गर्ने अवसर पनि हो, साथै QAA को दोस्रो चक्रको पूर्वाधार तयार गर्नको लागि काम गर्नु ज्यादै महत्त्वपूर्ण अवस्था पनि हो। हालको काम र लगनीले नै दोस्रो चक्र प्राप्तिलाई निश्चित गर्छ भन्नुमा अत्युक्ति नहोला।

## क्याम्पसको दृष्टि :

दिक्तेल बहुमुखी क्याम्पसलाई गुणास्तरीय उच्च शिक्षाको उत्कृष्ट गन्तव्यको रूपमा विकास गरिने छ।

## क्याम्पसको अभियान :

दिगो, गुणस्तरीय, शैक्षिक संस्थाहरू निर्माण गर्न, प्राविधिमैत्री, अनुसन्धानमुखी, व्यावसायिक, महत्त्वपूर्ण, अन्तरक्रियात्मक, प्रतिस्पर्धात्मक शिक्षण र सिकाइ मार्फत कुशल र योग्य शैक्षिक जनशक्ति उत्पादन गर्ने।

## लक्ष्यहरू :

दिक्तेल बहुमुखी क्याम्पसले उल्लेखित दृष्टि र अभियान प्राप्तिका लागि देहाय बमोजिमका लक्ष्यहरू राखेको छ –

क. क्याम्पसलाई स्नातक तथा स्नाकोत्तर तहमा रोजगारमूलक र प्रविधिक विषयहरू थप गरी उत्कृष्ट शैक्षिक केन्द्रको रूपमा स्थापित गर्ने,

ख. आधुनिक शैक्षिक प्रवृत्तिलाई सम्बोधन गर्न, प्रविधिमैत्री, अनुसन्धानमुखी र व्यावसायिक शिक्षाको विकास गर्ने,

ग. शैक्षिक तथा प्रशासनिक क्षेत्रको लागि उच्च, योग्य, र दक्ष जनशक्ति उत्पादन गर्ने,

घ. देश र समाजमा उच्च योगदान दिन सक्ने, प्राविधिक तथा दक्ष जनशक्ति निर्माण गर्ने,

ङ. सरकारी तथा गैरसरकारी संस्थाहरू, समुदाय र सरोकारवालाहरूसँगको सम्बन्धको निरन्तरता दिने,

च. सिकाइ मैत्री पूर्वाधार र वातावरणको सिर्जना गर्ने,

छ. नियमित र दिगो आय स्रोत खोजी गर्ने,

ज. क्याम्पसमा नेतृत्वको सन्तुलित र गतिशील व्यवस्थापनको लागि कुशल नेतृत्वको विकास गर्ने,

झ. मानक विश्वविद्यालय वा नयाँ विश्वविद्यालयको रूपमा विकास गर्ने,

ञ. गुणस्तर अभिवृद्धिको उद्देश्य प्राप्त गर्न कार्यक्रमहरू सञ्चालन गर्ने, (राई, २०८०)

## उद्देश्यहरू :

क्याम्पसका उद्देश्यहरू निम्नानुसार रहेका छन् –

क. दीर्घकालीन वित्तीय स्थिरता हासिल गर्नु,
ख. व्यवस्थित पुस्तकालय र ई-पुस्तकालयलाई राम्रोसँग व्यवस्थापन गर्नु,
ग. स्थानीय र राष्ट्रिय स्तरमा साझेदारीलाई सुदृढ पार्नु,
घ. भौतिक पूर्वाधारको गुणस्तर निर्माण र सुधार गर्नु,
ङ. प्रविधिको रणनीतिक र उपयुक्त उपयोगलाई अधिकतम बनाउनु,
च. सबै कर्मचारी र शिक्षकहरूको व्यावसायिक र नेतृत्व विकासमा लगानी गर्नु,
छ. विद्यार्थी केन्द्रित र विद्यार्थी पहिलो प्रक्रिया नीति, निर्णय र संस्कृति विकास र लागू गर्नु,
ज. सिर्जनशीलता, नवीनता र लचिलोपनलाई प्रोत्साहन र समर्थन गर्नु,
झ. विद्यार्थी र समाजको परिवर्तनशील आवश्यकताहरू पूरा गर्न पहुँच र सफलताहरू बढाउनु,
ञ. उत्तम अभ्यासहरू अनुकूलन गरेर विद्यार्थीहरूको उत्तीर्ण दर बढाउनु,
ट. विद्यार्थीले विद्यालय छोड्ने दरलाई न्यून बनाउनु,
ठ. समकालीन समाजको आवश्यकता पूरा गर्न दक्ष जनशक्ति तयार गर्नु,
ड. आधुनिक प्रविधि र अन्य उपकरणहरूले क्याम्पसलाई सुसज्जित गर्नु,
ढ. स्नातक र स्नातकोत्तर तहमा नयाँ कार्यक्रम र विषयहरू विस्तार गर्नु,
ण. वञ्चित (privileged and socially excluded group people) समूहका मानिसहरूलाई शैक्षिक प्रवाहमा संलग्न गराउनु,
त. समुदायसँग पारस्परिक सम्बन्ध स्थापित गर्नु,
थ. सीमान्तकृत मानिसहरू, जातीय समूहहरू, र दलितहरूका लागि पनि उपयुक्त शैक्षिक वातावरण व्यवस्थापन गर्नु ,
द. EMIS को प्रभावकारिता बढाउनु,

**क्याम्पसको प्रशासनिक तथा सांगठनिक संरचना :**

क्याम्पसको आफ्नै प्रकार विशिष्ट प्रशासनिक र साङ्गठनिक संरचना रहेको छ, जसलाई सङ्क्षेपमा रेखाचित्र १ मा दिइएको छ –

## चित्र : १

क्याम्पसको प्रशासनिक तथा साङ्गठनिक संरचना




स्रोत :https://www.diktelcampus.edu.np/

यस क्याम्पसमा मानविकी तथा सामाजिक शास्त्र, शिक्षा शास्त्र र व्यवस्थापन गरी तीन वटा सङ्कायहरू रहेका छन् । यी तीनैवटा सङ्कायहरूलाई दैनिक कार्यकारी नेतृत्व प्रदान गर्नका लागि एक क्याम्पस प्रमुख र प्रत्येक सङ्कायहरूलाई सुचारु गर्नका लागि विभागीय प्रमुखहरू र आवश्यकता अनुसार सहायक क्याम्पस प्रमुख रहने व्यवस्था विधानत: गरिएको छ । विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न विभिन्न समितिहरूको पनि व्यवस्था गरिएको छ ।

## क्याम्पस सभा :

क्याम्पस सभा दिक्तेल बहुमुखी क्याम्पसको सर्वोच्च निकाय हो, र क्याम्पस सभाको व्यवस्था क्याम्पस सञ्चालन विधान २०७५ (प्रथम शंसोधन-२०७९) को परिच्छेद २ को दफा ४ मा गरिएको छ । क्याम्पसलाई शैक्षिक, आर्थिक, र सामाजिक रूपले उच्च शैक्षिक संस्थाको रूपमा विकास र विस्तार गर्न विभिन्न क्षेत्रका नेपाली नागरिकहरूलाई यस सभामा प्रतिनिधित्व गराइन्छ। मुख्यतया यस सभाका सदस्यहरू क्याम्पस सञ्चालक समितिका मौजुदा पदाधिकारी तथा सदस्यहरू, खोटाङ जिल्लाबाट सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्यक्ष निर्वाचित र समानुपातिक सांसद्हरू, खोटाङ जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्यक्ष निर्वाचित र समानुपातिक सांसद्हरू, जिल्ला समन्वय प्रमुख, खोटाङ जिल्लाका स्थानीय तहका प्रमुखहरू, क्याम्पस सञ्चालक समितिका पूर्व अध्यक्षहरू, पूर्व क्याम्पस प्रमुख, वर्तमान क्याम्पस प्रमुख, वर्तमान सहायक-क्याम्पस प्रमुख, प्राध्यापक सङ्घ क्याम्पस एकाइका अध्यक्ष र सचिव, संस्थापक वा निजका सन्तति, शिक्षाप्रेमी, समाजसेवी, अभिभावक, क्याम्पसलाई योगदान दिने जग्गादाता र चन्दादाताहरू वा निजका सन्ततिहरू, खोटाङ उद्योग वाणिज्य सङ्घको प्रतिनिधि, क्याम्पस इकाइ कर्मचारी सङ्घको अध्यक्ष, स्वतन्त्र विद्यार्थी युनियनका सभापति र सचिव र क्याम्पसको पूर्व विद्यार्थी संगठनको संयोजक हुने व्यवस्था रहेको छ । यस सभाको मुख्य कार्य भनेको सञ्चालक समितिको गठन गर्ने, क्याम्पसको वार्षिक नीति तथा कार्यक्रम र बजेट पारित गर्ने र क्याम्पस संचालनको लागि सञ्चालक समितिलाई परामर्श, सल्लाह र सुझाव दिनु रहेको छ। साथै यस सभाको बैठक विधानतः वर्षको एकपटक बस्ने प्रावधान रहेको छ।

## क्याम्पस सञ्चालक समिति :

दिक्तेल बहुमुखी क्याम्पसको सञ्चालक समिति क्याम्पस सञ्चालन विधान २०७५ (प्रथम संशोधन २०७९) को परिच्छेद ३ को दफा १२ अनुसार गठन गरिएको छ, हाल अध्यक्ष र उप-अध्यक्ष सहित १७ सदस्यीय सञ्चालक समिति रहेको छ। यो समितिमा ६ जना पदेन सदस्यहरू रहेका छन्। सञ्चालक समितिको विवरण तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका : १**

क्याम्पस सञ्चालक समिति विवरण

| क्र.स. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | दुर्गाजयन्ती राई | अध्यक्ष | |
| २ | कुमार आचार्य | उप-अध्यक्ष | |
| ३ | प्रकाशकुमार श्रेष्ठ | सदस्य | |
| ४ | ध्यानबहादुर राई | सदस्य | |
| ५ | दिनेशकुमार घिमिरे | सदस्य | |
| ६ | रामबहादुर बजगाई | सदस्य | |

| | | | |
|---|---|---|---|
| ७ | टिका खत्री | सदस्य | |
| ८ | नैनबहादुर कटुवाल | सदस्य | |
| ९ | कविकुमार राई | सदस्य | |
| १० | दिपक टठाल | सदस्य | |
| ११ | झुलेन्द्र वि.क. | सदस्य | |
| १२ | तीर्थराज भट्टराई | सदस्य | नगरप्रमुख, दिक्तेलरु.म. न.पा. |
| १३ | धुव्रविक्रम राई | सदस्य | दिक्तेलरु.म. न.पा.-२, वडा अध्यक्ष |
| १४ | उत्तमसिं राई | सदस्य | त्रि.वि. प्रतिनिधि |
| १५ | राजनप्रसाद आचार्य | सदस्य | खो.उ.वा. सङ्घ, अध्यक्ष |
| १६ | लालप्रसाद घिमिरे | सदस्य | प्राध्यपक सङ्घ, अध्यक्ष |
| १७ | कृष्णबहादुर राई | सदस्य सचिव | क्याम्पस प्रमुख |

स्रोत : https://www.diktelcampus.edu.np/

## क्याम्पस प्रमुख तथा अन्य प्रशासकीय पदहरू :

क्याम्पसका दैनिक शैक्षिक, आर्थिक तथा प्रशासनिक कार्यहरू सञ्चालन गर्न क्याम्पस विधान २०७५ (प्रथम शंसोधन-२०७९) को परिच्छेद ४ को दफा २१ बमोजिम क्याम्पस प्रमुखको व्यवस्था गरेको छ । त्यसैगरी सोही विधानको परिच्छेद ५ को दफा २७ मा सहायक क्याम्पस प्रमुख र परिच्छेद ६ मा शिक्षण समितिको अध्यक्षको नियुक्तिको व्यवस्था गरेको छ ।

## क्याम्पसको भौतिक अवस्था :

दिक्तेल बहुमुखी क्याम्पसको सुरूवात सरस्वती मा. वि. को निश्चित कोठाहरूबाट भए तापनि हाल ३५-१-२-३ रोपनी जग्गा सहित बनेका पक्की भवनहरूमा सञ्चालित रहेको छ । वर्तमान अवस्थाको क्याम्पसको भवन, कोठा, र ट्वाइलेटको विवरण सङ्क्षेपमा तालिका २ बाट प्रष्ट्याउन सकिन्छ ।

**तालिका : २**

भवन, कोठा, र ट्वाइलेटको विवरण

| क. स. | | भवन प्रकार | भवन/ ट्वाइलेटको सङ्ख्या | कोठाको सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | एक तले भवनहरू | ऐतिहासिक भवन | १ | ९ | कक्षाकोठा |
| २ | एक तले भूकम्प प्रतिरोधी भवन | भूकम्प ब्लक | ३ | ६ | कक्षाकोठा |
| ३ | शिक्षाशास्त्र सङ्काय भवन | दुई तले पक्की भवन | १ | ४ | कक्षाकोठा |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | मानविकी सङ्काय भवन | दुई तले पक्की भवन | १ | ४ | कक्षाकोठा |
| ५ | व्यवस्थापन सङ्काय भवन | दुई तले पक्की भवन | १ | ६ | कक्षाकोठा |
| ६ | प्लस टु भवन | एक तले | १ | १ | कक्षाकोठा |
| ७ | पुस्तकालय छेउको भवन | एक तले | १ | २ | कक्षाकोठा |
| ८ | पुस्तकालय भवन | दुई तले पक्की भवन | १ | ४ र १ हल | पुस्तकालय र कम्प्यूटर ल्याब |
| ९ | नयाँ प्रशासनिक भवन | दुई तले पक्की भवन | १ | ९ र १ हल | प्रशासनिक भवन र कार्यक्रम हल |
| १० | पुरानो प्रशासनिक भवन | एक तले | १ | २ | प्रशासनिक भवन |
| ११ | क्यान्टिन भवन | एक तले | १ | १ | क्यान्टिन भवन |
| १२ | प्राथमिक उपचार भवन | एक तले | १ | ३ | प्राथमिक उपचार र स्टोर |
| १३ | पुरानो हल भवन | एक तले | १ | १ | कार्यक्रम हल |
| १४ | होस्टल भवन | एक तले | १ | ८ | २ होस्टल र अन्य जीर्ण |
| १५ | ट्वाइलेट | | २० | | छात्र,छात्रा र स्टाफलाई अलग अलग |

स्रोतः *Annual Report, 2081* र क्याम्पस अभिलेख

तालिका २ अनुसार हाल यस क्याम्पसमा १६ वटा भवनहरू रहेका छन् जसमध्ये ९ वटा भवनहरूको ३२ वटा कोठाहरूलाई कक्षा कोठाको रूपमा प्रयोग गरिएको छ भने दुईवटा भवनका ११ वटा कोठाहरूलाई पूर्णरूपमा कार्यालय वा प्रशासनिक प्रयोजनका लागि प्रयोग गरिएका छन् र प्रशासनिक भवनको भुइँ तलाको हल र पुरानो हल भवनलाई भने कार्यक्रम हलको रूपमा प्रयोग गरिएको छ । एउटा भवन क्यान्टिनको लागि र एकवटा भवन प्राथमिक उपचार र स्टोरको रूपमा प्रयोग गरिएको छ । शौचालय छात्र र छात्राहरूका लागि अलग अलग गरी जम्मा २० वटा व्यवस्था गरिएको छ भने केही शौचालयहरू स्टाफका लागि अलगै व्यवस्था गरिएको छ ।

## फर्निचर ः

हाल विद्यार्थीहरूका लागि काठ र स्टील वा फलामले बनेका २७० जोर डेक्स बेन्च रहेका छन् भने १६६ जोर काठले बनेका डेक्स बेन्च रहेका छन् भने कार्यालयका लागि सबै प्रकारका फर्निचरहरू आवश्यकता अनुसार पूर्ण रहेका छन् ।

## कम्प्यूटर तथा विद्युतीय उपकरणहरू ः

हाल क्याम्पसले कम्प्यूटर ल्याब र ई-लाइब्रेरी संयुक्त रूपमा पुस्तकालयको माथिल्लो तलामा व्यवस्थापन गरेको छ, जहाँ ३२ वटा कम्प्यूटरहरू जडान गरिएका छन् भने १२ वटा कक्षा कोठाहरू र सम्पूर्ण कार्यालय कोठाहरूमा पनि कम्प्यूटर जडान गरी सम्पूर्ण कार्यहरू कम्प्यूटर मार्फत गरिन्छ, जसको विवरण तालिका ३ मा उल्लेख गरिएको छ ।

**तालिका : ३**

कम्प्यूटर तथा विद्युतीय उपकरणहरूको विवरण

| क्र.सं. | विवरण | कक्षा कोठामा | कम्प्यूटर ल्याब र ई-लाइबेरीमा | लाइब्रेरीको कार्यालयमा | प्रशासनिक कार्यालयमा | विभागहरूमा | हलमा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | कम्प्यूटर | १२ | ३२ | २ | ६ | ४ | १ | ५७ |
| २ | प्रिन्टर | ० | ० | २ | ६ | ४ | ० | १२ |
| ३ | प्रोजेक्टर | १२ | | | | | २ | १४ |
| ४ | सिसि टिभी/ क्यामेरा | ९ | १ | ३ | ५ | १ | ० | १९ |
| ५ | इन्टरएक्टिभ बोर्ड र स्मार्ट बोर्ड | ० | ० | ० | ० | ० | १+१ | २ |
| ६ | ल्यापटप | प्रशासनिक र लेखाका कार्यहरूमा प्रयोग भइरहेको | | | | | | ८ |

स्रोतः क्याम्पस अभिलेख

## आर्थिक अवस्था :

दिक्तेल बहुमुखी क्याम्पस सामुदायिक क्याम्पस भएकाले यसको प्रमुख र नियमित आर्थिक स्रोत विद्यार्थीबाट लिइने शूल्क मात्र हो, भने विश्व विद्यालय अनुदान आयोगबाट प्राप्त हुने विभिन्न कार्यहरूमा समावेश भई पूरा गरे बापत दिइने अनुदान अर्को महत्त्वपूर्ण स्रोत रहेको छ, साथै स्थानीय निकाय, प्रदेश सरकारहरूबाट दिइने विभिन्न कार्यक्रम र योजनाहरूका लागि प्राप्त हुने रकम पनि थप आर्थिक स्रोत हुन्, तर विद्यार्थीहरूबाट नियमित लिइने शूल्कबाट शिक्षक-कर्मचारीहरूको तलब भत्ता र दैनिक प्रशासनिक खर्च समेत अपुग भएको अवस्थामा झन् शिक्षक र कर्मचारीहरूको पुरानो बाँकी सेवा सुविधा र निवृत्त कर्मचारी र शिक्षकहरूको सेवा सुविधा प्रदान गर्न ज्यादै कठिन भएकाले क्याम्पसले थप आर्थिक स्रोतहरू पहिचान गरी आर्थिक उपार्जनका लागि दिगो उपायहरू तुरुन्तै शुरु गर्नुपर्ने देखिन्छ ।

## शैक्षिक अवस्था :

यस शिक्षा शास्त्र सङ्काय मानविकी तथा सामाजिक शास्त्र सङ्काय र व्यवस्थापन सङ्काय अन्तर्गतका विभिन्न तह र वर्षहरूमा विभन्न विषयहरू मूल विषयहरूका रूपमा पठनपाठन हुन्छन्। शिक्षा शास्त्र सङ्कायका तह र विषयहरू तालिका ४ मा दिइएको छ ।

**तालिका : ४**

शिक्षाशास्त्र सङ्कायका तह र विषयहरू

| क्र.सं. | तह | मूल विषयहरू |
|---|---|---|
| १ | स्नातक | नेपाली, अंग्रेजी, गणित, जनसङ्ख्या |
| २ | स्नातकोत्तर | नेपाली , इ.पि.एम. |

स्रोत : क्याम्पस अभिलेख

प्रत्येक विद्यार्थीले चार वर्षे बि.एड.मा डिग्री हासिल गर्न २२ वटा कोर्सहरू पास गर्नुपर्छ । जस्तैः प्रथम वर्षमा तीन वटा अनिवार्य, दुई वटा मूल (Major) विषयहरू, र एउटा Minor यी कोर्सहरूलाई अध्ययन गर्नुपर्छ भने दोस्रो वर्षमा एउटा अनिवार्य विषय, तीन वटा मूल विषय र दुई वटा Minor वियषहरू अध्ययन गर्नुपर्छ, त्यसैगरी तेस्रो वर्षमा पनि एउटा अनिवार्य विषय, तीन वटा मूल विषय र एउटा Minor वियषहरू अध्ययन गर्नुपर्छ र चौथो वर्षमा एउटा अनिवार्य, दुई वटा मूल विषय, एउटा Minor र १०० पूर्णाङ्कको शिक्षण अभ्यास गर्नुपर्छ । यसप्रकार शिक्षाशास्त्र सङ्कायको चार वर्षे स्नातकका सबै विषयहरूलाई चार प्रमुख समूहहरूमा विभाजन गरिएको छ ।

स्नातकोत्तर तहमा विद्यार्थीहरूले कूल ६६ क्रेडिट घण्टा अध्ययन गर्नुपर्छ जसमा पहिलो तीन सेमेस्टरको लागि १८ क्रेडिट घण्टा र चौथो सेमेस्टरको लागि १५ क्रेडिट घण्टा छुट्याइएको छ । यस क्याम्पसमा स्नाकोत्तर तहमा शैक्षिक योजना र व्यवस्थापन (Educational Planning and Management [EPM]) र नेपाली मूल विषयहरूका रूपमा पठन-पाठन गराइन्छ ।

**तालिका : ५**

मानविक तथा सामाजिक शास्त्र सङ्कायका तह र विषयहरू :

| **क्र.सं.** | **तह** | **मूल विषयहरू** |
|---|---|---|
| १ | स्नातक | नेपाली, अंग्रेजी, अर्थशास्त्र, समाजशास्त्र, राजनीतिक शास्त्र, सामाजिक कार्य |
| २ | स्नातकोत्तर | नेपाली , समाजशास्त्र |

स्रोत : क्याम्पस अभिलेख

यस क्याम्पसले यस तहका विद्यार्थीहरूलाई छनौट गर्न ६ विशेषज्ञता क्षेत्रहरू (Specialization areas) प्रदान गर्दछः नेपाली, अंग्रेजी, अर्थशास्त्र, राजनीतिक शास्त्र, सामाजिक कार्य, र समाजशास्त्र।यस प्रकार चार मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा चार वर्षे कोर्स २००० पूर्णाङ्कको हुन्छ । (प्रत्येक वर्ष ५०० अङ्कभारका विषयहरू) र विद्यार्थीहरूले आफ्नो प्रमुख विषयको रूपमा ७०० अङ्कका दुई विषयहरू र ऐच्छिक विषयको रूपमा १०० अङ्कका दुई विषयहरू छनौट गर्न सक्छन् । यसमा तीन अनिवार्य विषयहरू हुने छन् र तिनीहरू अंग्रेजी, नेपाली र नेपाल अध्ययन हुन्।

सेमेस्टर प्रणाली अन्तर्गत नेपाली र समाजशास्त्र मा एम.ए. दुई वर्षे कार्यक्रम हो जसमा चार सेमेस्टरहरू रहेका छन् । विद्यार्थीहरूले मुख्य पाठ्यक्रमहरूसँग सम्बन्धित विभिन्न अनिवार्य पत्रहरू मार्फत जानुपर्ने छ र विभिन्न प्रकारका वैकल्पिक पत्रहरूबाट विशेष पाठ्यक्रमहरू छनौट गर्न सक्नेछन् पहिलो दुई सेमेस्टरहरूमा अनिवार्य पत्रहरू हुन्छन् भने विद्यार्थीहरूले तेस्रो र चौथो सेमेस्टरमा विशेष पाठ्यक्रमहरूमध्येबाट छनौट गर्ने अवसर पाउने छन् ।

**तालिका : ६**

व्यवस्थापन सङ्कायका तह र विषयहरू

| क्र.सं. | तह | मूल विषयहरू |
|---|---|---|
| १ | स्नातक | लेखा, बजारशास्त्र, व्यवस्थापन, वित्तशास्त्र |

स्रोत : क्याम्पस अभिलेख

व्यवस्थापन सङ्कायको स्नातक तहको पाठयक्रमले विद्यार्थीहरूमा सामान्य लेखा व्यवस्थापन, मार्केटिङ व्यवस्थापन, वित्त लेखा, र व्यवस्थापन विज्ञानमा विशेषज्ञतः हासिल गराउन जोड दिएको छ ।

## विद्यार्थी भर्ना दर :

हालका वर्षहरूमा नेपालका अधिकांश उच्च शैक्षिक संस्थाहरूमा विद्यार्थी भर्ना दर घटिरहेको छ । त्यसमा पनि दुर्गम र पहाडी क्षेत्रका उच्च शैक्षिक संस्थाहरू यसको प्रत्यक्ष मारमा छन् । जुन कुराबाट दिक्तेल बहुमुखी क्याम्पस पनि अछुत छैन । त्यसैले हालका वर्षहरूमा विद्यार्थी भर्ना दरमा घटबढ भइरहेको छ र तालिका ७ ले शैक्षिक सत्र २०८०/०८१ को विद्यार्थी भर्नालाई देखाएको छ ।

**तालिका : ७**

२०८०/०८१ को विद्यार्थी भर्ना दर

| वर्ष/सेमेस्टर | विभिन्न तहमा विद्यार्थी भर्ना | | | | | कूल विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | बि.एड. | बि.ए. | बी.बी.एस | एम.ए. | एम. एड. | |
| प्रथम | ७१ | ५४ | १७ | २८ | १९ | |
| दोस्रो | ५८ | ३५ | ३७ | ० | ० | |
| तेस्रो | ७२ | ६७ | ३६ | १३ | ० | |
| चौथो | ६२ | ७२ | ४२ | ० | ११ | |
| जम्मा | २६३ | २२८ | १३२ | ४१ | ३० | ६९४ |

स्रोत : *Annual Report, 2081*

तालिका ७ अनुसार शिक्षा शास्त्र सङ्कायका तह र वर्षहरूमा २६३ मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा २२८ र व्यवस्थापन सङ्कायमा १३२ गरी जम्मा ६९४ विद्यार्थीहरू अध्ययनरत देखिन्छन् । साथै तालिका ८ ले शैक्षिक सत्र २०८१/०८२ को विद्यार्थी भर्नालाई देखाउन कोशिस गरेको छ ।

**तालिका : ८**

शैक्षिक सत्र २०८१/०८२ को विद्यार्थी भर्ना दर

| वर्ष/सेमेस्टर | विभिन्न तहमा विद्यार्थी भर्ना | | | | | कुल विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | बि.एड. | बि.ए. | बी.बी.एस | एम.ए. | एम. एड | |
| प्रथम | ८८ | ४४ | ३४ | | | |
| दोस्रो | ५९ | ५२ | १६ | २ | १२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तेस्रो | ५३ | २८ | २८ | २९ | १९ | |
| चौथो | ५९ | ७२ | ४३ | १८ | | |
| जम्मा | २५९ | १९६ | १२१ | ४९ | ३१ | ६५६ |

स्रोत : क्याम्पस अभिलेख

तालिका ८ अनुसार शैक्षिक सत्र २०८१/०८२ मा जम्मा ६५६ विद्यार्थीहरू भर्ना भएको देखिन्छ भने स्नाकोत्तर प्रथम वर्षमा नयाँ विद्यार्थीहरू भर्ना हुन बाँकी देखिन्छ जसले गर्दा केही विद्यार्थी सङ्ख्या बढ्ने सम्भावना देखिन्छ। स्नाकोत्तर चौथो सेमेस्टरका विद्यार्थीहरू बोर्डको परीक्षामा सामेल भइसकेकोले यस तालिकामा समावेश गरिएको छैन्।

## विद्यार्थी उत्तीर्ण दर :

दिक्तेल बहुमुखी क्याम्पसमा मुख्यतया तीन सङ्काय अन्तर्गत स्नातक तह पठन-पाठन हुन्छ भने दुईवटा सङ्कायका स्नाकोत्तर कक्षाहरू सञ्चालन रहेको छ, र उत्तीर्ण दर सङ्काय, तह र वर्ष अनुसार फरक रहेको छ। उत्तीर्ण दर पछिल्लो वर्षमा केही सुधार भएको देखिन्छ, जुन कुरा शैक्षिक सत्र २०७९/०८० र शैक्षिक सत्र २०८०/०८१ को बि.ए. प्रथम वर्ष र बि.एड. प्रथम वर्षको नतिजाले पुष्टाइ गरेको छ। शैक्षिक सत्र २०७९/०८० र शैक्षिक सत्र २०८०/०८१ को बि.ए. प्रथम वर्ष र बि.एड. प्रथम वर्षको तुलनात्मक विश्लेषण तालिका ९ मा देखाइएको छ।

**तालिका : ९**

बि.ए. प्रथम वर्ष र बि.एड. प्रथम वर्षको तुलनात्मक विश्लेषण तालिका

| सङ्काय | तह | २०७९/०८० को उत्तीर्ण प्रतिशत | २०८०/०८१ को उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | बि.ए. प्रथम वर्ष | १५.००% | ४०.००% |
| शिक्षा शास्त्र | बि.एड. प्रथम वर्ष | २.१२४% | २०.६८% |

स्रोत : *Annual Report, 2081*

तालिका ९ अनुसार बि.ए. प्रथम वर्षमा १५.०० प्रतिशत विद्यार्थीहरू २०७९/०८० को शैक्षिक सत्रमा उत्तीर्ण भएका छन् भने २०८०/०८१ को शैक्षिक सत्रमा ४०.०० प्रतिशत उत्तीर्ण भएको देखिन्छ। त्यसैगरी शैक्षिक सत्र २०७९/०८० मा बि.एड. प्रथम वर्षमा पनि २.१२४ प्रतिशत विद्यार्थीहरूले उत्तीर्ण गरेका छन् भने शैक्षिक सत्र २०८०/०८१ मा २०.६८ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण भएका छन्। शैक्षिक सत्र २०८०/०८१ मा स्नातक र स्नाकोत्तर तहको प्रथम र दोस्रो वर्षको परीक्षामा सामेल भएका र उत्तीर्ण भएका विद्यार्थीहरू सङ्ख्या तालिका १० मा देखाइएको छ।

**तालिका : १०**

शैक्षिक सत्र २०८०/०८१ मा स्नातक र स्नाकोत्तर तहको प्रथम र दोस्रो वर्षको परीक्षामा सामेल भएका विद्यार्थीहरू

<table>
<tr><th rowspan="3">वर्ष/सेमेस्टर</th><th colspan="8">विभिन्न तहमा विद्यार्थी भर्ना</th></tr>
<tr><th colspan="2">बि.एड.</th><th colspan="2">बि.ए.</th><th colspan="2">बि.बि.एस.</th><th colspan="2">एम.ए.</th></tr>
<tr><th>परीक्षामा सामेल भएका विद्यार्थीहरूको सङ्ख्या</th><th>उत्तीर्ण</th><th>परीक्षामा सामेल भएका विद्यार्थीहरूको सङ्ख्या</th><th>उत्तीर्ण</th><th>परीक्षामा सामेल भएका विद्यार्थीहरूको सङ्ख्या</th><th>उत्तीर्ण</th><th>परीक्षामा सामेल भएका विद्यार्थीहरूको सङ्ख्या</th><th>उत्तीर्ण</th></tr>
<tr><td>प्रथम</td><td>५८</td><td>१२</td><td>३५</td><td>१४</td><td>३७</td><td>४</td><td>०</td><td>०</td></tr>
<tr><td>दोस्रो</td><td>७२</td><td>१३</td><td>६६</td><td>२०</td><td>३६</td><td>११</td><td>११</td><td>११</td></tr>
</table>

स्रोतः Annual Report, 2081

तालिका १० अनुसार बि. ए. प्रथम वर्षमा १४ (४०%) र बि.ए. दोस्रो वर्षमा २० (३०%) विद्यार्थीहरू उत्तीर्ण भएका छन् , भने बि.एड. प्रथम वर्षमा १२ (२०.६८%) र बि.एड. दोस्रो वर्षमा १३ (१८.०५%) विद्यार्थीहरू उत्तीर्ण भएका छन् भने बि.एड. तेस्रो र चौथो वर्षहरूका नतिजा प्रकाशन भएको छैन् । एम.ए. दोस्रो सेमेस्टरमा ११ जना र .ए. चौथोमा १७ जना विद्यार्थीहरू उत्तीर्ण भएका छन् भने प्रथम सेमेस्टर र तेस्रो सेमेस्टरका विद्यार्थीहरूको नतिजा प्रकाशन भएको छैन तर यो शैक्षिक सत्रमा एम.एड.मा कुनै पनि विद्यार्थीहरू परीक्षामा सामेल भएका छैनन् ।

## सङ्काय तथा विभागहरू :

यस क्याम्पसमा हाल तीन वटा सङ्कायहरू रहेका छन् : शिक्षा शास्त्र सङ्काय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय र व्यवस्थापन सङ्काय। शिक्षा शास्त्र सङ्काय अन्तर्गत स्नातक तहदेखि स्नाकोत्तर तहसम्म पठन पाठन हुन्छ । स्नातक तहमा मूल विषयहरूका रूपमा अंग्रेजी, नेपाली, गणित, र जनसङ्ख्या शिक्षाहरू पढाइन्छन् भने स्नाकोत्तर तहमा शैक्षिक योजना र व्यवस्थापन (Educational Planning and Management [EPM]) र नेपाली विषयहरूको पठन पाठन हुन्छन् ।

मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पनि स्नातक तहदेखि स्नाकोत्तर तहसम्म पठन-पाठन हुन्छ । स्नातक तहमा मूल विषयहरूमा समाजशास्त्र, राजनीतिशास्त्र, सामाजिक कार्य, नेपाली, अर्थशास्त्र, र अंग्रेजी पढाइ हुन्छ भने स्नाकोत्तर तहमा समाजशास्त्र र नेपाली विषयहरूको पठन पाठन हुन्छन्, तर व्यवस्थापन सङ्काय अन्तर्गत भने स्नातक तहसम्म मात्र पठन पाठन हुन्छ ।

## मानव संसाधन :

दिक्तेल बहुमुखी क्याम्पसको कार्यरत जनशक्तिलाई शैक्षिक र प्रशासनिकमा विभक्त गरिएको छ । दिक्तेल बहुमुखी क्याम्पसमा तीन वटा सङ्कायहरू रहेका छन् । यी सङ्कायहरूमा अनिवार्य विषयहरू, ऐच्छिक र थप ऐच्छिक विषयहरू पठन पाठन हुने भएकाले यी विषयहरूलाई आवश्यक शैक्षिक जनशक्तिहरू नियमित, दक्ष र अनुभवी प्राध्यापकहरू रहेका छन् । जसलाई अनुसूची १ मा दिइएको छ ।

क्याम्पसको प्रशासनिक क्षेत्रलाई मुख्यतया परीक्षा शाखा, लेखा शाखा, प्रशासन शाखा, पुस्तकालय शाखा, रिसेप्सन शाखा, स्टोर शाखा, रजिस्ट्रेशन शाखा, र शिक्षा व्यवस्थापन सूचना प्रणाली (Education Management Information System [EMIS]) रहेका छन् तथापि दुई जना स्थायी र नियमित कर्मचारी, तीन जना करार र एक जना आंशिक कर्मचारीहरूबाट सम्पूर्ण प्रशासनिक कार्यहरू सम्पादन गर्ने गरिएको छ । कर्मचारीहरू अनुसूची २ मा दिइएको छ । अर्को तर्फ कार्यालय सहयोगीको रूपमा एक जना स्थायी र एक जना दैनिक ज्यालादारीमा कार्यरत रहेका छन् । शौचालय सरसफाइका लागि ज्यालादारीमा हप्तामा एक दिन सफाइ गर्ने गरी एक कर्मचारी रहेको छ भने पाले नभएकोले विदाको बेलामा क्याम्पसको सुरक्षामा चुनौती रहेको छ । क्याम्पसको सम्पूर्ण कामहरूलाई सहजता साथ गर्न केही कर्मचारीहरू, पाले, र मालीको आवश्यकता भए तापनि क्याम्पसको आर्थिक अवस्थाले गर्दा धान्न नसक्ने भएकोले थोरै कर्मचारीहरूबाट क्याम्पसका सम्पूर्ण कामहरू गर्ने र गराउने गरिएको छ ।

## क्याम्पसको भावी कार्यक्रमहरू :

क्याम्पसलाई उच्च गुणस्तरीय शैक्षिक संस्था बनाउन भौतिक, आर्थिक, शैक्षिक, र सामाजिक पक्षहरूलाई मजबुत र सबल बनाउने काम प्राथमिक कार्य रूपमा रहेको छ, जसका लागि परम्परागत शिक्षण विधिलाई विस्थापन गरी आधुनिक र नवीनतम विधिहरूबाट शिक्षण र सिकाइ प्रक्रियाहरूलाई लागू गर्नु पर्ने देखिन्छ । यस प्रकार क्याम्पसका सम्भावित भावी कार्यक्रमहरू यी विविध क्षेत्रको विकास र सबलीकरणहरूसँग सम्बन्धित रहेका हुन्छन्, र तिनीहरूलाई सङ्क्षेपमा निम्नानुसार चर्चा गरिएको छ –

क्याम्पसको शैक्षिक, भौतिक, आर्थिक लगायत अन्य पक्षहरूमा गुणस्तर कायम गर्दै स्थानीय मौलिक परम्पराहरूको जगेर्ना गर्ने, साथै संस्कार र संस्कृतिसहितको गुणस्तरीय शिक्षा दिने शैक्षिक केन्द्रको रूपमा क्याम्पसलाई विकास गर्ने,

- समयानुकूल र जीवनोपयोगी विषयहरू थप गर्ने साथै क्याम्पसको स्तरीकृत गर्ने,
- परम्परागत शिक्षण विधि र साधनहरूलाई हटाउँदै आधुनिक विधि र साधनहरूको प्रयोग गरी गुणास्तरीय शिक्षा दिइनुका साथै विद्यार्थीहरूलाई पर्याप्त गृहकार्य, कक्षाकार्य, आन्तरिक परीक्षा, क्षेत्र भ्रमण, सहपाठी शिक्षण, रिमेडियल शिक्षण र अनलाइन शिक्षण दक्ष तथा सक्षम विज्ञहरूबाट सञ्चालन गरी सीपयुक्त विद्यार्थीहरू उत्पादनमा जोड दिने,
- आवश्यकताको आधारमा नन क्रेडिट कोर्सहरूको कक्षा व्यवस्थान गरी सञ्चालनगरी विद्यार्थीहरूको ज्ञान र सीप बढाउने वातावरण तयार गर्ने,
- आर्थिक पारदर्शिता र मितव्ययिता कायम गर्दै दिगो आय आर्जनको स्रोतहरू पहिचान गर्ने र दीर्घकालीन आर्थिक योजनाहरूको शुभारम्भ गर्ने,
- सङ्घ/संस्था, समुदाय तथा विभिन्न क्षेत्रका व्यक्तिहरूसँग आर्थिक उपार्जनका लागि सहकार्य गर्नुका साथै आन्तरिक स्रोत वृद्धि गर्न नगदे बोट विरुवाहरू क्याम्पसको खाली रहेका जग्गाहरू रोप्ने ,

- क्याम्पसको कक्षाकोठा, भवन र जग्गाहरूलाई आर्थिक उपार्जनको लागि उपयोग गरिने,
- क्याम्पसको सबै प्रकारका भौतिक संरचनाहरूलाई सिकाइ मैत्री, सुरक्षित र वातावरण मैत्री बनाउने, साथै क्याम्पसलाई आकर्षक शैक्षिक गन्तव्य तथा कार्य स्थल बनाउने,
- क्याम्पसलाई नव परावर्तन र अनुसन्धानको महत्त्वपूर्ण केन्द्रको रूपमा विकास गर्ने,
- विद्यार्थी भर्ना दर बढाउने, drop out घटाउने र उत्तीर्ण दर बढाउने,
- पुस्तकालयमा आधुनिक प्रविधिको प्रयोग गर्ने साथै विद्युतीय स्रोत साधनहरूलाई बढवा दिने,
- क्याम्पसमा शुद्ध र प्रचुर पिउने पानीको व्यवस्था गर्ने,
- शिक्षक-कर्मचारीहरूको वृत्ति विकास सम्बन्धी तालिम र बढुवाहरू व्यवस्था गर्ने,
- क्याम्पसलाई यस क्षेत्रको मानक शैक्षिक संस्था वा विश्वविद्यालय बनाउन आवश्यक पर्ने पूर्वाधारहरूको विकास गर्न निरन्तर कार्य गर्ने,

क्याम्पसको भावी कार्यक्रमहरू मुख्यतया दीर्घकालीन र तत्कालीन गरी दुई प्रकारका छन् र ती सबै कार्यक्रमहरूलाई विस्तृत रूपमा उल्लेख गर्न असम्भव भएकोले सङ्क्षेपमा प्रस्तुत गर्ने जमर्को मात्र गरिएको छ ।

## अवसर, सम्भावना तथा चुनौतीहरू :

दिक्तेल बहुमुखी क्याम्पस खोटाङ जस्तो बहुजातीय र बहुभाषी समुदाय बसोवास गर्ने जिल्लाको सदरमुकाममा अवस्थित क्याम्पस भएकोले विभिन्न जातजातिहरूका भाषा, संस्कार तथा संस्कृतिले परिपूर्ण रहेको छ । यस क्याम्पसको उन्नति र प्रगति भनेकै यी सम्पूर्ण भाषा, संस्कार तथा संस्कृति अध्ययन र अनुसन्धान केन्द्रको रूपमा क्याम्पसलाई विकास गर्ने अथवा विश्वविद्यालय वा उच्च शैक्षिक संस्था बनाउनुमा रहेको छ । नेपालमा बोलिने १२४ मातृभाषा मध्ये खोटाङ जिल्लामा मात्रै १२ वटा भाषाहरू बोलिन्छन् (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२५) । अर्को तर्फ विभिन्न धर्मालम्बीहरू बसोवास गरेको पाइन्छ । त्यसैले क्याम्पसलाई गुणास्तरीय शिक्षा दिने क्याम्पस बनाउने हो भने क्याम्पसलाई यो क्षेत्रको नमूना क्याम्पस बनाउन सकिन्छ । अर्को तर्फ सबैभन्दा बढी चाम्लिङ भाषा (३४,१०६) (Rai, 2017, p. 6) बोलिने जिल्ला पनि यही भएकोले यस क्याम्पसलाई चाम्लिङ भाषाको अध्ययन र संरक्षणका लागि चाम्लिङ भाषा अध्ययन गराइने विश्वविद्यालयको रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

यस क्याम्पसको सबैभन्दा प्रमुख चुनौती भनेको नै आर्थिक समस्या हो । क्याम्पसको मुख्य आर्थिक स्रोत भनेको नै विद्यार्थीहरूबाट सङ्कलन गरिने शुल्क हो भने केही मात्रमा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त सिमित अनुदान हो । स्थानीय, प्रदेश र सङ्घीय सरकारहरूबाट नगन्य रूपमा प्राप्त हुने केही भौतिक अनुदानहरू रहेका छन् ।

विश्वविद्यालयले नयाँ विषय थपका लागि आवेदन नखोल्ने र खोलिहाले पनि सीपयुक्त र युगीन विषयहरूको सम्बोधन नखोल्ने भएकोले उही पुराना र पराम्परागत विषयहरू पठन-पाठन

गराउनु पर्ने बाध्यता रहेको छ भने आर्थिक अभावका कारणले भएका विषयहरूका लागि पनि योग्य, दक्ष र अनुभवी प्राध्यापकहरूको पर्याप्त व्यवस्था गर्नु नसक्नु रहेको छ ।

## समाधानका उपयाहरू :

यस क्याम्पसलाई गुणास्तरीय शिक्षा दिने सबल उच्च शैक्षिक संस्था बनाउनु मुख्य चुनौती हो र यसको लागि क्याम्पसको चौतर्फी विकास हुन आवश्यक छ । जसका लागि आर्थिक, भौतिक, प्रशासनिक, शैक्षिक, सांस्कृतिक, सामाजिक, र मानवीय संसाधनको मुख्यतया विकास हुनुपर्दछ। यी सबै कार्यहरू पूरा गर्न क्याम्पस सञ्चालक समिति, क्याम्पस प्रशासन, प्राध्यापकहरू, कर्मचारीहरू, स्थानीय सरकार, प्रदेश सरकार, साथै सङ्घीय सरकार र क्याम्पससँग सरोकार सबै व्यक्ति तथा समुदायहरूको निस्वार्थ त्याग र योगदानको आवश्यकता छ साथै विश्वविद्यालयको नीति तथा कार्यक्रममा पनि समयानुकूल परिर्वतन र परिमार्जनको खाँचो देखिन्छ ।

क्याम्पसमा भएका सबै प्रकारका स्रोत साधनहरूलाई तत्कालिक रूपमा मितव्ययी ढङ्गले परिचालन गरेर क्याम्पसको भौतिक, शैक्षिक, वातावरणीय सौन्दर्य र अन्य पक्षहरूमा सुधार ल्याउन सकिन्छ। यसका लागि आर्थिक, प्रशासनिक, शैक्षिक, तथा साँस्कृतिक अनुशासनको आवश्यक देखिन्छ।

## निष्कर्ष :

क्याम्पस एउटा शैक्षिक संस्था भएकोले यसको मूल ध्येय भनेकै उच्च स्तरको गुणस्तरीय शिक्षा दिनु हो र अन्य पक्षहरू भनेको यसका सहायक तथा अधीनस्थ पक्षहरू मात्र हुन् । दिक्तेल बहुमुखी क्याम्पस कोशी प्रदेशको पहाडी भेगमा सामुदायिक क्याम्पसहरूमा विश्वविद्यालय अनुदान आयोगबाट QAA प्रदान गरिएको दोस्रो महत्त्वपूर्ण सामुदायिक क्याम्पस हो। हाल यो क्याम्पस गुणस्तर अभिवृद्धिसँग सम्बन्धी कार्यहरू गरिरहेको हुनाले शैक्षिक, भौतिक, सामाजिक, वातावरणीय सौन्दर्यकरण, आर्थिक, अनुसन्धान क्षेत्रहरूमा गुणस्तर कायम गर्नु क्याम्पसको मूल दायित्व हो ।

## सन्दर्भ सामग्रीहरू :

थुलुङ, बमबहादुर, (२०५८), क्याम्पसका कुरा , नयाँ कदम, वर्ष २१, अङ्क ४, दिक्तेल बहुमुखी क्याम्पस ।

राई, हिराकुमार (२०८०), दिक्तेल बहुमुखी क्याम्पसको प्रतिवेदन, नयाँ कदम, वर्ष ४३, अङ्क १४, दिक्तेल बहुमुखी क्याम्पस ।

Diktel Multiple Campus (2081). Annual report: Diktel Multiple campus, 2081 B.S.

राष्ट्रिय तथ्याङ्क कार्यालय, (२०२५). राष्ट्रिय जनसङ्ख्या तथा आवास जनगणना २०२१: नेपालमा भाषाहरू।

Rai, T. M. (2017). A sociolinguistic survey of ChamlingM A Tibeto–Burman language. Central Department of Linguistics Tribhuvan University, Kathmandu, Nepal

# अनुसूची : १

शिक्षा शास्त्र सङ्कायमा कार्यरत प्राध्यापकहरूको विवरण

| क्र.सं. | नाम | पद | सेवा | विषय |
|---|---|---|---|---|
| १ | कृष्णबहादुर राई | क्याम्पस प्रमुख/सह-प्राध्यापक वा सो सरह | स्थायी | अंग्रेजी |
| २ | रामप्रसाद राई | सह-प्राध्यापक वा सो सरह | स्थायी | नेपाली |
| ३ | धनकर्ण श्रेष्ठ | सह-प्राध्यापक वा सो सरह | स्थायी | नेपाली |
| ४ | लालप्रसाद घिमिरे | उप-प्राध्यापक | स्थायी | अंग्रेजी |
| ५ | पदमबहादुर विष्ट क्षेत्री | शिक्षा सङ्काय अध्यक्ष/उप-प्राध्यापक | स्थायी | गणित |
| ६ | श्याम कुमार राई | सहायक प्राध्यापक | स्थायी | अंग्रेजी |
| ७ | लिला बहादुर खत्री | उप-प्राध्यापक | करार | जनसङ्ख्या |
| ८ | पार्जुन राई | सहायक प्राध्यापक | करार | नेपाली |
| ९ | नइन्द्रकुमार खत्री | सहायक प्राध्यापक | करार | नेपाली |
| १० | चित्रकुमार सुवेदी | सहायक प्राध्यापक | करार | इपिएम् |
| ११ | सन्जीत राई | सहायक प्राध्यापक | करार | इपिएम् |

मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा कार्यरत प्राध्यापकहरूको विवरण

| क्र.सं. | नाम | पद | सेवा | विषय |
|---|---|---|---|---|
| १ | हिराकुमार राई | सह-प्राध्यापक (वा सो सरह) | स्थायी | राजनीति शास्त्र र कानून |
| २ | विमला राई | उप-प्राध्यापक | स्थायी | अंग्रेजी |
| ३ | देवकुमार राई | सङ्काय अध्यक्ष/सहायक प्राध्यापक | अस्थायी | समाजशास्त्र |
| ४ | वेदीकुमार राई | सहायक प्राध्यापक | करार | नेपाली |
| ५ | कृष्णबहादुर गरूङ्ग | सहायक प्राध्यापक | करार | सामाजिक कार्य |
| ६ | कृष्णबहादुर राई | सहायक प्राध्यापक | करार | कानून |
| ७ | कल्पना राई | सहायक प्राध्यापक | करार | समाजशास्त्र |
| ८ | लक्ष्मीकुमार राई | सहायक प्राध्यापक | करार | राजनीति शास्त्र/ कानून |
| ९ | मीनकुमार दाहाल | सहायक प्राध्यापक | करार | अर्थशास्त्र |
| १० | सुवासचन्द्र राइ | सहायक प्राध्यापक | करार | अर्थशास्त्र/कानून |

| | | | | |
|---|---|---|---|---|
| ११ | धुव्र श्रेष्ठ | सहायक प्राध्यापक | आंशिक | समाजशास्त्र |

**व्यवस्थापन सङ्कायमा कार्यरत प्राध्यापकहरूको विवरण**

| **क्र.सं.** | **नाम** | **पद** | **सेवा** | **विषय** |
|---|---|---|---|---|
| १ | हर्कवीर राई | सहायक क्याम्पस प्रमुख/सह-प्राध्यापक (वा सो सरह) | स्थायी | व्यवस्थापन |
| २ | विजयकुमार राई | सङ्काय अध्यक्ष/उप-प्राध्यापक | स्थायी | व्यवस्थापन |
| ३ | रविन सुनुवार | सहायक प्राध्यापक | करार | अंग्रेजी |
| ४ | शंकर थापा | सहायक प्राध्यापक | करार | व्यवस्थापन |
| ५ | सन्जीव थापा | प्रिन्सिपल/सहायक प्राध्यापक | करार | व्यवस्थापन |

## अनुसूची : २

कार्यरत कर्मचारीहरूको विवरण

| **क्र.सं.** | **नाम** | **पद** | **सेवा** | **फाँट** |
|---|---|---|---|---|
| १ | चुडाबहादुर कार्की | लेखापाल/नायव सुब्बा | स्थायी | लेखा |
| २ | गोपाल दाहाल | बुक चेकर | स्थायी | पुस्तकालय |
| ३ | सन्जीव खड्का | सहायक कम्प्यूटर अपरेटर | अस्थायी करार | EMIS |
| ४ | रामचन्द्र राई | खरिदार | करार | परीक्षा |
| ५ | मिलनचन्द्र राइ | सहायक कम्प्यूटर अपरेटर | अस्थायी करार | पुस्तकालय |
| ६ | वेदमाया बस्नेत | रिसेप्सनिष्ट | अस्थायी करार | रिसेप्सन/ प्रशासन |
| ७ | धनबहादुर दर्जी | कार्यालय सहयोगी | स्थायी | शिक्षा सङ्काय/११ र १२ |
| ८ | देवबहादुर कार्की | कार्यालय सहयोगी | दैनिक ज्यालादारी | व्यवस्थापन/ मानविकी तथा सामाजिक शास्त्र सङ्काय |

विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर, नेपाल

# UNIVERSITY GRANTS COMMISSION

SANOTHIMI, BHAKTAPUR, NEPAL

## Certificate of Institutional Accreditation

*The University Grants Commission on the recommendation of the Educational Quality Assurance and Accreditation Council hereby duly confers the Certificate of the Institutional Accreditation to*

**DIKTEL MULTIPLE CAMPUS**

Diktel Rupakot Majhuwagadhi Municipality -02, Khotang
Koshi Province, Nepal

Prof. Dev Raj Adhikari, PhD.
Chairman

Date of UGC Board Decision : January 04, 2024 AD
Valid Up to : January 03, 2029 AD

Date of Issue : **January 26, 2024 AD**

त्रिभुवन विश्वविद्यालय

# योजना निर्देशनालय

कीर्तिपुर, काठमाडौं

## प्रमाणपत्र

श्री दिक्तेल बहुमुखी क्याम्पस
दिक्तेल, खोटाङ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त त्यस क्याम्पसले क्याम्पस सञ्चालन गर्न पेश गरेको विधान २०७५ र त्रि.वि. सम्बन्धन सम्बन्धी नियम २०७३ बमोजिम क्याम्पस सञ्चालन प्रयोजनार्थ सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसको रुपमा यो प्रमाणपत्र प्रदान गरिएको छ ।

मितिः २०८०।४।१८

प्रा.डा. ध्रुव कुमार गौतम
योजना निर्देशक



# Internal Control System and Frauds Prevention



Harka Bir Rai

*Asst. Campus Chief and Reader*

*-Diktel Multiple Campus*

## General Background :

Internal control refers the various methods and procedure adopted to control whole system in terms of financial and Non-Financial inside of an organization. It is the policies, guidelines, regulations which are established by the management to ensure the safeguards of assets, securities, accuracy of accounting and to meet the organization goal more. Internal control comprises the plan of organization and all coordinated method and measures adopted within a business to safeguard its assets, check the accuracy and reliability of its accounting data, promote operational efficiency and encourage employees to follow prescribed managerial policies.-American Institute of Certified Accountants. Internal control is the term used to describe the entire set of controls that management has put in place to ensure that a firm is run effectively and efficiently. It is a procedure created by management to offer a reassuring level of certainty on the accomplishment of the organization's goals. It comprises internal audits, checks, and other types of control. Internal control pertains to the protection of the organization's resources, verification of the accuracy goals of compliance with accounting and financial control rules (Dhakal, et.al. 2023). Management is in charge of setting up and keeping up internal controls. The primary goals of internal control are compliance with laws and regulations, effectiveness and efficiency of operations, and accurate and trustworthy financial reporting.

The entire control mechanism system is known as internal control. The subsystems that fall under internal control are internal audit and internal check. According to (Basu, 2023), internal control pertains to the diverse techniques and protocols implemented to regulate the organization's production, distribution, and overall financial and non-financial system. Internal checks are daily, ongoing processes that are part of a regular system that ensures each person's work is verified independently of another's, with the goal of preventing or detecting errors or frauds earlier (Institutes of Chartered Accountants in England and Wales). An impartial assessment of internal operations with the purpose of reviewing financial, accounting, and other. Accounting involves tracking financial transactions, measuring and reporting operations, documenting, organizing, and

condensing meaningful information related to financial activities (Sukla et al., 2021). Accounting involves recording, categorizing, and summarizing financial transactions methodically. Historical data must be analyzed and interpreted, with primary goals of maintaining organized records, calculating profit and loss, and analyzing and interpreting financial data (Koirala, et.al., 2023).

Internal control system consists of policies and procedures established and implemented by the management and the staff of an organization to gain reasonable assurance regarding the achievement of the organization's objectives (IAASB, 2009). Internal control plays an essential role in ensuring the creditability of information, effectiveness and efficiency of operations and compliance with laws and regulations (Campbell & Hartcher, 2010). According to COSO (2013), an organization's internal control comprises of control environment, risk assessment, information and communication, control activities and monitoring of control. Although internal control has its inherent limitations, a good internal control system can support management in detecting and addressing potential issues before they turn into severe problems. Asset misappropriation is a kind of fraud involving the theft of the assets of an organization by its employees, management or third parties. In the past years, there have been many asset misappropriation cases discovered among businesses. According to ACFE's global survey report on fraud and abuse in 2018, asset misappropriations schemes are the most common type of fraud, account for 89% of fraud cases discovered (ACFE, 2018

The primary interest of the outside auditor is in the first objective, accurate and reliable financial reporting which relate to the fair presentation of the financial statements being audited. The second goal, compliance with laws and regulations, is primarily relevant to compliance auditing, which may occur in connection with audits under government auditing standards (Basu ,2023). The third goal, promoting effectiveness and efficiency of operations, is of little interest to an outside auditor except in the case of rarely-performed operational audits.

Maintaining a high standard of compliance with applicable laws and regulations and producing accurate financial reporting are prerequisites for having effective internal control. But external factors like competition and technological innovation may determine whether an organization meets its operational and strategic goals. The attainment of operational and strategic objectives cannot be guaranteed by effective internal control, as these aspects fall outside its purview. Instead, it can only offer timely information or feedback on the progress made toward achieving those goals. According to the Indian Auditing and Assurance Standard, an internal control system is a set of rules and practices put in place by management of an organization to guarantee the smooth and organized operation of the company, including compliance with operational guidelines.

**Relationship between Internal Control, Internal Check and Internal Audit :**




## Basic Element of Internal Control :

An effective system of internal control should have the following basic elements:

1. **Financial and other organizational plans :** These can be manuals that are appropriately categorized using flow charts. It should outline the different roles and responsibilities of management and employees, as well as the authority that each member possesses. This is crucial because, whether intentionally or unintentionally, staff members' incorrect application of procedures could undermine the proper operation of the internal control system and the work flow in the event of staff absence.
2. **Competent Staff :** The most crucial component of any internal control system is competent staff. Even if some of the other components of the internal control system are missing, the system can still function well provided the employees are capable and productive in their designated tasks.
3. **Work Division :** This is the process of appropriately allocating tasks to the organization's employees. Every task performed by the company should be broken down into phases and distributed to staff members based on their qualifications and abilities.
**4. Distinguishing operational accountability from documentation** : There may be a propensity to falsify results in order to demonstrate improved performance if every department within a company is given the responsibility of creating its own records and reports. Therefore, the record-keeping function is isolated from the operational responsibilities of the relevant department in order to guarantee rail-able data and information.
5. **Asset custody and accounting are kept apart :** It is necessary for the custody and accounting of assets to be handled by different individuals in order to prevent abuse and theft. When one individual handles both tasks, there is a possibility that he will use the company's resources for his own benefit and alter the records to absolve himself of accountability for the resources.

निरन्तर रूपमा प्रत्येक ठीक प्रतिक्रियामा पुनर्बल प्रदान गरिएमा त्यसलाई निरन्तर पुनर्बल भनिन्छ । वा जतिपटक ठीक प्रतिक्रिया देखाउँछ, उति नै पटक पुनर्बल दिनुलाई लगातार पुनर्बल तालिका वा १००% reinforcement schedule भनिन्छ। यसबाट सिकाइको वा प्रतिक्रियाको गतिमा तिव्रता आउँछ तर पुनर्बल प्रदान गर्न रोकिएमा तीव्रतामा कमी आउँछ वा धैर्यता टुट्छ । It is an arrangement of providing reinforcement after every correct response.

**Intermittent/ partial reinforcement schedule (अनिरन्तर वा विराम वा आंशिक पुनर्बल तालिका) :**

Partial or intermittent schedule is an arrangement when sometimes we provide reinforcement and sometimes we withhold the reinforcement. It further divided into 2 types and under each type there are two sub-types

**i) Interval reinforcement schedule (अन्तराल वा समयान्तर पुनर्बल तालिका) :**

अन्तराल वा समयान्तर पुनर्बल तालिकामा समयका आधारमा पुनर्बल प्रदान गरिन्छ । It is an arrangement of giving reinforcement after an interval passage of time is more important. It is also divided in two classes

**a) Fixed interval reinforcement schedule (FIS) (निश्चित अन्तराल वा समयान्तर पुनर्बल तालिका) :**

यस तालिका अनुसार निश्चित समयपछि पुनर्बल प्रदान गरिन्छ। उदाहरण: महिनाको अन्त्यमा तलब पाउनु । तीन-तीन महिनामा परीक्षा गर्नु । व्यवहार समय नजिक हुँदा बढ्छ । In FIS the

reinforcement is presented after a prescribed interval of time. e.g. We eat at regular periods in the day. We go to work at specified time. Payment of salary on 1st of every month.

**b) Variable interval schedule (VIS) (घटबढ वा अनिश्चित अन्तराल पुनर्बल तालिका) :**

यस तालिकामा फरक-फरक समयमा पुनर्बल दिइन्छ वा अनिश्चित समयपछि पुनर्बल दिइन्छ । उदाहरण : फिसिङमा कहिलेकाहीँ माछा पर्नु, कहिले ३० मिनेटमा र कहिले २ घण्टामा पुनर्बल दिनु । यसले स्थिर र दिगो व्यवहार उत्पन्न गर्छ ।
In VIS the interval is randomly varied about some reinforcement is given soon and some time late.

**ii) Ratio reinforcement schedule (अनुपात पुनर्बल तालिका) :**

अनुपात पुनर्बल तालिकामा सहि प्रतिक्रियाको सङ्ख्याका आधारमा पुनर्बल प्रदान गरिन्छ । In this schedule, the performance of the learner is important. The learner response correctly 2 questions and he receives a chocolate. It is also divided in two classes:

**a) Fixed ratio schedule (FRS) (निश्चित अनुपात पुनर्बल तालिका) :**

निश्चित सङ्ख्याको व्यवहारपछि पुनर्बल दिइन्छ । उदाहरणः ५ वटा सामान बेचेपछि कमिसन पाउनु । यसले उच्च दरमा व्यवहार उत्पन्न गर्छ तर पुनर्बल रोक्दा व्यवहार चाँडै घट्छ । हाजिरी जवाफ कार्यक्रममा २ वटा प्रश्नको उत्तर मिलेमा पुरस्कार दिनु, ठेक्कामा काम गर्नु गराउनु ।

In FRS reinforcement is presented only after a certain number of correct response. For example, a man is paid after completing certain amount of work. Higher rate of response has been recorded in this schedule.

**b) Variable ratio schedule (VRS) (घटबढ वा अनिश्चित वा परिवर्तनशील अनुपात पुनर्बल तालिका) :**

यस तालिकामा फरक फरक सहि प्रतिक्रियामा पुनर्बल दिइन्छ वा अनिश्चित सङ्ख्याको व्यवहारपछि पुनर्बल दिइन्छ । In this arrangement, the number of responses required for a reinforcement varies around some average ratio. A steady rate of responding without breaks since there is no basis for the information of a discrimination like that under regular schedule.

**Application of reinforcement in classroom**

1) Immediate reinforcement
2) Frequent reinforcement
3) Amount of the reinforcement
4) Number of the reinforcement

## Impact of different schedules of reinforcement :

१. निरन्तर पुनर्बलले शीघ्रतापूर्वक सिकाइमा प्रभाव पार्छ, जटिल प्रकारका नयाँ कुरा सिकाउन उपयोगी तर यो निश्चित सीमासम्म मात्र दिनु उपयोगी हुन्छ र पुनर्बल नदिनासाथ सजिलै बिर्सने हुन्छ ।

२. आंशिक पुलर्बल तालिकाले विद्यार्थीलाई सधैँ सतर्क र अग्रसर बनाउँछ र निरन्तर पुनर्बल तालिकामा जस्तो शिघ्रतापूर्वक विलोप हुँदैन ।

३. अन्तराल तालिकामा भन्दा अनुपात तालिकामा प्रतिक्रियादर बढी हुन्छ । जस्तैः हाजिरामा भन्दा ठेक्कामा काम छिटो हुनु ।

४. निश्चित अनुपात तालिका छिटो कार्य सम्पादन गराउन उपयोगी हुन्छ र निरन्तर कोशिस गराउँछ । यसले उच्च दरमा व्यवहार उत्पन्न गर्छ तर पुनर्बल रोक्दा व्यवहार चाँडै घट्छ ।

५. निश्चित अनुपात र निश्चित अन्तराल तालिका अनुसार पुनर्बल प्राप्त गरिसकेपछि प्रतिक्रियाको गति ढिलो हुन्छ र अर्को पुनर्बल प्राप्त नभएसम्म क्रमशः त्यसको गतिमा तीव्रता आउँछ । जसलाई Scalloping effect भनिन्छ । जस्तैः परीक्षा सकेपछि विद्यार्थीहरू खेल्ने गर्छन र परीक्षा आउने बेलामा पढ्छन् ।

६. Variable schedule मा Scalloping effect नपर्ने हुनाले प्रतिक्रियाको दर समान हुन्छ यसले सधैँ सतर्क र अग्रसर बनाउँछ । यसले स्थिर र दिगो व्यवहार उत्पन्न गर्छ ।

## References :

Bhattarai, H.(2065). Advanced educational psychology. Ratna pustak Bhandar.

Chauhan, S.S. (1994). Advanced education psychology. New Delhi: Vikash Publication House Pvt. Ltd.

Poudel, L., Khanal, P. and Adhikari N.P. (2070). Educational psychology. Kathmandu : Sanlite publication.

Rana, S.P.J.B. (2073). Educational Psychology (2nd ed.). Kathmandu: Vidyarthi Prakashan Pvt. Ltd.

Sapkota, T. and Adhikari, S (2066). Educational psychology(4th ed.).Kathmandu: Neema Pustak prakasan.

Sharma, C. and Sharma, N. (2065). Shiksha Manobigyan. Kathmandu: M.K. Publishers and Distributers.

Shrestha, C.B., Tamang, R. and Basnyat, S. (2073). Shiksha Manobigyan. Kathmandu: Bhundi Puran Prakashan.

# आदिवासी/जनजाति समुदायहरूमा ज्ञान उत्पादन र परम्परागत ज्ञानको संरक्षण



देवकुमार राई
सहायक प्राध्यापक
turachudewa@gmail.com.

## १. प्रारम्भ :

परम्परागत ज्ञान भनेको आदिवासी र स्थानीय समुदायहरूले पुस्तौंदेखि विकास गर्दै आएको लामो समयदेखिको ज्ञान, अभ्यास र सीप हो । यो उनीहरूको साँस्कृतिक पहिचान र प्राकृतिक वातावरणसँगको अन्तरक्रियासँग नजिकबाट जोडिएको छ । मौखिक रूपमा हस्तान्तरण गरिएको, यो सामूहिक रूपमा स्वामित्वमा छ र कृषि, स्वास्थ्य, वास्तुकला, वातावरणीय व्यवस्थापन जस्ता क्षेत्रहरूमा कथा, गीत, अनुष्ठान, भाषा र परम्परागत अभ्यासहरू मार्फत व्यक्त गरिन्छ । यो ज्ञान व्यावहारिक प्रकृतिमा छ र दैनिक जीवनमा, विशेष गरी कृषि, मत्स्यपालन, स्वास्थ्यसेवा र वनमा महत्वपूर्ण भूमिका खेल्छ (Wan Talaat et al., २०१२) ।

नेपालका आदिवासी/जनजाति समुदायहरूको आ-आफ्नै विशिष्ट जीवनशैली, भाषा, संस्कृति र ज्ञान प्रणाली छन्, जुन पुस्तौंदेखि मौखिक र साँस्कृतिक अभ्यासमार्फत हस्तान्तरण हुँदै आएका छन् । आदिवासी समुदायहरू समृद्ध साँस्कृतिक र सामाजिक मूल्यमान्यतामा आधारित छन्, जसमा व्यवस्थित व्यवहार प्रणाली र सामाजिक संरचनाहरू छन् जुन उनीहरूको परम्परागत ज्ञान र स्थानीय वातावरणसँगको गहिरो सम्बन्धबाट उत्पन्न हुन्छन् । उनीहरूको विश्व दृष्टिकोणले प्रकृतिसँगको सामाञ्जस्यपूर्ण र अन्तरनिर्भर सम्बन्धलाई जोड दिन्छ, जसले एक पुस्तादेखि अर्को पुस्तासम्म विकसित दिगो पारिस्थितिक अभ्यासहरूलाई समर्थन गर्दछ ।

"परम्परागत ज्ञान प्रणाली विभिन्न जाति समुदायको फरक-फरक संस्कृति, मान्यता तथा विश्वासका कारण संरक्षित रहेको छ (तामाङ, २०७९)" । यद्यपि, विश्वव्यापी आधुनिकताको विस्तार र विश्वव्यापीकरणको शक्तिले यी लामो समयदेखि चलिआएका परम्पराहरूलाई गहिरो रूपमा बाधा पुऱ्याएको छ, जसले गर्दा धेरै आदिवासी समाजहरूमा पहिचान, रचनात्मकता र आत्म-मूल्यको भावनामा कमी आएको छ । उपनिवेशवाद र साम्राज्यवादी विचारधाराले विदेशी साँस्कृतिक ढाँचाहरूले लगाएर आदिवासी दर्शनहरूलाई अझ कमजोर बनाएको छ, जसले प्राय: आदिवासी ज्ञान प्रणालीहरूलाई बेवास्ता गर्दछ वा अवमूल्यन गर्दछ, विशेष गरी यो वातावरणीय व्यवस्थापनसँग सम्बन्धित रहेको छ । यी बाह्य प्रभावहरूले युवा पुस्ताहरूको साँस्कृतिक लगावमा योगदान पुऱ्याएको छ, तिनीहरूलाई पुर्खाहरूको परम्पराबाट टाढा राखेको छ (Berhane, २०२४) ।

यस लेखको उद्देश्य जनजातीय ज्ञान प्रणालीको प्रकृति, उत्पादन प्रक्रिया, चुनौती र संरक्षणका उपायहरूबारे विश्लेषण गर्नु हो । यसले स्थानीय ज्ञानको समकालीन महत्व र यसको पुनःस्थापनाको आवश्यकता उठान गर्छ ।

## २. आदिवासी/जनजाति समुदाय र परम्परागत ज्ञान प्रणाली :

आदिवासी वा जनजाति समुदायहरू विशिष्ट भाषा, संस्कृति र सामाजिक संरचनाले युक्त रहेका हुन्छन्, जसको दैनिक जीवन प्रकृतिसँग गहिरो सम्बन्धमा आधारित हुन्छ। यस्ता समुदायहरूसँग पुराना पुस्ताबाट सञ्चित हुँदै आएको गहन परम्परागत ज्ञानको सम्पदा पाइन्छ, जुन उनीहरूको व्यवहार, आस्था, जीवनपद्धति र प्रकृतिसँगको अन्तरक्रियाबाट उत्पन्न भएको हुन्छ ।

परम्परागत ज्ञान भन्नाले ती समुदायहरूले आफ्ना स्थानीय भूगोल, जलवायु, वनजङ्गल, जलस्रोत, माटो तथा वन्यजन्तुहरूका साथ लामो समयको अन्तर्क्रिया र अनुभवबाट आर्जन गरेका सीप, उपाय र प्रविधिहरूलाई जनाउँछ । यस्तो ज्ञान सामान्यतया मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्ने गर्छ, जसमा खेतीपाती, जडीबुटीबाट उपचार, मौसमी चक्रको पहिचान, वनको संरक्षण, साँस्कृतिक परम्परा, रीतिरिवाज, गीत, कथा र जनविश्वासजस्ता कुराहरू समावेश हुन्छन् । आदिवासी/जनजाति र परम्परागत ज्ञानको एक अर्कासँग अन्योन्याश्रित सम्बन्ध रहेको छ ।

### २.१. जीवनशैली, संस्कृति र परम्परागत ज्ञानबीचको सम्बन्ध :

आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परा रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति हो । आदिवासी समुदायहरूमा संस्कृति, सामाजिक संरचना, आर्थिक अवस्था, अन्य जाति भन्दा भिन्न जीवनशैली पाइन्छ, जससँग आफ्नै परम्परा रहेको हुन्छ । उनीहरूका पुर्खाले बसोवास गरेका देश वा प्रदेशसँग क्षेत्रीय सम्बन्ध रहन्छ । यस्ता समुदायहरूले आफ्नै विशिष्ट सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक संस्थाहरू आंशिक वा पूर्ण रूपमा सञ्चालन गरेका हुन्छन् । यद्यपि, भूमि, भौगोलिक क्षेत्र र प्राकृतिक स्रोतहरूमा उनीहरूको स्वामित्व नहुन सक्छ, तर निश्चित क्षेत्रमा ऐतिहासिक सम्बन्ध, साँस्कृतिक र भाषिक विशेषता, साथै राजनीतिक र कानुनी रूपमा सीमान्तीकरण भएको देखिन्छ (धिमाल, २०२४) ।

नेपालका आदिवासी/जनजातिहरूको जीवनशैली, संस्कृति र परम्परागत ज्ञान एक अर्कासँग अविच्छिन्न रूपमा जोडिएका छन् । देशका भिन्न-भिन्न भौगोलिक क्षेत्रमा बसोवास गर्ने यी समुदायहरूको दैनिकी प्राकृतिक वातावरणसँग प्रत्यक्ष सम्बन्धित हुन्छ । हिमाल, पहाड र तराईका आदिवासीहरूले आफ्नो भू-परिस्थिति अनुसार कृषि, पशुपालन, वनस्रोतको उपयोग, माछापालन आदि सीपहरू अँगालेका छन् । यस्ता सीप र अनुभवहरू पुस्तौँदेखि सञ्चित हुँदै आएको परम्परागत ज्ञानको आधार बनेका छन् ।

संस्कृति यी समुदायहरूको सामूहिक पहिचानको प्रमुख आधार हो । भाषा, धर्म-विश्वास, उत्सव-पर्व, नृत्य-सङ्गीत, पोशाक र मौखिक साहित्यजस्ता साँस्कृतिक अभ्यासहरू जीवनका मूल्य र मान्यतासँग गहिरो रूपमा सम्बन्धित छन् । थारू समुदायको माघी पर्व कृषि तथा आर्थिक कार्यसँग सम्बन्धित छ (रातोपाटी, २०७९) भने किराँत समुदायको साकेला कृषि कार्यसँग सम्बन्धित छ (राई, २०८०) । यसरी प्रायः नेपालका सबै आदिवासी/जनजातिहरूको संस्कृति र जीवनशैली दुवैले परम्परागत ज्ञानको संरक्षक र संवाहकका रूपमा काम गर्छन् ।

परम्परागत ज्ञान यी समुदायहरूको दैनिकीमा व्यावहारिक सीप र जीविकोपार्जनको स्रोतका रूपमा उपस्थित हुन्छ। यसमा औषधीय वनस्पतिको प्रयोग, मौसमी पूर्वानुमान, बीऊ संरक्षण, पानीको व्यवस्थापन, घर निर्माणका स्थानीय प्रविधि र वातावरण मैत्री उत्पादन प्रणाली जस्ता विषयहरू पर्छन्। गुरुङ, तामाङ, राई, लिम्बू, थारू लगायतका समुदायहरूले यस्ता सीप र ज्ञानमार्फत आफ्नो सामाजिक तथा आर्थिक सुदृढता कायम राखेका छन्।

## २.२. कृषि, जलवायु, जडीबुटी, वन व्यवस्थापन, जनस्वास्थ्य आदिमा आधारित ज्ञान :

नेपालका आदिवासी/जनजाति समुदायहरूले पुस्तौंदेखि प्रकृतिसँगको निकट सम्बन्धमार्फत कृषि, जलवायु, जडीबुटी, वन व्यवस्थापन र जनस्वास्थ्यसँग सम्बन्धित विशिष्ट ज्ञान विकास गरेका छन्। कृषि क्षेत्रमा उनीहरूले बीऊको संरक्षण, जमिनको उर्वरता कायम राख्ने परम्परागत अभ्यास, पानीको व्यवस्थापन, र मौसमअनुसार बाली परिवर्तन गर्ने प्रणाली अपनाएका छन्। जलवायु बुझ्नका लागि आकाशको रङ, चराचुरुङ्गीको बानी, र वनस्पतिको अवस्थाबाट मौसमको पूर्वानुमान गर्ने सीप प्रयोग हुँदै आएको छ। जडीबुटीको क्षेत्रमा रोग अनुसार औषधीय वनस्पतिको पहिचान, सङ्कलन र उपचारमा प्रयोग गर्ने ज्ञान विशेष महत्व राख्छ, जसले स्वास्थ्य सेवा पहुँच कम भएका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

वन व्यवस्थापन र जनस्वास्थ्यसम्बन्धी सीपमा पनि यस्ता समुदायहरूको भूमिका उल्लेखनीय छ। सामुदायिक वनको संरक्षण, उपयोगका निश्चित नियम, तथा वन्यजन्तु र वनस्पतिको बचाउका लागि साँस्कृतिकवा धार्मिक प्रतिबन्धहरू प्रभावकारी बनेका छन्। जनस्वास्थ्यका सन्दर्भमा सफाइका उपाय, पानी शुद्धिकरणका परम्परागत तरिका, पौष्टिक खानेकुराको छनोट, र रोग निवारणका घरेलु विधिहरू पुस्तौंदेखि चलनमा छन्। यस प्रकारको ज्ञानले जीविकोपार्जनलाई मात्र सघाएको छैन, प्राकृतिक स्रोतको दिगो उपयोग र स्थानीय समुदायको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न पनि महत्वपूर्ण भूमिका खेलेको छ (Gurung, १९९८; Manandhar, २००२)।

जनजातीय जीवनशैली, संस्कृति र ज्ञान प्रणाली परस्पर सम्बन्धित छन्। जस्तै, मगर, राई, थारूहरूमा कृषि, जडीबुटी, जल व्यवस्थापन, वन संरक्षण, र लोकचिकित्सा सम्बन्धी समृद्ध ज्ञान पाइन्छ। यी ज्ञानहरू गीत, किंवदन्ती, नृत्य, मौखिक इतिहास आदिका माध्यमबाट जीवित राखिएका छन्। लोकसाहित्य र लोकगायनलाई ज्ञानका महत्वपूर्ण स्रोतका रूपमा स्वीकार गर्दै तिनीहरूलाई राष्ट्रिय पहिचानका रूपमा मान्यता दिनुपर्छ। यी सम्पदालाई केवल मनोरञ्जनका रूपमा होईन, बौद्धिक र पूँजिकृत सम्पत्तिका रूपमा संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ (Bhattarai, २०२५)।

## २.३. मौखिक परम्परा, लोककथा, गीत, किंवदन्तीहरूमा रहेको ज्ञान :

नेपालका आदिवासी/जनजाति समुदायहरूमा मौखिक परम्परा, लोककथा, गीत र किंवदन्तीहरू ज्ञानका महत्वपूर्ण स्रोतका रूपमा सुरक्षित छन्। यी मौखिक सम्पदाले केवल मनोरञ्जनको भूमिका मात्र निर्वाह गर्दैनन्, बरु इतिहास, सामाजिक मूल्य, साँस्कृतिक मान्यता र जीवनपद्धति सम्बन्धी शिक्षाको माध्यमको रूपमा पनि कार्य गर्छन्। लोककथा र किंवदन्तीहरूमा पूर्वजहरूको अनुभव, प्रकृतिसँगको सम्बन्ध, नैतिक शिक्षा, सामाजिक एकता र आपसी सहयोगको भावना अभिव्यक्त हुन्छ। गीत र नृत्यमार्फत कृषि चक्र, मौसम परिवर्तन, विवाह, जन्मोत्सव र धार्मिक अनुष्ठानसँग सम्बन्धित कथा र अर्थ पुस्तौंदेखि हस्तान्तरण हुँदै आएका छन् (Bhattarai, २०२५)।

यी मौखिक अभिव्यक्तिहरूले समुदायको सामूहिक स्मृति र पहिचानलाई जोगाइराख्नुका साथै स्थानीय भाषाको संरक्षणमा पनि योगदान पुऱ्याएका छन् । उदाहरणका लागि, किराँत समुदायको मुन्धुम/मुन्दुम, गुरुङहरूको रोधी, राईहरूको साकेला गीत साथै थारूहरूको झुमरा गीतमा कृषि, स्वास्थ्य, वातावरण र सामाजिक सम्बन्धबारे गहिरा सन्देशहरू पाइन्छन् । यस प्रकारको मौखिक ज्ञान पुस्तौँको अनुभव र साँस्कृतिक अभ्यासको उपज हो, जसले वर्तमान पुस्तालाई मात्र होईन, भविष्यका पुस्तालाई पनि साँस्कृतिक निरन्तरता र पहिचानको आधार प्रदान गर्दछ (Vansina, १९८५; Finnegan, १९९२) ।

## ३. ज्ञान उत्पादनको प्रक्रिया :

(Brent, १९७५) को विचारमा ज्ञानको उत्पादन सामाजिक संरचनामा गहिरो रूपमा जरा गाडेको प्रक्रिया हो, जहाँ संस्था, साँस्कृतिक मान्यता र शक्ति सम्बन्धहरूले केलाई वैध र मान्य ज्ञान मान्ने भन्ने विषयमा निर्णायक भूमिका खेल्छन् । ज्ञान कुनै एकान्तमा सिर्जना नभई निरन्तर सामाजिक अन्तरक्रिया र अधिकार प्रणालीहरूको प्रभावबाट उत्पन्न हुन्छ । त्यसैगरी, प्रचलित विचारधाराले यसलाई आकार दिन्छ, जसका कारण वैज्ञानिक तथा ज्ञानसम्बन्धी दाबीहरू पनि आफ्नै विशेष ऐतिहासिक र सामाजिक सन्दर्भका उत्पादनका रूपमा देखिन्छन् ।

### ३.१. अनुभवमा आधारित व्यवहारिक ज्ञान :

जनजातीय ज्ञान अनुभव, अभ्यास र सामूहिक अनुष्ठानमार्फत निर्मित हुन्छ । यो पुस्ताबाट पुस्तामा हस्तान्तरण हुन्छ, जसमा व्यवहारिक अभ्यास र सामाजिक समारोहले ठूलो भूमिका खेल्छ । साँस्कृतिक अभ्यासहरू, जस्तैः पर्व, पूजा, र परम्परागत सीप-ज्ञानको निरन्तरताका आधार हुन् ।

अनुभवमा आधारित व्यवहारिक ज्ञान (experiential practical knowledge) प्रत्यक्ष अनुभव, अवलोकन र अभ्यासबाट उत्पन्न हुने ज्ञानको प्रकार हो, जसले सैद्धान्तिक अवधारणालाई व्यवहारमा लागू गर्न मद्दत गर्दछ (Kolb, १९८४) । यो ज्ञान विशेषतः कृषि, हस्तकला, औषधोपचार र प्राकृतिक स्रोत व्यवस्थापन जस्ता क्षेत्रमा दीर्घकालीन परीक्षण त्रुटि र अभ्यासको माध्यमबाट विकसित हुन्छ (Berkes, Colding, & Folke, २०००) । यसको मुख्य विशेषता भनेको सन्दर्भ विशिष्टता हो, जसमा स्थानीय वातावरण, प्राकृतिक स्रोत र साँस्कृतिक मूल्यहरूको आधारमा समस्या समाधान गरिन्छ । यस्ता व्यवहारिक अनुभवहरू प्रायः वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनका लागि प्रेरणाको स्रोत बन्छन् । उदाहरणका लागि, परम्परागत कृषि प्रणालीमा मौसमी परिवर्तन पहिचान र बाली व्यवस्थापन सम्बन्धी ज्ञान आधुनिक कृषि प्रविधि विकासमा उपयोगी भएको देखिन्छ । यसकारण, अनुभवमा आधारित व्यवहारिक ज्ञान साँस्कृतिक सम्पत्ति मात्र नभई निरन्तर ज्ञान उत्पादन र अनुप्रयोगको महत्वपूर्ण आधार हो, जसले स्थानीय र वैज्ञानिक ज्ञानबीच सेतुको काम गर्दछ (Berkes et al., २०००; Kolb, १९८४) ।

### ३.२. सामुदायिक हस्तान्तरण (inter–generational transfer) :

अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा ज्ञान, सीप र मूल्यहरू प्रवाह गर्ने प्रमुख प्रक्रिया सामुदायिक हस्तान्तरण हो, जसले ज्ञानको निरन्तरता र संरक्षण सुनिश्चित गर्छ (Mead, १९७०) । यस्तो हस्तान्तरण प्रायः मौखिक परम्परा, प्रत्यक्ष प्रशिक्षण, अनुकरण, र साँस्कृतिक अभ्यास मार्फत सम्पन्न हुन्छ, जसले सामूहिक स्मृति र सामाजिक संरचनालाई मजबुत बनाउँछ (UNESCO, २००३) ।

यस प्रक्रियाले परम्परागत ज्ञानलाई मात्र जोगाउँदैन, नयाँ सन्दर्भ अनुसार त्यसलाई परिष्कृत र रूपान्तरित गर्ने अवसर पनि प्रदान गर्छ । उदाहरणका रूपमा, पुस्तौंदेखि हस्तान्तरण हुँदै आएका मौसमी बाली व्यवस्थापन र जलस्रोत संरक्षणका तरिकाहरूले आधुनिक कृषि र स्रोत व्यवस्थापनमा नव प्रवर्तन ल्याउन प्रेरणा दिएका छन् ।

यसरी, सामुदायिक हस्तान्तरण साँस्कृतिक पहिचानको स्थायित्व, सामाजिक एकताको सुदृढीकरण, र स्थानीय तथा वैज्ञानिक ज्ञानबीचको सेतु निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने माध्यम हो (Mead, १९७०; UNESCO, २००३) ।

### ३.३. अनुष्ठान, अभ्यास र साँस्कृतिक क्रियाकलापको माध्यमबाट ज्ञानको निरन्तरता :

अनुष्ठान, अभ्यास र साँस्कृतिक क्रियाकलापहरूले ज्ञानको संरक्षण र पुस्तान्तरणमा केन्द्रिय भूमिका खेल्छन् । यी माध्यमहरूले समुदायका सदस्यहरूलाई साझा स्मृति, मूल्य र व्यवहारिक सीपहरूसँग जोडेर राख्छन् (Geertz, १९७३) । धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरू जस्तैः पर्व, उत्सव, लोकगीत, नृत्य, नाटक र सामूहिक श्रम, परम्परागत ज्ञानको व्यवहारिक प्रयोग र हस्तान्तरणका प्रभावकारी साधन हुन् (UNESCO, २००३) ।

यस्ता क्रियाकलापहरू सन्दर्भ विशिष्ट हुने भएकाले, स्थानीय ज्ञान प्रणालीलाई समय सापेक्ष परिष्कृत गर्न मद्दत गर्छन् । उदाहरणका रूपमा, कृषि पर्वहरूमा हुने अनुष्ठानहरूले मौसमी परिवर्तन, बाली व्यवस्थापन र मौसम पूर्वानुमान सम्बन्धी व्यवहारिक ज्ञानलाई निरन्तरता दिन्छन् । यस्तै, स्वास्थ्यसँग सम्बन्धित साँस्कृतिक अभ्यासहरूले परम्परागत औषधोपचार ज्ञानलाई सुरक्षित राख्छन् ।

यसरी, अनुष्ठान र साँस्कृतिक क्रियाकलापहरू केवल साँस्कृतिक प्रतीक मात्र नभई ज्ञान उत्पादन, पुनः सृजन र सामाजिक एकताको स्थायित्वका लागि आवश्यक संरचना हुन् (Geertz, १९७३; UNESCO, २००३) ।

## ४. परम्परागत ज्ञानको संरक्षणमा देखा परेका चुनौतीहरू :

परम्परागत ज्ञानको संरक्षणमा धेरै चुनौतीहरू देखिएका छन् । पहिलो, आधुनिकीकरण र पश्चिमीकरणले स्थानीय संस्कार, अभ्यास र सीपलाई अप्रासङ्गिक ठान्न प्रेरित गरेको छ, जसले युवा पुस्तालाई परम्परागत ज्ञानबाट टाढा पार्छ (Inglehart ७ Welzel, २००५) ।

### ४.१. आधुनिकीकरण र पश्चिमीकरणको प्रभाव :

आधुनिकीकरण र पश्चिमीकरण समाजमा हुने संरचनात्मक र साँस्कृतिक ज्ञान प्रणालीका परिवर्तनका दुई मुख्य प्रक्रिया हुन् । आधुनिकीकरणले प्राविधिक उन्नति, औद्योगिक विस्तार, शहरीकरण र वैज्ञानिक सोचको प्रसारलाई प्रोत्साहित गर्छ भने पश्चिमीकरणले पश्चिमी देशका मूल्य, संस्थागत संरचना र जीवनशैलीको अनुकरणलाई जनाउँछ (Inglehart ७ Welzel, २००५) । यी दुवै प्रक्रियाले स्थानीय ज्ञान प्रणालीलाई अवसर पनि दिन्छन् र चुनौती पनि सिर्जना गर्छन् ।

एकातर्फ, आधुनिकीकरणले स्वास्थ्य, सञ्चार, यातायात र विज्ञान क्षेत्रमा प्रगति ल्याएर मौलिक ज्ञानलाई सुदृढ गर्नसक्ने वातावरण बनाउँछ । उदाहरणका लागि, पारम्परिक खेतीपातीका अभ्यासहरूलाई आधुनिक उपकरण र अनुसन्धानसँग जोडेर उत्पादन वृद्धि गर्न सकिन्छ । अर्कोतर्फ,

पश्चिमी मूल्य र प्रविधिप्रति अत्यधिक आकर्षणले स्थानीय संस्कृति र परम्परागत सीपलाई पुरानो वा अप्रासङ्गिक ठान्ने प्रवृत्ति बढाउँछ (Sillitoe, १९९८) ।

विशेष गरी विकासशील देशहरूमा युवा पुस्ता पश्चिमी जीवन शैली, उपभोक्तावादी संस्कृति र भाषातर्फ आकर्षित हुँदा मौलिक ज्ञान, सीप र भाषाहरू क्रमशः हराउँदै जान्छन् । यसैले, आधुनिकीकरण र पश्चिमीकरणलाई सन्तुलित रूपमा अपनाई आधुनिक प्रविधि र स्थानीय ज्ञानलाई परस्पर पूरक बनाउन सकिने प्रखर दृष्टिकोण आवश्यक छ (Pretty et al., २००९) ।

## ४.२. औपचारिक शिक्षा प्रणालीले परम्परागत ज्ञानलाई बेवास्ता गर्नु :

औपचारिक शिक्षा प्रणालीको संरचना प्रायः पश्चिमी विज्ञान, राष्ट्रिय भाषा र मानकीकृत पाठ्यक्रममा आधारित हुन्छ, जसका कारण स्थानीय भाषाहरू, मौखिक ज्ञान र साँस्कृतिक अभ्यासहरूलाई पर्याप्त स्थान दिइँदैन (Battiste, २००२) । यसले परम्परागत ज्ञानलाई कम मूल्यको वा गैरवैज्ञानिक रूपमा चित्रण गर्ने प्रवृत्ति बढाउँछ ।

विद्यालयका पाठ्यक्रममा गणित, विज्ञान, अंग्रेजी वा राष्ट्रिय इतिहासलाई प्राथमिकता दिइँदा कृषि सम्बन्धी स्थानीय प्रविधि, जडीबुटी उपचार, मौसमी परिवर्तन पहिचान, वा हस्तकलाका सीपजस्ता स्थानीय विषयहरू उपेक्षित हुन्छन् (Semali ७ Kincheloe, १९९९)। नतिजा स्वरूप, विद्यार्थीहरू आफ्नो समुदायको ज्ञान र सीपसँग सम्बन्ध विच्छेद अनुभव गर्छन्, र पुस्तान्तरण कमजोर बन्छ ।

यस समस्याको समाधानका लागि शिक्षा प्रणालीमा स्थानीय र वैज्ञानिक ज्ञान दुवैलाई समेट्ने वैध शिक्षण दृष्टिकोण आवश्यक हुन्छ (Nakata, २००२) । यसले विद्यार्थीलाई आधुनिक सीप सिकाउँदा पनि उनीहरूलाई आफ्नै साँस्कृतिक जरा र स्थानीय स्रोतहरूसँग जोडेर राख्छ ।

## ४.३. भूमण्डलीकरण, भाषा सङ्कट र साँस्कृतिक विस्थापन :

भूमण्डलीकरणले आर्थिक, राजनीतिक र साँस्कृतिक रूपमा विश्वलाई एकीकृत गर्दै शक्तिशाली भाषाहरूको प्रभुत्व बढाएको छ (Pennycook, २००७) । यसले साना भाषाहरू र तिनको साँस्कृतिक संरचना हराउने जोखिम बढाउँछ (Crystal, २०००)। भाषा हराउँदा त्यससँग सम्बन्धित मौखिक साहित्य, मिथक, गीत र स्थानीय ज्ञान पनि नष्ट हुन्छ । ( UNESCO २०१०) का अनुसार, विश्वका लगभग ४०% भाषाहरू लोपको खतरा भोगिरहेका छन् । वैदेशिक रोजगारी र शिक्षा अवसरका लागि ग्रामीण जनसंख्या सहर वा विदेशतर्फ बसाइँ सर्दा साँस्कृतिक विस्थापन हुन्छ । नयाँ वातावरणमा परम्परागत लुगा, भाषा र संस्कार क्रमशः कमजोर हुन्छन् । यो जोखिम कम गर्न स्थानीय भाषाको पुनरुत्थान कार्यक्रम, विद्यालय र मिडियामा मातृभाषाको प्रयोग, र साँस्कृतिक सम्पदाको डिजिटल संरक्षण आवश्यक हुन्छ (Harrison, २००७) ।

## ४.४. बौद्धिक सम्पत्ति अधिकारको अभाव :

बौद्धिक सम्पत्ति अधिकार (IPR) सिर्जनात्मक र नयाँ ज्ञानलाई कानुनी सुरक्षा दिन बनाइएको भए पनि परम्परागत ज्ञानको सन्दर्भमा यसको प्रभावकारिता सीमित छ (Posey ७ Dutfield, १९९६) । स्थानीय र आदिवासी ज्ञान प्रायः सामूहिक स्वामित्वमा आधारित हुन्छ, तर प्रचलित IPR प्रणाली व्यक्तिगत स्वामित्व र पेटेन्टमा केन्द्रित छ (WIPO, २०१७) ।

यस कारण, बहुराष्ट्रिय कम्पनीहरूले परम्परागत जडीबुटी, कृषि प्रविधि वा डिजाइन प्रयोग गरेर आर्थिक लाभ लिन सक्छन् तर मूल समुदायलाई उचित मुनाफा वा मान्यता नदिने 'बायोपाइरेसीका घटना देखिन्छन् । भारतको हल्दी र नीमसम्बन्धी पेटेन्ट विवाद यसका उदाहरण हुन् ।

समाधानका लागि सामूहिक अधिकारको कानुनी मान्यता, पूर्वजानकारीको सहमति (PIC) र न्यायसङ्गत लाभ वितरण प्रणाली आवश्यक हुन्छ (CBD, २०११) ।

परम्परागत ज्ञान आज सङ्कटमा छ । पश्चिमीकरण, औपचारिक शिक्षाले स्थानीय ज्ञानलाई बेवास्ता गर्नु, भाषा हराउने क्रम, साँस्कृतिक विस्थापन, र बौद्धिक सम्पत्ति अधिकारको अभाव यसका मुख्य चुनौतीहरू हुन् । औद्योगिक कृषि र चिकित्सा प्रणालीले परम्परागत ज्ञानको स्थान घटाएको छ ।

## ५. संरक्षणका उपायहरू र प्रयासहरू :

समुदायमै आधारित संरक्षण अभियानहरू, मातृभाषाको प्रवर्द्धन, आधुनिक विज्ञान र परम्परागत ज्ञानको सहकार्यले संरक्षणमा योगदान दिन सक्छ । साथै, जैविक विविधता र परम्परागत ज्ञानको अन्तर्राष्ट्रिय सन्धि (जस्तैः नागोया प्रोटोकल) मार्फत कानुनी संरक्षण आवश्यक छ ।

### ५.१. समुदायमा आधारित संरक्षण (Community led documentation):

समुदायमा आधारित संरक्षण भनेको स्थानीय समुदायले आफैँ आफ्नो परम्परागत ज्ञान, साँस्कृतिक अभ्यास र स्रोतहरूको अभिलेख तयार गर्ने प्रक्रिया हो । यसले ज्ञानको निरन्तरता र बाह्य हस्तक्षेपबाट सुरक्षा सुनिश्चित गर्छ (Berkes, २००८) । जब समुदायले आफ्नै पर्व, औषधीय जडीबुटी, कृषि प्रविधि र मौखिक परम्पराहरूको दस्तावेजीकरण गर्छ, तब तिनको संरक्षण मात्र होईन, समुदायभित्र ज्ञानको मूल्य पनि बढ्छ ।

यस प्रकारको दस्तावेजीकरणले युवा पुस्तालाई स्थानीय सीप र अनुभवसँग जोड्ने अवसर दिन्छ र पुस्तान्तरणको माध्यम बन्न सक्छ । उदाहरणका लागि, आदिवासी समुदायले आफ्ना लोककथा, गीत, नृत्य र हस्तकलाको डिजिटल वा लिखित अभिलेख तयार गर्दा यी सीपहरू लोप हुनबाट जोगिन्छन् । साथै, अनुसन्धानकर्ता, नीति निर्माता र विकासकर्मीहरूले पनि ज्ञानसम्म सम्मानजनक पहुँच पाउँछन् ।

### ५.२. मातृभाषा र स्थानीय शिक्षाको प्रवर्द्धन :

मातृभाषा र स्थानीय शिक्षा परम्परागत ज्ञानको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्छ । बालबालिकाले आफ्नो मातृभाषामा अध्ययन गर्दा उनीहरू स्थानीय संस्कार, परम्परा र व्यवहारिक ज्ञानलाई सजिलै आत्मसात गर्न सक्छन् (UNESCO, २००३) । मातृभाषामा शिक्षा प्रदान गर्दा विद्यार्थीलाई आफ्नो साँस्कृतिक पहिचान र स्थानीय ज्ञानसँग गहिरो सम्बन्ध विकास गर्न सहयोग मिल्छ ।

स्थानीय शिक्षाले केवल भाषागत विकास मात्र होईन, कृषि, हस्तकला, परम्परागत चिकित्सा र प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ज्ञानलाई पाठ्यक्रममा समावेश गर्ने अवसर पनि दिन्छ । उदाहरणका लागि, हिमाली र तराईका गाउँमा स्थानीय भाषामा तयार पारिएका शिक्षण सामग्रीले विद्यार्थीहरूलाई मौसमी परिवर्तन पहिचान, बाली व्यवस्थापन र जडीबुटी उपचारमा दक्ष बनाउँछ ।

यसरी, स्थानीय भाषा र शिक्षा परम्परागत ज्ञानको पुस्तान्तरण सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ ।

## ५.३. परम्परागत ज्ञान र आधुनिक विज्ञानको सहकार्य :

परम्परागत ज्ञान र आधुनिक विज्ञानको सहकार्यले दुवै पक्षलाई लाभ दिन्छ । परम्परागत ज्ञान स्थानीय सन्दर्भ, अनुभव र प्राकृतिक स्रोतको व्यवहारिक प्रयोग प्रदान गर्छ भने आधुनिक विज्ञानले प्रणालीगत विश्लेषण र प्रविधिमार्फत तिनलाई परिष्कृत गर्छ (Pretty et al., २००९) ।

उदाहरणका लागि, स्थानीय कृषकहरूले अनुभवमा आधारित मौसमी पूर्वानुमान र बाली व्यवस्थापन अभ्यास गर्छन्, जसलाई वैज्ञानिक डेटा र प्रविधिसँग मिलाएर उत्पादन वृद्धि र दिगो कृषि सम्भव हुन्छ । यसरी सहकार्य गर्दा परम्परागत ज्ञानको संरक्षण मात्र होईन, नयाँ नवप्रवर्तन पनि सम्भव हुन्छ । यसले स्थानीय समुदायको स्वामित्व र ज्ञानको उपयोगिता दुवै सुनिश्चित गर्छ ।

## ५.४. कानुनी संरक्षण : जैविक विविधता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरू (जस्तैः Nagoya Protocol) :

परम्परागत ज्ञानको संरक्षणमा कानुनी संरचनाले महत्वपूर्ण भूमिका खेल्छ । जैविक विविधता र स्थानीय ज्ञानसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरू जस्तैः : Nagoya Protocol ले ज्ञानको उपयोग गर्दा समुदायको पूर्व जानकारी सहमति (Prior Informed Consent) र लाभ वितरण सुनिश्चित गर्छ (CBD, २०११) ।

Nagoya Protocol अनुसार, कुनै संस्था वा कम्पनीले जैविक स्रोत वा स्थानीय ज्ञानको व्यावसायिक उपयोग गर्नुअघि सम्बन्धित समुदायसँग सहमति लिनुपर्छ र लाभ न्यायसङ्गत रूपमा वितरण गर्नुपर्छ । यसले परम्परागत ज्ञानको दुरूपयोग र बायोपाइरेसी कम गर्न सहयोग पुऱ्याउँछ । साथै, कानुनी सुरक्षा हुँदा समुदायलाई आफ्नो ज्ञान संरक्षण र आर्थिक फाइदा प्राप्त गर्ने अवसर बढ्छ ।

## ६. निष्कर्ष :

जनजातीय ज्ञान केवल अतीतको सम्पत्ति होईन, वर्तमान र भविष्यका लागि पनि महत्वपूर्ण स्रोत हो । यसको संरक्षण र सम्वर्द्धन गर्नु सामाजिक न्याय, साँस्कृतिक विविधता र दिगो विकासका लागि अपरिहार्य छ । नीति निर्माताहरू, शैक्षिक संस्था र समुदायबीच समन्वय कायम गरेर मात्र यसलाई जोगाउन सकिन्छ ।

यस अध्ययनबाट स्पष्ट हुन्छ कि आदिवासी/जनजाति समुदाय, जस्तैः मगर, गुरुङ, राई, लिम्बू र थारूको परम्परागत ज्ञान प्रणाली अनुभव, साँस्कृतिक अभ्यास र पर्यावरणीय अनुकूलनमा आधारित महत्वपूर्ण स्रोत हो । जडीबुटीको उपयोग, परम्परागत कृषि प्रणाली (खेतबारी व्यवस्थापन) र समुदायमा आधारित ज्ञान हस्तान्तरणले न केवल जीविकोपार्जनमा योगदान पुऱ्याउँछ, बाँकि सामाजिक संरचना, साँस्कृतिक पहिचान र जैविक विविधताको संरक्षणमा पनि केन्द्रीय भूमिका खेल्दछ । यसले देखाउँछ कि जनजातीय ज्ञानको मूल्य अपरिहार्य छ र यसलाई संरक्षण गर्नु अति आवश्यक छ ।

साथै, परम्परागत ज्ञानको दिगोपनका लागि नीति निर्माताहरू, शैक्षिक संस्था र स्थानीय समुदाय बीच निरन्तर समन्वय आवश्यक छ । समुदायमा आधारित दस्तावेजीकरण, मातृभाषा शिक्षाको

प्रवर्द्धन, आधुनिक विज्ञानसँग सहकार्य, र कानुनी संरक्षण जस्ता उपायहरूले परम्परागत ज्ञानलाई सुरक्षित राख्ने वातावरण सिर्जना गर्न सक्छ। यसरी, स्थानीय ज्ञान र आधुनिक प्रणालीबीचको सन्तुलन कायम राख्दा, दुवैको संरक्षण र उपयोगिता सुनिश्चित गर्न सकिन्छ।

अन्त्यमा, नेपालको सन्दर्भमा आदिवासी/जनजातिको जीवनशैली, संस्कृति र परम्परागत ज्ञानको संरक्षण केवल साँस्कृतिक सम्पदा बचाउने कार्य मात्र नभई दिगो विकासको आधार पनि हो। तर तीव्र आधुनिकीकरण, बजारीकरण र साँस्कृतिक एकरूपताको कारण यस्ता ज्ञान र मूल्यहरू खतरामा छन्। राज्य, समुदाय र नागरिक समाजले मिलेर यी सम्पदाको अभिलेखीकरण, संरक्षण र प्रवर्द्धनमा जोड दिए भने, ती केवल ऐतिहासिक धरोहर मात्र नभई भविष्यका पुस्ताका लागि प्रेरणादायी स्रोतका रूपमा सुरक्षित रहन सक्नेछन्।

## सन्दर्भ सामग्रीहरू :


Battiste, M. (2002). *Indigenous knowledge and pedagogy in First Nations education: A literature review with recommendations*. Ottawa: National Working Group on Education.

Berhane, A. T. (2024). Indigenous knowledge of Meen community toward natural resource conservation: A socio-philosophical analysis. *AlterNative: An International Journal of Indigenous Peoples, 20*(1), 5566. https://doi.org/10.1177/11771801241231638

Berkes, F. (2008). *Sacred ecology* (2nd ed.). Routledge.

Berkes, F., Colding, J., & Folke, C. (2000). Rediscovery of traditional ecological knowledge as adaptive management. *Ecological Applications, 10*(5), 12511262.

Bhattarai, D. K. (2025). किराँत राई जातिको मौलिक लोकगीति संस्कृतिः एक अध्ययन. *Journal of Indigenous Knowledge and Practice, 1*(1), 142176. https://doi.org/10.3126/jikap.v1i1.82688

Brent, A. (1975). The sociology of knowledge and epistemology. *British Journal of Educational Studies, 23*(2), 209224. https://doi.org/10.1080/00071005.1975.9973439

CBD. (2011). *Nagoya Protocol on access to genetic resources and the fair and equitable sharing of benefits arising from their utilization*. Secretariat of the Convention on Biological Diversity.

Dhimal, S. B. (2024). धिमाल खाना संस्कारबाट परम्परागत ज्ञानको पहिचान र संरक्षण. *Damak Campus Journal, 13*(1), 165186. https://doi.org/10.3126/dcj.v13i1.74602

Finnegan, R. (1992). *Oral traditions and the verbal arts: A guide to research practices*. Routledge.

Geertz, C. (1973). *The interpretation of cultures*. Basic Books.

Gurung, H. (1998). *Nepal: Social demography and expressions*. New Era.

Gurung, H. (2006). *The Gurungs: The indigenous people of Nepal*. Kathmandu: Himal Books.

Inglehart, R., & Welzel, C. (2005). *Modernization, cultural change, and democracy: The human development sequence*. Cambridge University Press.

Kolb, D. A. (1984). *Experiential learning: Experience as the source of learning and development*. Prentice Hall.

Manandhar, N. P. (2002). *Plants and people of Nepal*. Timber Press.

Mead, M. (1970). *Culture and commitment: A study of the generation gap*. Natural History Press.

Pretty, J., Adams, B., Berkes, F., de Athayde, S., Dudley, N., Hunn, E., ... & Pilgrim, S. (2009). The intersections of biological diversity and cultural diversity: Towards integration. *Conservation and Society, 7*(2), 100112.

Shrestha, P. K., & Dhillion, S. S. (2003). Indigenous knowledge and its value to biodiversity conservation in the Nepal Himalaya. *Mountain Research and Development, 23*(2), 131137.

Tamang, K. Y. (2079). जैविक खाद्य स्रोतमा निर्भर आदिवासी चेपाङ ज्ञान. In आदिवासी जनजाति अध्ययन (पृ. १). आदिवासी जनजाति आयोग । Upreti, B. R. (2002). Conflict in Nepal: Realities and potentials for agrarian transformation. *Journal of Forest and Livelihood, 6*(2), 4056.

UNESCO. (2003a). *Convention for the safeguarding of the intangible cultural heritage*. Paris: UNESCO.

UNESCO. (2003b). *Education in a multilingual world*. UNESCO Publishing.

Vansina, J. (1985). *Oral tradition as history*. University of Wisconsin Press.

Wan Talaat, W. I. A., Mohd Tahir, N., & Husain, M. L. (2012). Traditional knowledge on genetic resources: Safeguarding the cultural sustenance of indigenous communities. *Asian Social Science, 8*(7), 184. https://doi.org/10.5539/ass.v8n7p184

RatoPati. (n.d.). थारु समुदायको माघी पर्व: परम्परा र संस्कृति. *RatoPati*. https://www.ratopati.com/story/34101/tharu-maghi

# दिक्तेल बहुमुखी क्याम्पस निर्माण, खरिद, मर्मतसम्भार, स्वास्थ्य, सरसफाइ तथा सामाजिक सुरक्षा समिति गतिविधि



लिलाबहादुर खत्री
(उप-प्राध्यापक)
दिक्तेल बहुमुखी क्याम्पस
*lilakhatri386@gmail.com*

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल, खोटाङ एउटा सामुदायिक उच्च शैक्षिक संस्थाको रूपमा परिचत खोटाङ जिल्लाको प्रतिष्ठित विश्वविद्यालय अनुदान आयोगबाट QAA प्राप्त पहिलो शैक्षिक संस्थाको रूपमा परिचित सामुदायिक उच्च शैक्षिक संस्था हो । यस संस्थामा नेपालको प्रचलित कानुन बमोजिम आफ्नो गतिविधिहरूलाई अगाडि बढाउनु नितान्त आवश्यक हुने कुरा ठहर गरी नेपाल सरकारद्वारा सञ्चालन गरिएको सार्वजनिक खरिद ऐन अनुरूप कार्य सञ्चालन गर्न दिक्तेल बहुमुखी क्याम्पसको भौतिक संरचना निर्माण, खरिद, मर्मत सम्भार लगायतका कार्य चुस्त दुरुस्त गर्नु र आर्थिक पारदर्शिता समेतको कार्यलाई ध्यानमा राखी संस्थाको सम्पूर्ण क्षेत्रको भौतिक विकास र विस्तारको लागि यस क्याम्पसमा दिक्तेल बहुमुखी क्याम्पस सञ्चालन विधान २०७५ को दफा ११६ र १३० ले दिएको अधिकार प्रयोग गरी एक दिक्तेल बहुमुखी क्याम्पस "निर्माण खरिद मर्मत सम्भार स्वास्थ्य सरसफाइ तथा सामाजिक सुरक्षा" समिति सम्बन्धी निर्देशिका २०८१ संसोधित तयार गरी एक समिति गठन गरिएको छ ।

दिक्तेल बहुमुखी क्याम्पस खोटाङ जिल्लाको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका वडा नं. २ मा अवस्थित दिक्तेल बहुमुखी क्याम्पस, विश्वविद्यालय अनुदान आयोगबाट QAA प्राप्त एक सामुदायिक शैक्षिक संस्था हो, जहाँ करिब ७०० विद्यार्थी र ४० जना प्राध्यापक तथा कर्मचारीहरू संलग्न छन् । यो क्याम्पसले शैक्षिक उत्कृष्टताका साथै सामाजिक उत्तरदायित्व र भौतिक पूर्वाधारको विकासमा पनि महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ। यसै सन्दर्भमा, क्याम्पसमा गठित 'खरिद निर्माण मर्मत सम्भार स्वास्थ्य सरसफाई तथा सामाजिक सुरक्षा समिति' ले संस्थाको समग्र विकास र सञ्चालनमा अपरिहार्य भूमिका निर्वाह गर्दछ । यो समितिले क्याम्पसको शैक्षिक वातावरण, भौतिक संरचना, स्वास्थ्य, सरसफाइ, सामाजिक सुरक्षा तथा उत्तरदायित्वलाई व्यवस्थित र प्रभावकारी बनाउने कार्य गर्दछ । समितिको मुख्य उद्देश्य क्याम्पसको भौतिक सम्पत्तिको संरक्षण, मर्मत र स्तरोन्नति गर्नुका साथै विद्यार्थी र कर्मचारीहरूको स्वास्थ्य र सरसफाइमा विशेष ध्यान दिनु हो । यसले खरिद प्रक्रियालाई

पारदर्शी र मितव्ययी बनाउँदै आवश्यक सामग्री र सेवाहरूको व्यवस्थापन गर्छ, जसले क्याम्पसको आर्थिक अनुशासन कायम राख्न मद्दत गर्छ । मर्मत सम्भारको कार्यले भवन, कक्षाकोठा, पुस्तकालय र प्रयोगशालाहरूको नियमित हेरचाह सुनिश्चित गर्छ, जसले शैक्षिक गतिविधिहरूलाई निर्वाध रूपमा सञ्चालन गर्न सहयोग पुर्‍याउँछ। स्वास्थ्य र सरसफाइको क्षेत्रमा, समितिले क्याम्पस परिसरलाई स्वच्छ र सुरक्षित राख्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्छ, जस्तैः नियमित सरसफाइ अभियान, स्वच्छ पिउने पानीको व्यवस्था र स्वास्थ्य शिविरहरू, यी प्रयासहरूले विद्यार्थी र कर्मचारीहरूको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्दछ, जसले उनीहरूको शैक्षिक र कार्यमूलक प्रदर्शनलाई उकास्छ । सामाजिक सुरक्षा कार्यक्रमहरू मार्फत, समितिले विपन्न, दलित, जनजाति, महिला र अपाङ्ग विद्यार्थीहरूको उत्थानका लागि विभिन्न पहलहरू सञ्चालन गर्छ, जस्तैः छात्रवृत्ति, सचेतना कार्यक्रम र सामुदायिक सहभागिता । यी गतिविधिहरूले क्याम्पसलाई सामाजिक समावेशीकरण र समानताको सन्देश प्रवाह गर्ने थलोको रूपमा स्थापित गर्न मद्दत गर्छ । समितिको सक्रियताले क्याम्पसको शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार र सामाजिक प्रभावलाई एकसाथ बलियो बनाउँदै समग्र विकासमा योगदान पुर्‍याउँछ। यसले क्याम्पसलाई विद्यार्थी र समुदायका लागि आकर्षक र विश्वसनीय शैक्षिक केन्द्र बनाउन महत्वपूर्ण भूमिका खेल्छ । तसर्थ, यो समितिको कार्यक्षमता र समर्पणले दिक्तेल बहुमुखी क्याम्पसलाई क्षेत्रीय स्तरमा एक नमूना शैक्षिक संस्थाको रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान पुर्‍याइरहेको छ ।

**समिति :**

१, संयोजक- श्री लिला बहादुर खत्री
२, सदस्य- श्री विजय कुमार राई
३, सदस्य- श्री चुडाबहादुर कार्की
४, सदस्य श्री
५, सदस्य- सचिव श्री कृष्ण बहादुर गुरुङ

**यस समितिले गरेका महत्वपूर्ण गतिविधिहरू**

१, भौतिक संरचना भवन निर्माण
२, मर्मत संभार
३, फर्निचर व्यवस्थापन
४, इलेक्ट्रोनिक्स सामग्री व्यवस्थापन
५, जनचेतनामूलक कार्यक्रम
६, नियमित स्वास्थ्य परीक्षण कार्यकम
७, नियमित प्राथामिक उपचार कार्यक्रम
८, नियमित सरसफाई कार्यक्रम
९, प्राकृतिक सौन्दर्यताको संरक्षण
१०, रक्तदान तथा रक्त परीक्षण कार्यक्रम
११, फूलबारी निर्माण
१२, पुस्तक खरिद तथा ब्यवस्थापन
१३, खेलमैदान निर्माण (नर्माणाधीन)

यस मूल समितिको मातहतमा रहने गरी मूल समितिलाई थप टेवा पुर्‍याउने उद्देश्यले health care and nature cell उप समिति गठन गरी निम्न सदस्यहरूको व्यवस्था गरिएको छ ।

***Health care and nature cell :***

१, संयोजक- श्री लिलाबहादुर खत्री (९८४२८४९३०६)
२, सदस्य- श्री पवन पोखरेल (९८६२९८०३७२)
३, सदस्य- श्री अजय राई (९७४९२१७६०५)
४ सदस्य- श्री पुष्पकला राई (९७४६४१९११९६)
५, सदस्य- श्री पुजा शेर्पा (९८४४८३०४८६)
६, सदस्य- श्री मनिशा तामाङ (९७६३५०७५४७)

७, सदस्य- श्री सपना फुयल (९७६५२६७१२३)
८, सदस्य- श्री हिराकाजी श्रेष्ठ (९७४२२७९०७१)
९, सदस्य- श्री काजल दाहाल (९७४५४६४६०३)
१०, सदस्य- श्री विनिता कार्की (९८०५९१८८७९)
११, सदस्य- श्री अनुमा परियार (९८१८७६११६१)
१२, सदस्य- श्री सुनिता खत्री (९८२७७६९७४०)
१३, सदस्य- श्री पुर्णिमा राई (९७४२५६५५५६)
१४, सदस्य- श्री मनिशा वि.क. (९८४६२९०५१३)
१५, सदस्य- श्री तारा गुरुङ (९८४२८१४५८६)
१६, सदस्य- श्री दिप श्रेष्ठ (९७६७२९२८६४)
१७, सदस्य- श्री मुना भट्टराई (९७४२४२२०४७)
१८, सदस्य- श्री दिपा राई (९८०७७९०५७७)
१९, सदस्य- श्री एनिशा राई ( ९७४१७५२८२८)
२०, सदस्य- श्री नम प्रकाश भण्डारी
२१, सदस्य- श्री नर्मता कालिकोटे (९८६५२८५६०१)
२२, सदस्य- श्री मुना आचार्य (९७४५९१६५४०)
२३, सदस्य- श्री नवराज सुवेदी (९७४५९५४४७६)
२४, सदस्य- श्रीसन्तोष आचार्य (९७४२५६१६६८)
२५, सदस्य- श्री लिला घिमिरे (९७४५२७३५६५)
२६,सदस्य- श्री दिपेन कार्की (९८४२४३५७३१)
२७, सदस्य- श्री दिपा राई (९८०७७९०५७७)
२८, सदस्य- श्री एनिश राई (९७४१७५२८२७ )
२९, सदस्य- श्री सरिता भुजेल (९८४२९५१९१५)
३०, सदस्य- श्री झरना थापा (९८६०२६४१४०)

हाल यस दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल खोटाङमा तपशिल अनुसारका प्राथमिक उपचारकहरू रहेका छन् :

१, रामप्रसाद राई प्राध्यापक
२, कृएशना राई विद्यार्थी
३ , प्रतिक्षा तामाङ विद्यार्थी
४, मैया कार्की विद्यार्थी
५, भिमकुमारी मगर विद्यार्थी
६, मनिषा राई विद्यार्थी
७, युवराज खडका विद्यार्थी
८, लक्ष्मी सुवेदी विद्यार्थी
९, सविना कट्वाल विद्यार्थी
१०, रञ्जना बुढाथोकी विद्यार्थी
११, तुलषा निरौला विद्यार्थी
१२, अनिशा तामाङ विद्यार्थी
१३, सन्ध्या राई विद्यार्थी
१४, एमे्श ढकाल विद्यार्थी
१५, स्वस्तिका फयाल विद्यार्थी
१६, सपना कार्की विद्यार्थी
१७, लमी शेर्पा विद्यार्थी
१८, सपना फयाल विद्यार्थी
१९, सरु विष्ट विद्यार्थी
२०, लिला घिमिरे विद्यार्थी
२१, एमे्श भट्राई विद्यार्थी
२२, निरोज तिरुवा विद्यार्थी
२३, सुनिता खत्री विद्यार्थी
२४, पवन पोखरेल विद्यार्थी
२५, पवन कट्वाल विद्यार्थी
२६, मीनकुमार दाहाल प्राध्यापक
२७, लक्ष्मीकुमार राई प्राध्यापक

**यस क्याम्पसमा प्राथमिक उपचारका निम्ति सर्म्पक व्यक्तिहरू :**

- उप-प्राध्यापक- श्री लिला बहादुर खत्री ९८४२८४९३०६
- क्याम्पस प्रमुख- श्री कृष्ण बहादुर राई ९८४२८७७१०७
- विद्यार्थी- श्री तुलसा निरौला ९७४६३६४१६५
- विद्यार्थी- श्री लिला घिमिरे ९७४५२७३५६५
- विद्यार्थी- श्री सरु विष्ट ९८४३२८७६५२
- कर्मचारी- श्री रामचन्द्र राई ९८४२९०६०५५

यस दिक्तेल क्याम्पसमा सञ्चालित प्राथमिक उपचार क्षेत्रको फोकल पर्सनको जिम्मेवारी सहायक प्राध्यापक श्री लिला बहादुर खत्रीलाई प्रदान गरिएको छ । यस दिक्तेल बहुमुखी क्याम्पसको समग्र गतिविधिलाई सहयोग गर्न तथा विशेष अतिरिक्त क्रियाकलाप प्राथमिक उपचार तथा सरसफाइको क्षेत्रमा कार्य गर्न युवा रेडक्रस सर्कलको समेतको व्यवस्था गरिएको छ । युवा रेडक्रस सर्कलको कार्यसमिति विवरण तपशिल अनुसार रहेको छ ।

**कार्यसमिति :**

१. अध्यक्ष- श्री आयुश राई ९८४२१३७७८९

२. उपाध्यक्ष- श्री सपना नेपाली ९७६३७०२९२८

३. सचिव- श्री बिजय खड्का ९७६५३२९१९५

४. सह-सचिव- श्री भिषण कार्की ९८६११०९३३३

५, कोषाध्यक्ष- श्री लक्ष्मी भट्टराई ९७४५४६४९४०

६. सदस्य- श्री मोहन श्रेष्ठ ९७४५२७८६०९

७. सदस्य- श्री युवराज खड्का ९८६०१४७५७३

८. सदस्य- श्री अनुसिल राई ९७६३४६३३८७

९. सदस्य- श्री चन्द्रकला मगर ९७६९७३६७७५

१०. सदस्य- श्री तुलषा निरौला ९७४६३६४१६५

११, सदस्य- श्री सपना फुयल ९७६५२६७१२३

शिक्षक नायक- श्री नईन्द्र कुमार खत्री

सह-शिक्षक नायक- श्री सुवाश चन्द्र राई

**सल्लाहाकार समिति :**

१, संयोजक- श्री लिला बहादुर खत्री

२, सदस्य- श्री रविन सुनुवार

३, सदस्य- श्री कृष्ण बहादुर गुरुङ

**दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल, खोटाङ**
**प्राथमिक उपचार सामग्रीको विवरण २०८२/०८३ :**

- दराज थान- १
- खाट थान- २
- स्ट्रेचर थान- १
- कम्बल थान- ३
- पाल थान- २
- तन्ना थान- ५
- बाल्टी थान- २
- जग थान- १
- थर्मोमिटर- थान १
- तौलिया थान- २
- म्याट्ट्रेस थान- २
- सिरानी थान- १
- सेनेटरी प्याड थान- ५०प्याक
- कुर्सी थान- ५
- साबुन र साबुन केस थान- ३/३
- सेनिटाइजर बोतल - ५
- माक्स - ३०० पिस
- औषधिहरू : सिटामोल- ७०० पिस, एम्जिट- १०० पिस, ब्रोफिन- ४०० पिस, हेन्डिप्लाष्ट, बेटाडिन- २ बोतल, जीवन जल- ७० प्याकेट, कपास, आदि ।

**दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल, खोटाङ**
**भौतिक सामग्रीको विवरण २०८२/०८३ :**

- जग्गा- ३५-१-२-३ रोपनी महोत्सवबाट प्राप्त भएको सहित) ।
- भवन सङ्ख्या- १८ (पक्की २ तले-५ बाँकी सबै एकतले कच्ची)
- शिक्षणसिकाइमा प्रयोग भएका भवन सङ्ख्या- १२
- शिक्षण सिकाइमा प्रयोग भएका कक्षा कोठा सङ्ख्या- २४
- सहायक क्याम्पस प्रमुख शिक्षा र मानविकी- (१+१)=२ कोठा
- कम्प्युटर ल्याव+EMIS- (१+१)= २ कोठा
- व्यवस्थापन सङ्काय क्याम्पस प्रमुख कार्यकक्ष- १ कोठा
- स्टोर- १ कोठा

- क्याम्पस प्रशासनिक भवन- १ वटा
    - क्याम्पस प्रमुख कार्यकक्ष- १ कोठा
    - लेखा, परीक्षा शाखा- १ कोठा
- लाईब्रेरी भवन सङ्ख्या- १ कोठा
- सभाहल भवन सङ्ख्या-१ कोठा
- तल्लो भवन- १
- हाइटेक - १
- प्राथमिक उपचार कक्ष- १ कोठा
- लेडिज चेन्जिङ रुम- १ कोठा
- विद्यार्थी युनियन कक्ष- १ कोठा
- विद्यार्थी होस्टल भवन सङ्ख्या- १
- (कोठा सङ्ख्या- ८, सञ्चालन- २ वटा)
- QAA Office– 6 rooms
- ६० मिटर सर्पोट वाल निर्माण
- प्रशासनिक भवन तर्फ अस्थायी घेराबारा सम्पन्न
- शौचालय- १२ वटा
- सञ्चालन कोठा - २१, महिला- ८, पुरुष- ७, संयुक्त- ६
- डेक्सबेन्च फलामे सङ्ख्या- २७० जोर
- डेक्सबेन्च काठको सङ्ख्या- ३४६ जोर
- ह्वाइटवोर्ड- २०
- टेवल सङ्ख्या- ७४
- कुर्सी जम्मा- २९०
- लङ चियर- २७
- सोफा सेट- १ सेट
- स्टील दराज- ५ वटा
- काठको दराज- १९ वटा
- रिडिङ रुम टेबल - ७ वटा
- कम्प्युटर टेबल- २४ वटा
- स्टील ऱ्याक- २१ वटा
- काठको ऱ्याक- ३५ वटा
- लेक्चर बोर्ड - १५
- रोष्टम - २
- कम्प्युटर- ५७
- ल्याप्टप- ८ वटा
- प्रिन्टर- ७ वटा
- प्रोजेक्टर- १४ वटा
- फोटोकपी मेसिन- १ वटा
- पुसपिन बोर्ड- १ वटा
- खाट- १८ वटा
- पुस्तक- २४७७७ थान
    - विषयगत- १५१२७ थान
    - रिफरेन्स- ९६५० थान
- स्ट्रेचर- १ वटा
- पाल- २ वटा
- कम्बल- ३ वटा
- सूचना पार्टी- ४ थान
- डस्ट बिन- १२ थान
- ईन्टरनेट
- हिल टेङ्क- ५थान
- Web camera – 5
- Head phone – 2
- Head sheet – 3
- CCTV– 1 Camera – 9
- Display board– 1
- Interactive white board– 1
- Smart board– 1

# त्यस्तो नभएपछि



मीन कुमार दाहाल
सहायक प्राध्यापक
दिक्तेल बहुमुखी क्याम्पस

कुनै एउटा गाउँमा राकेश, उसकी श्रीमती उमा, राकेशका बा र आमा गरी जम्मा ४ जनाको परिवार थियो । एक दिन राकेश ससुराली गएको बेलामा उसको साथी रमेश राकेशलाई भेट्न आयो । त्यहाँ राकेशका बाबु र आमा मात्र थिए । अनि रमेशले उनीहरूलाई सोध्यो, आमा अझै राकेश दाइ आएका छैनन् ? राकेशका बाबूले भने अहिले १०/१५ दिन भयो ससुराली गएको उसकी श्रीमतीसँग आजसम्म फिरेको छैन । के भयो र ? राकेशको बुबाले उदासिन हुँदै यी कुरा भनेपछि रमेशलाई अचम्म लाग्यो र उसले टोलाएर सोच्यो, हैन ! हिजो बजारमा दिनभरि राकेश दाइ र म गफ गरेर बसेका थियौँ । उनले मलाई केही पनि भनेनन् । के भएर राकेश घरमा आएनन् त ? रमेश एकोहारो साचिरहेको देखेर राकेशको बुबाले सोधे के भयो रमेश ? किन तिमी एकोहोरो टोलाइरहेका छौ ? उसले झसङ्ग हुँदै भन्यो हैन-हैन केही पनि भएको छैन अङ्कल हिजोको अफिसको अप्ठ्यारो काम बारेमा सच्दैछु ।

रमेशलाई अत्यन्तै आश्चर्य लाग्यो र ऊ त्यहाँबाट विदा भएर जाने निर्णय गऱ्यो । राकेशकी आमाले खाजा खाएर जाऊ भनिन्, हरेक जिद्दी गर्दा पनि ऊ अतालिँदै खाजा सधैँ खाएको त हो नि, आज मलाई एकदम हतार छ भन्दै ऊ त्यहाँबाट निस्कियो । ऊ त्यहाँबाट निस्केपछि राकेशलाई खोज्न बजारमा धेरै ठाउँहरू घुम्यो । तर राकेशलाई कतै भेटेन । संयोगवश ऊ बसमा चढेर गइरहेको बेला बसमा एक्कासी रमेशले राकेशलाई झोकाइरहेको देख्यो । हतार-हतार बस रोक्न लगाई बसको भाडा तिरी ऊ राकेश भएतिर गयो । राकेशको नजीकै पुगेर रमेशले भन्यो, 'दाइ ! तिमीलाई के भयो ? किन निन्याउरो देखिन्छौ त ? फेरि यतिका दिन भइसक्दा पनि घर गएका रहेनछौ । बिहान म तिमीलाई भेट्न घरमा जाँदा अङ्कल र आन्टी दुवै चिन्ताले धेरै पिरोलिइरहनु भएको थियो । यसरी रमेशले राकेशलाई धेरै कुराहरू सोध्यो । तर राकेश केही बोलेन, फेरि रमेशले राकेशलाई सोध्यो, हैन दाइ के भयो तिमीलाई ? किन नबोलेके के त्यस्तो विपत्ति पऱ्यो कि ? केही पनि भन्दैनौ, कि भाउजूलाई बिराम लाग्यो ? ए ! खोई भावी नि ? आदि थुप्रै प्रश्नहरू सोध्दा समेत राकेश बोलेन । अन्तमा उसले भन्यो "हेर रमेश ! दशा लागेपछि मानिसलाई ठूलो विपत्ति पर्दोरहेछ ।" यसो भनेर राकेशले अँध्यारो अनुहार लगायो र ऊ केही बोलेन । त्यसपछि रमेशले भन्यो, "हिम्मत गर दाइ ! तिमीलाई त्यस्तो ठूलो विपत्ती के पऱ्यो ? त्यसपछि राकेशने सबै घटनाको विवरण सुनायो । घटना यस्तो थियो ऊ र एमा सालीको विवाह भनेर घरबाट ससुराली गए । ससुरालीमा सालीको विवाह भएपछि भोलिपल्ट हामी हाम्रो घरतिर

फर्किरहेका थियौँ बाटामा एमाले मलाई तिर्खा लाग्यो भनिन् । मैले पानी पिउन जाऊ न त ! भनेर नजिकैको धारा देखाएर पिपलको बोट मुनि चौतारामा सितल ताप्न थालेँ । एकछिनपछि पानीको धारा भए तिरबाट चिच्याएको आवाज आयो, ओहो ! उमालाई के भयो ? भनेर दौडदैँ जाँदा उमा पानी पिउँदापिउँदै चिप्लेर ढुङ्गामाथि पछारिइछन् । म त्यहाँ पुग्दा उनी बेहोसमा थिइन् । मैले उठाउन प्रयास गरे तर सकिनँ । केही समयपछि एउटा घाँस काट्ने घाँसी आई पुग्यो र उसको मद्दतले बस स्टेशनसम्म ल्याई बसमा चढाई हस्पिटल पुऱ्याएर भर्ना गरेँ । यसो भन्दै राकेश रुन थाल्यो । के त्यसो भए तपाइँले भाउजूलाई बचाउन सक्नुभएन ? रमेशले उसलाई सोध्यो, राकेशले जवाफ दिएन । त्यसपछि रमेशले उसलाई साहस दिँदै थियो । अहिलेसम्म त मृत्यु भएको छैन, तर ..................। रमेशले भन्यो, " हिम्मत नहार दाइ ! विपत्ति भनेको मानिसलाई नै पर्छ । हामीले धैर्य धारण गर्न सक्नुपर्छ । विपत्तिमा सहन सक्ने पो सक्ने त भाउजूलाई केही पनि हुँदैन ।" यसरी रमेशले राकेशलाई वरपर भएका विभिन्न घटनाहरूको उदाहरण दिएर सम्झाउने प्रयास गऱ्यो ।

उताबाट महिला डाक्टर आएर राकेशलाई भनिन् "तपाइँ भित्र आउनु पऱ्यो अर ! बिरामीले बोलाएको छ ।" यो शब्द सुन्नासाथ राकेशले हर्ष मान्दै भन्यो के एमाको होस फिऱ्यो ? के तिनी पक्कै सञ्चो भइन् ? के यो कुरा पक्कै साँचो हो ? यसरी राकेश बोलिरहेको बेलामा रमेशले भन्यो, "हिँड दाइ ! उता भाउजूले के सोचिसक्नु भयो होला ?" दुवै जना हस्पिटलभित्र पसे । डाक्टरले सल्लाह दिए, "उनीलाई आराम गर्न दिनुहोस्, एकछिन नबोलाउनुहोस्, बरु एकछिन तपाइँ मसँग माथि कोठामा आउनुहोस् ।" डाक्टरसँग माथि कोठामा राकेश गयो र डाक्टरले राकेशलाई भने तपाइँ पढेलेखेको शिक्षित हुनुहुन्छ, कुरा राम्ररी बुझ्नुहुन्छ हामीले उमालाई बचाउन सक्यौँ । तर............., तर के डाक्टर साहेब ? नलुकाई भन्नुहोस् सबै कुरा खुलस्त भन्नुहोस् । राकेशको प्रश्नपछि डाक्टरले भने, उमाको पेटभित्रको बच्चालाई बचाउन सकेनौँ नि । त्यति भनेर फेरि रोकिएपछि यो हुनै सक्दैन । डाक्टर साहेव हुनै सक्दैन भन्दै रुन थाल्यो र अरु के छ त्यो नलुकाई भन्नुहोस् । त्यसपछि डाक्टरले भने, " अब उमा कहिल्यै बच्चाकी आमा हुन सक्दिनन् ।" त्यहाँ कोलाहलपूर्ण वातावरणले छायो । राकेश चिच्याइ चिच्याई रुन थाल्यो । त्यहाँ रमेश आएर राकेशलाई सम्झायो किन रुन्छौ हुने हुनामी टर्दैन । उता भाउजूलाई कस्तो भएको होला ? यहाँ तिमी रोएर किन वित्यास पार्छौ ? बरु जाऊँ भाउजूलाई हौसला दिऊँ, उहाँको जिन्दगी त बाँच्यो । त्यसपछि राकेशले सम्झेर मनमा कुरा खेलाउदै हो त ठीकै हो भन्दै दुवैजना उमा भएतिर गए ।

उमाले राकेशलाई भनिन्, "मेरो पेट साह्रै दुखिरहेको छ, पेटमा केही भएजस्तो छ ।" राकेशले भन्यो केही पनि भएको छैन । तिमी नअत्तालियौ । यति भनेर राकेशले अँध्यारो अनुहार लगायो । यो थाहा पाएर उमाले फेरि भनिन् "केही भएकै छ, किन कुरा लुकाउँदै हुनुहुन्छ ?"

उमाको यस्तो कुरा सुनेपछि राकेशले भन्यो, "अब हामी घर जाऊ ।" भनी त्यहाँबाट उमा, राकेश र रमेश तीनै जना राकेशको घरतिर लागे । घर पुग्नासाथ राकेशको बाबुले भने, "के भयो छोरा ? किन अँध्यारो अनुहार लगाएको हँ ?" राकेशले भन्यो, "तपाइँकी बुहारी बिरामी छिन् ।" बाबुले उता बुहारीपट्टि हेरेर भने, "किन बुहारी के बिराम लाग्यो ? साह्रै पो दुब्ली भइछ्यौ त ?" राकेशले भन्यो, "सिकिस्त बिराम भएर हस्पिटलबाट भरखरै ल्याएको हो ।" यस्तो शब्द सुन्नासाथ उनले राकेशकी आमालाई बोलाएर भने, "बुहारीलाई उता कोठातिर लैजाऊ अनि हेरविचार गर ।" कोठामा

बस्दै राकेशका बाबुले रमेशलाई सोधे, "के भएर मेरी बुहारीलाई बिराम लागेछ ?" खै राकेश बोल्दैन उता राकेशकी आमाले राकेशलाई बोलाइन्, "नानी यता आइज ।" राकेश उता आमा भएतिर गयो । रमेशले एमा बिरामी भएको वृतान्त घटना सुनायो । राकेशकी आमाले शङ्का गरिन् अनि पेटको बच्चा ? बाँकी बोल्न नपाउँदै राकेशका बाबुले उनलाई झपारे, "तँलाई जे पायो त्यही बोल्नु पर्छ हैन ?" रमेशले जवाफ दियो, "हो अङ्कल, आन्टीले शङ्का गरेको कुरा ठीक हो । उमा भाउजूको छोरी खेर गयो ।" यति भनेपछि उनीहरू दुवै छक्क परे । एक आपसमा मुखामुख गरे । फेरि रमेशले भन्यो, "यति मात्रै कहाँ हो र अङ्कल ?" त्यसोभए अरु के त भन न रमेश भनेर राकेशका बुबाले सोधे । रमेशले जवाफ दियो, "म भन्नै सक्दिनँ, यदि मैले भने पनि तपाईंहरू पत्याउनै सक्नुहुन्न ।" उनीहरूले निकै जिद्धी गरेपछि रमेशले भन्यो, "अब उमा भाउजूले कहिल्यै आमा बन्नु हुन्न अरे ।" यो कुरा सुन्नासाथ उनीहरू दुवैले आश्चर्य माने ।

अब बुहारी कहिल्यै बच्चाकी आमा नहुने भन्ने थाहा पाएपछि राकेशका बाबुले छोरालाई अर्को विवाह गर्न आग्रह गरे । तर राकेशले अर्को विवाह नगर्ने जानकारी दियो । यसरी राकेशलाई अर्को विवाह गर्न लगाएको तर राकेशले नमानेको कुरा उसले रमेशलाई भने । त्यसपछि रमेशले भन्यो, 'किन अङ्कल राकेशले अर्को विवाह गर्ने ?" अब त्योबाट मेरो छोराको घर हुँदैन । त्यसैले अर्के विवाह गर्न लगाएको हो बाबु । राकेशको बाबुबाट यस्तो कुरा सुन्दा अचम्म लाग्यो । फेरि राकेशका बाबुले राकेशलाई भने, 'छोरा तैँले अर्की राम्री केटी हेरेर विवाह गर्नुपर्छ, यस केटीले तेरो घरवार हुँदैन ।" बाबुको यस्तो जवाफ सुनेर राकेशले भन्यो, 'म मरे पनि अर्की विवाह गर्दिनँ । हिजो पेटमा बच्चा हुन्जेल चाहिँ तपाईहरूकी बुहारी हुने अहिले उसले कहिल्यै बच्चा नपाउने भन्ने थाहा पाएपछि चाहि नहुने यसरी छोराले अर्को विवाह कुनै हालतमा नगर्ने भन्ने जानकारी पाएपछि उसले बुहारीलाई तथानाम गाली गर्नथाले । बुहारीलाई गाली गरेको सुनेर राकेशले भन्यो, 'किन बुबा एउटा निर्दोष नारीमाथि गाली गर्नु भा'को हुने हुनामी टर्दैन । विचारालाई अहिले कस्तो पीडा परेको होला उल्टै तपाईं गाली गर्नुहुन्छ ।

यसरी बुहारीको पक्षमा रहेर कुरा गरेको सुनेर उनले छोरालाई समेत झपार्न थाले । अनावश्यक रूपमा आफूलाई झपारेको सुनेर राकेशले पनि ठूलो-ठूलो स्वरमा बाबुलाई कराउँदै भन्यो, 'बुबा तपाईं नारीमाथि अनावश्यक लाञ्छना नलगाउनुहोस् । के तपाईंसँग मानवीय भावना छैन । के उससे बाँच्न पाउने अधिकार छैन । यदि बच्चा नपाउने हुँदैमा महिलाहरूलाई पुरुषले दमन गरिहाल्नुपर्छ, यसरी म त एउटी अबोध महिलामाथि दमन गर्दिनँ ।" एक्कासी उमा पनि त्यहाँ आइपुगिन् र राकेशले भन्यो, किन तिमी यहाँ आएकी उता जाऊ न । फेरि राकेशले आमातिर इङ्गित गर्दै भन्यो, "बोल्नुहोस् आमा ! के तपाईंकी निर्दोष बुहारी उमालाई यो घरबाट खेदेर म अर्की बुहारी बिहे गरौं ?" यो शब्द सुन्नासाथ राकेशका बुबाले अत्यन्त कड्केर भने, "यदि तँ अर्को विवाह गर्दैनस् र त्यही बुहारीसँग जीवन बिताउँछस् भने तुरुन्त तँ यो घरबाट निक्लेर गइहाल । तैँले मसँग एकछिन पनि बस्नु पर्दैन, जा. जा. जा" भनेर उनले भनेपछि उमाले रुदै भनिन्, "यो मेरै कारणले यस्तो भएको हो भने यो घर छोडिदिउँला ।" यस्तो शब्द सुन्नासाथ राकेशले भन्यो, "यसरी एउटी निर्दोष महिलामाथि दमन गर्न कुनै हालतमा पनि पाइदैन ।"

राकेशले भन्यो, "बरु यस घरबाट म होईन तपाईं निस्कनु पर्छ । जसले अन्याय गर्दछ त्यसको विरुद्धमा हामी सहनु पर्छ । यहाँ उमाले तपाईंको के बिगारेकी छिन् । परिस्थितिले उनी चिप्लिएर लडिन् र

झण्डै ज्यानै गयो, ज्यान बचाउन सफल भएकोमा हामीले उसलाई धन्यवाद दिनुपर्छ ।'' उल्टै उसप्रति अमानवीय व्यवहार गर्नु तपाईंको दानवीय प्रवृत्ति होईन ? एकपल्ट दिमाग खियाएर सोच्नुहोस् तपाईं गल्ती गर्दै हुनुहुन्छ, कि अब यस घरबाट एमालाई निकालेर उसको जाने ठाउँ कहाँ हो ? पहिले उसलाई हामीले के भनेर विवाह गरी ल्याएको थियौं ? त्यसैले हामीले उसलाई पहिलेको भन्दा बढी माया र सहानुभूति प्रकट गर्नुपर्छ । किनभने उसको पहिले जस्तो कुनै काम गर्नसक्ने ज्यान र क्षमता छैन । राकेशका यी कुराहरू सुनेपछि उसकी आमा र रमेश ज्यादै खुशी भए । राकेशका बाबु भने छक्क परेर हेरिरहे । उता उमा पनि हँसिलो अनुहार लगाउँदै आफ्नो कोठातिर गइन् । अरु सबैको मनसाय बुझिसकेपछि फेरि राकेशने कुरा थप्दै भन्यो, “हेर्नुहोस् बुबा हाम्रो समाजमा हरेक महिलामाथि गरिने सामाजिक भेदभाव र कुप्रवृत्तिको जबसम्म अन्त्य हुँदैन तबसम्म यहाँका जनताको आर्थिक, राजनैतिक र सामाजिक अवस्था कहिल्यै माथि उक्सँदैन । कुनैपनि समाजको उत्थानका लागि महिला र पुरुष दुवैको समान दायित्व हुन्छ । यदि त्यसमध्ये एउटाको कमी भएमा पारिवारिक कलह, अनुपयुक्त घटनाहरू घट्ने हुँदा उनीहरूको जीवनमा नैराश्य उत्पन्न हुन्छ । उनीहरू उत्पादनशील कार्यमा लाग्दैनन्, जसको फलस्वरूप आर्थिक अवस्था घट्दै जान्छ ।'' छोराका यी सबै कुराहरू सुनेपछि आफूले नारीमाथि हेरिने दृष्टि गलत रहेको र आइन्दा यस्तो विषयमा कहिल्यै गल्ती नगर्ने दृढता प्रकट गरेपछि उनीहरू सबै आ-आफ्नो काममा लागे ।


# शुभकामना

**नेपालीहरूको महान् चाड वडादशैं, शुभ दीपावली, नेपाल संवत् ११४६, छठ, उँधौली र ल्होसारको अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

**साथै**

**यस सरस्वती मा.वि. मा विज्ञान, शिक्षा, मानविकी र व्यवस्थापन विषयमा ११-१२ कक्षा तथा १८ महिने बाली विज्ञान विषयमा समेत पठन-पाठन सञ्चालनमा रहेको व्यहोरा सम्पूर्णमा सहर्ष अवगत गराउँदछौं ।**

## सरस्वती मा.वि., दित्तेल

**दित्तेल रूपाकोट मझुवागढी नगरपालिका- १, दित्तेल, खोटाङ**

**शिवहरी ढकाल**
**प्रधानाध्यापक**
**९८५२८४९३३२**

**इन्दिरा बस्नेत**
**अध्यक्ष, विद्यालय व्यवस्थापन समिति**
**९८६२८१८२३१**

एवम्

विद्यालय परिवार

# शिक्षालयमा प्राथमिक उपचार तथा यसको महत्त्व



लिलाबहादुर खत्री
(उप-प्राध्यापक)
दिक्तेल बहुमुखी क्याम्पस
lilakhatri386@gmail.com

## परिचय (Introduction) :

प्राथमिक उपचार (First Aid) भनेको कुनै व्यक्ति घाइते भएमा वा अचानक बिरामी पर्दा तत्काल प्रदान गरिने प्रारम्भिक सहायता हो । यो कुनै विशेषज्ञ चिकित्सकको आवश्यकता बिना नै सामान्य व्यक्तिले दिन सक्ने आधारभूत उपचार हो, जसले घाइतेको अवस्थालाई स्थिर राख्न मद्दत गर्छ र थप चिकित्सकीय सहायता उपलब्ध नहुँदासम्म जीवन बचाउन सक्छ । नेपाल जस्तो भौगोलिक रूपमा विविध र अधिकांश भाग ग्रामीण रहेको देशमा प्राथमिक उपचारको महत्त्व अझ बढी छ । विशेष गरी विद्यालय र क्याम्पसहरूमा, जहाँ बालबालिका तथा युवाहरूको ठूलो सङ्ख्यामा दैनिक रूपमा क्रियाशील हुन्छन्, दुर्घटना र स्वास्थ्य समस्याहरू सामान्य घटना भएता पनि त्यस्ता घटनाहरूको तत्काल समस्या समाधान गर्नु नितान्त आवश्यक हुन्छ ।

नेपालको ग्रामीण क्षेत्रहरूमा विद्यालयहरू प्रायः दूरदराजमा अवस्थित हुन्छन्, जहाँ स्वास्थ्य केन्द्रहरू वा अस्पतालहरू पुग्न घण्टौं लाग्न सक्छ । उदाहरणका लागि हिमाली,पहाडी र तराईका ग्रामीण विद्यालयहरूमा सडक सुविधाको अभाव, मौसमी बाढी वा भूकम्प जस्ता प्राकृतिक विपत्तिहरूले स्वास्थ्य सेवालाई थप जटिल बनाउँछन् । विश्व स्वास्थ्य संगठन (WHO) का अनुसार, विश्वव्यापी रूपमा प्रत्येक वर्ष लाखौं व्यक्तिहरू दुर्घटनामा पर्छन्, र तीमध्ये धेरैलाई प्राथमिक उपचारको अभावमा ज्यान गुमाउनु पर्छ । नेपालमा पनि, राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद् (NHRC) को अध्ययनहरूले देखाएका छन् कि ग्रामीण क्षेत्रका विद्यालयहरूमा शिक्षक र विद्यार्थीहरूको प्राथमिक उपचार सम्बन्धी ज्ञान अपर्याप्त छ, जसले गर्दा सानो दुर्घटनालाई पनि गम्भीर बनाउँछ ।

वर्तमान समयमा, जलवायु परिवर्तन, महामारीहरू (जस्तैः COVID-१९), र बढ्दो दुर्घटनाहरू (जस्तैः सडक दुर्घटना, सर्पको टोकाइ......) ले प्राथमिक उपचारलाई अझ आवश्यक बनाएको छ । नेपालको ग्रामीण भेगमा, जहाँ ७०% भन्दा बढी जनसङ्ख्या बसोबास गर्छ, विद्यालयहरूले मात्र शिक्षा दिने नभई स्वास्थ्य सुरक्षा सुनिश्चित गर्ने भूमिका निर्वाह गर्नुपर्छ । यो लेखले प्राथमिक उपचारको

परिचय, उद्देश्य, प्राथमिक उपचारका सिद्धान्त, महत्त्व, तथा केही आधारभूत विधिहरूबारे चर्चा गर्ने छ, जसलाई नेपालका ग्रामीण शिक्षालयहरूमा लागू गर्न सकिन्छ । यसले शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई प्रेरित गर्दै स्वास्थ्य सुरक्षित वातावरण निर्माणमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

**प्राथमिक उपचारका उद्देश्यहरू (Objectives of First Aid) :**

प्राथमिक उपचारको मुख्य उद्देश्य भनेको दुर्घटना वा स्वास्थ्य समस्या भएमा तत्काल सहायता प्रदान गरी घाइतेको जीवन बचाउनु, दुखाइ कम गर्नु, र थप क्षति रोक्नु हो । नेपालका ग्रामीण विद्यालयहरूमा यसका उद्देश्यहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

१. **जीवन रक्षा सुनिश्चित गर्नु** : ग्रामीण क्षेत्रमा स्वास्थ्य सुविधाको अभावले गर्दा सानातिनो घाउचोट वा हृदयघात जस्ता घटनामा तत्कालको उपचारले जीवन बचाउन सक्छ । उदाहरणका लागि, सर्पको टोकाइ, घाउचोट, बेहोसी,.......जस्ता सामान्य घटनामा प्राथमिक उपचारले जटिलता रोक्न मद्दत गर्छ ।

२. **शिक्षक र विद्यार्थीहरूलाई सशक्तीकरण गर्नु :** विद्यालयहरूमा प्राथमिक उपचार प्रशिक्षणले शिक्षकहरूलाई 'प्रथम प्रतिक्रियाकर्ता' बनाउँछ। नेपालमा नेपाल रेडक्रस सोसाइटी तथा Volunteers Initiative Nepal (VIN) जस्ता संस्थाहरूले ग्रामीण विद्यालयहरूमा प्रशिक्षण दिँदै आएका छन्, जसले शिक्षकहरूलाई आधारभूत सीप विकास गराउँछ । यसको उद्देश्य विद्यार्थीहरूलाई पनि प्रशिक्षित गर्नु हो, जुन सिकाइ उनीहरूका लागि भविष्यमा उपयोगी हुन्छ ।

३. **समुदाय स्तरमा स्वास्थ्य जागरण फैलाउनु :** ग्रामीण नेपालमा विद्यालयहरू समुदायको केन्द्रमा हुन्छन् । प्राथमिक उपचारको प्रशिक्षणले अभिभावक र स्थानीयहरूलाई पनि समावेश गर्दा समुदायको स्वास्थ्य स्तर उकास्न सकिन्छ । उदाहरणका लागि नेपाल रेडक्रस सोसाइटी जस्ता संस्थाहरूले नेपालका दूरदराजका विद्यालयहरूमा शिक्षकहरूलाई प्रशिक्षण दिँदै आएका छन्, जसको उद्देश्य विपद् व्यवस्थापनमा योगदान दिनु हो ।

४. **विपद् तयारी बढाउनु :** नेपाल भूकम्प, बाढी जस्ता प्राकृतिक विपत्तिहरूको जोखिममा छ । प्राथमिक उपचारको उद्देश्य यस्ता घटनामा तत्काल प्रतिक्रिया दिनु हो। NHRC को एक अध्ययनले शिक्षकहरूको प्राथमिक उपचार ज्ञान कम छ, जसलाई सुधार्न प्रशिक्षण आवश्यक छ ।

५. **स्वास्थ्य असमानता कम गर्नु :** ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच कम छ । प्राथमिक उपचारले यसलाई पूर्ती गर्दै स्वास्थ्य असमानता घटाउँछ। नेपालमा, पहिलो सहायता प्रशिक्षणलाई पाठ्यक्रममा समावेश गरी विद्यार्थीहरूलाई जीवनउपयोगी सीप सिकाउनु पर्छ । यसका अलवा निम्न उद्देश्य समेत निर्धारण गर्न सकिन्छ ।

❖ बिरामी वा घाइतेको जीवन बचाउनु,
❖ बिरामी वा घाइतेको अवस्था थप जटिल हुनबाट जोगाउनु,
❖ अवस्थामा सुधार ल्याउनु,

- ❖ प्रकृतिअनुसार घाइतेलाई सम्बन्धित अस्पताल पुऱ्याउनु,
- ❖ घाइतेको मनोबल बढाउनु,
- ❖ आवश्यकताअनुसार चिकित्सकलाई घाइतेको पूर्व अवस्थाबारे अवगत गराउँनु आदि

यी उद्देश्यहरूले ग्रामीण क्षेत्रका विद्यालयहरूलाई सुरक्षित र सशक्त बनाउँछन्, जसले वर्तमान समयको आवश्यकतालाई सम्बोधन गर्न सक्नुपर्छ ।

**प्राथमिक उपचारका सिद्धान्त (Principles of First Aid)**

प्राथमिक उपचार निम्न सिद्धान्तका आधारमा गर्ने गरिन्छ ।

- ❖ सुरक्षा प्रथम,
- ❖ सुरक्षित रूपमा घटनास्थल पुगी सूक्ष्म अध्ययन गर्ने,
- ❖ दुर्घटनाका कारक तत्त्वहरूलाई हटाउने,
- ❖ घाइतेलाई सुरक्षित स्थानमा सार्ने,
- ❖ ध्यानपूर्वक प्राथमिक उपचारको कार्य प्रारम्भ गर्ने,
- ❖ अधिकतम् अरुको सहयोग लिने,
- ❖ श्वासप्रश्वास र रक्तसञ्चार जाँच्ने,
- ❖ घाइतेलाई सकेसम्म हलचल नगराउने,
- ❖ घाइतेलाई अतिछिटो अस्पताल पुऱ्याउने ।

**प्राथमिक उपचारको महत्व (Importance of First Aid) :**

वर्तमान समयमा प्राथमिक उपचारको महत्त्वलाई नकार्न सकिन्न, विशेष गरी नेपालका ग्रामीण शिक्षालयहरूमा यसको महत्त्वलाई निम्न बुँदाहरूमा वर्णन गर्न सकिन्छ :

१. **जीवन बचाउने क्षमता :** ग्रामीण नेपालमा अस्पताल पुग्न घण्टौं लाग्नसक्छ । प्राथमिक उपचारले तत्काल सहायता दिई मृत्यु दर घटाउँछ । उदाहरणका लागि, एक अध्ययनले देखाएको छ कि नेपालका विद्यालयहरूमा शिक्षक र विद्यार्थीहरूको प्राथमिक उपचार ज्ञान कम छ, तर प्रशिक्षणपछि यो बढ्नेछ । सर्पको टोकाइ, जुन तराईका ग्रामीण क्षेत्रमा जटिल समस्या छ, त्यसमा तत्काल उपचारले विष नियन्त्रण गर्नसक्छ ।

२. **विपद् व्यवस्थापनमा भूमिका :** नेपालमा भूकम्प (२०७२) जस्ता घटनाले हजारौँलाई प्रभावित पारेको छ । ग्रामीण विद्यालयहरूमा प्राथमिक उपचार किट र प्रशिक्षित शिक्षकहरूले विपद्मा महत्त्वपूर्ण भूमिका खेल्छन् । State या Post–injury First Response Systems in Nepal को अध्ययनले देखाएको छ कि आधारभूत प्रशिक्षण १-१६ दिनको हुन्छ, जसले सामान्य जनतालाई सक्षम बनाउँछ ।

३. **शिक्षक र विद्यार्थीहरूको सशक्तीकरण :** विद्यालयहरूमा दुर्घटना बढी हुन्छन् (जस्तैः खेलकुदमा चोटपटक) । प्राथमिक उपचारले शिक्षकहरूलाई विश्वास दिन्छ । नेपालमा, सेकेन्डरी स्कूल

शिक्षकहरूको प्राथमिक उपचार ज्ञान र अभ्यासबारे अध्ययनले देखाएको छ कि उनीहरू बढी जोखिममा छन्, तर प्रशिक्षणले सुधार ल्याउँछ । ग्रामीण क्षेत्रमा प्राथमिक उपचार अझ महत्त्वपूर्ण छ किनकि स्वास्थ्यकर्मीहरू कम छन् ।

४. **समुदाय स्वास्थ्यमा योगदान :** विद्यालयहरूले समुदायलाई प्रभाव पार्छन् । प्राथमिक उपचार प्रशिक्षणले अभिभावकहरूलाई पनि जागृत गर्छ । Pilot Training Program on Hands–Only CPR in Nepal ले देखाएको छ कि ग्रामीण क्षेत्रमा पुलिस र आर्मीलाई प्रशिक्षण दिँदा फाइदा हुन्छ, जसलाई विद्यालयमा विस्तार गर्न सकिन्छ ।

५. **आर्थिक बचत र स्वास्थ्य असमानता घटाउने :** ग्रामीण नेपालमा स्वास्थ्य खर्च उच्च छ । प्राथमिक उपचारले अस्पताल भर्ना कम गर्छ । Barriers and facilitators to learning first aid in Nepal को अध्ययनले देखाएको छ कि जनताको सम्मान र सहायता गर्ने इच्छाले सीप सिक्न प्रेरित गर्छ ।

६. **मानसिक स्वास्थ्य र दीर्घकालीन फाइदा :** वर्तमान समयमा, मानसिक स्वास्थ्य समस्या बढ्दो छ । Mental Health First Aid प्रशिक्षणले यसलाई सम्बोधन गर्छ । ग्रामीण क्षेत्रमा, यो विद्यार्थीहरूका लागि महत्त्वपूर्ण छ ।

७. **शिक्षा प्रणालीमा एकीकरण :** नेपाल सरकारले स्वास्थ्य शिक्षालाई पाठ्यक्रममा समावेश गर्दै छ । यसले विद्यार्थीहरूलाई जीवनउपयोगी सीप दिन्छ, जसले राष्ट्रिय विकासमा योगदान पुऱ्याउँछ । प्राथमिक उपचारको महत्त्वलाई अझ स्पष्ट बनाउन निम्न बुँदाहरूको प्रयोग गर्न सकिन्छ ।

- ❖ घाइतेको अवस्था थप जटिल हुनबाट बचाउँछ,
- ❖ जटिल दुर्घटनाबाट हुने मृत्युको सम्भावनालाई कम गराउँछ,
- ❖ घाइतेको मनोबल बढाउन सघाउँछ,
- ❖ घाइतेको अवस्था र किसिमको आधारमा सम्बन्धित अस्पतालमा पुऱ्याउन सघाउँछ,
- ❖ घाइतेहरूको प्रकृतिअनुसार प्राथमिकताका आधारमा सबैलाई तत्कालीन उपचार सेवा प्रदान गर्छ,
- ❖ अस्पतालमा चिकित्सकलाई घाइतेको अवस्थाको विवरण प्रदान गरी सहयोग गर्छ,
- ❖ घाइतेमा पूर्ण स्वस्थ हुने आत्मबल बढाउँछ ।

यी महत्त्वहरूले स्पष्ट हुन्छ, कि प्राथमिक उपचार ग्रामीण क्षेत्रका विद्यालयहरूको लागि मात्र आवश्यक नभएर समग्र मानव जीवन तथा गतिविधिमा नै आवश्यक छ ।

### केही प्राथमिक उपचार विधिहरू :

नेपालका ग्रामीण शिक्षालयहरूमा सामान्य दुर्घटनाहरू जस्तैः घाउचोट, सर्पको टोकाइ, मर्कने, जल्ने, हृदयघात, आदि हुन्छन् । यहाँ केही आधारभूत विधिहरू वर्णन गरिएको छ, जसलाई शिक्षक र विद्यार्थीहरूले सजिलै सिक्न सक्छन् । यी विधिहरू American Red Cross र WHO का दिशानिर्देशहरूमा आधारित छन्, तर स्थानीय सन्दर्भमा अनुकूलित हुनसक्छन् ।

**१. घाउ वा काटेको उपचार :** ग्रामीण क्षेत्रमा खेलकुद वा कृषि कार्यमा घाउचोट सामान्य हुन्छ । घाउचोट लागेको प्राथमिक उपचार गर्दा निम्न विधि अवलम्वन गर्नु पर्छ :

- ❖ घाइतेलाई शान्त राख्नुहोस्,
- ❖ हात सफा गरेर घाउलाई पानी र साबुनले धुनुहोस्,
- ❖ रगत बगिरहेको छ भने सफा कपडाले दबाउनुहोस्,
- ❖ बेटाडिन वा एन्टिसेप्टिक क्रिम लगाएर ब्यान्डेज गर्नुहोस्,
- ❖ यदि गहिरो छ भने अस्पताल लैजानुहोस् ।

**२. सर्पको टोकाइ :** तराईका ग्रामीण क्षेत्रमा यो बढी हुन्छ । सर्पको टोकाइको प्राथमिक उपचार गर्दा निम्न विधि अवलम्वन गर्नु पर्छ :

- ❖ घाइतेलाई हिँड्न नदिनुहोस,
- ❖ टोकेको भागलाई हृदयभन्दा तल राख्नुहोस्,
- ❖ टोकेको ठाउँलाई दबाउने कपडाले बाँध्नुहोस्,
- ❖ विष चुस्ने प्रयास नगर्नुहोस्,
- ❖ तत्काल अस्पताल लैजानुहोस्,

**३. मर्कने वा फ्याक्चर** : मर्केको वा फ्याक्चर भएको प्राथमिक उपचार गर्दा निम्न विधि अवलम्वन गर्नु पर्छ :

- ❖ घाइतेलाई हल्लाउन नदिनुहोस्,
- ❖ प्रभावित भागलाई (काठ वा कपडाले) बाँध्नुहोस्,
- ❖ दुखाइ कम गर्न आइस प्रयोग गर्नुहोस्,
- ❖ यदि रगत बगिरहेको छ भने नियन्त्रण गर्नुहोस्,
- ❖ अस्पताल लैजानुहोस् ।

**४. जलेको उपचार :** आगो वा तातो पानीले पोलेको वा डढेको प्राथमिक उपचार गर्दा निम्न कुराहरू ख्याल गर्नु पर्छ :

- ❖ जलेको भागलाई चिसो पानीमा २० मिनेटसम्म राख्नुहोस्,
- ❖ फोका फुटाउने प्रयास नगर्नुहोस्,
- ❖ सफा कपडाले ढाक्नुहोस्,
- ❖ अस्पताल लैजानुहोस् ।

**५. CPR (कार्डियोपल्मोनरी रिसुसिटेसन)** : हृदयघात भएका घाइते वा बिरामीलाई प्राथमिक उपचार गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्छ :

- ❖ व्यक्ति बेहोस छ भने श्वास जाँच्नुहोस्,
- ❖ छातीको बीचमा १००-१२० पटक प्रति मिनेट दबाउनुहोस,
- ❖ यदि प्रशिक्षित छ भने मुखबाट श्वास दिनुहोस् ।

**६. चोकिङ (घाँटी अड्किने) :** खाना अड्किएमा घाइते वा बिरामीलाई निम्न अनुसार गर्नु पर्छ ।

- ❖ पिठ्युँमा ५ पटक थपथपाउनुहोस्,

❖ यदि ननिक्लिए Heimlich Maneuver (पेट दबाउने) गर्नुहोस्,

❖ गर्भवती महिला तथा बच्चाहरूमा सावधानी अपनाउनुहोस् ।

**७. मोच वा दुखाइ :** खेलकुदमबाट भएका घाइते वा बिरामीलाई तत्काल निम्न कार्य गर्नुपर्छ :
RICE विधि: Rest (आराम), Ice (बरफ), Compression (दबाव), Elevation (उचाइ) । दुखाइ कम नभए अस्पताल लैजानुहोस ।

**प्राथमिक उपचार बाकस तथा सामग्रीहरू (First aid box and tools) :**

प्राथमिक उपचार कार्यका निमित्त उपचारकले प्रयोग गर्न निम्न अत्यावश्यक सामग्रीहरू समेतको बाकसलाई प्राथमिक उपचार बाकस (First aid box) भनिन्छ । प्राथमिक उपचार बाकसमा निम्न सामग्रीहरू रहनु पर्दछ :

- Ball pen or Pencil
- Notebook
- Torch Light
- Stretcher
- Dettol or Soap
- Gloves
- Masks
- Tincture Iodine or betadine
- Cotton
- Bandage
- Scissors or Knife
- Dressing Pad
- Safety Pines or clip
- Handiplaster
- Towel or clean cloth
- Thermometer
- Jeevan jal, Cetamole ,Brufin ,Amjit ….etc

## References :

Action Medeor. (n.d.). *First aid training in Nepal*. https://medeor.de/en/news/good-news/201-first-aid-training-in-nepal.html

American Red Cross. (n.d.). *First aid kits for college & university students*. https://www.redcross.org/take-a-class/resources/articles/first-aid-kits-for-college-students

American Red Cross. (n.d.). *First aid steps: Perform first aid*. https://www.redcross.org/take-a-class/first-aid/performing-first-aid/first-aid-steps

American Red Cross. (n.d.). *How to respond: Injury and illness at school*. https://rems.ed.gov/docs/WA_Injury_Illness.pdf

American Heart Association. (n.d.). *CPR in schools*. https://cpr.heart.org/en/training-programs/community-programs/cpr-in-schools

BluePoint Alert Solutions. (n.d.). *School safety 101: Grasping the basics of first aid*. https://bluepointalert.com/school-safety-101-grasping-the-basics-of-first-aid/

CPR Certification Now. (n.d.). *First aid strategies for remote and rural communities*. https://cprcertificationnow.com/blogs/mycpr-now-blog/first-aid-strategies-for-remote-and-rural-communities

Idaho Medical Academy. (n.d.). *Basic first aid skills everyone should learn*. https://www.idahomedicalacademy.com/basic-first-aid-skills-everyone-should-learn/

National Health Research Council. (n.d.). *A research report on knowledge on first aid and emergency management among play school teachers in Lalitpur district*. http://elibrary.nhrc.gov.np/bitstream/123456789/824/2/THS00480-YAD-2018.pdf

Neupane, Iswori parsad and Satyal, Kedar (2072) *Community health Survey* Heritage publishers, Bhotahity Kathmandu

Sharma, S. K., & Bhattarai, A. (2021). *Knowledge of first aid in school students and teachers*. PubMed. https://pubmed.ncbi.nlm.nih.gov/36193670/

Shrestha, R., Shrestha, S. K., Giri, S., Jha, S., & Kayastha, G. (2021). State of post-injury first response systems in Nepal—A nationwide survey. *PMC*, *9*(12), e769846. https://pmc.ncbi.nlm.nih.gov/articles/PMC769846/

Thapa, Bel Bahadur (2068), *Community Health and First Aid*, Giridhar prints putalisadak Kathmandu

Volunteers Initiative Nepal. (n.d.). *First aid in Nepal: An increasingly important skill*. https://www.volunteersinitiativenepal.org/vin-articles/first-aid-in-nepal-an-increasing-more-important-skill/

Yadav, A. K., & Agrawal, S. (2022). Knowledge of first aid in Nepalese school students and teachers. *ResearchGate*. https://www.researchgate.net/publication/326963663_Knowledge_of_First_aid_in_Nepalese_School_Students_and_Teachers

Yadav, S. S., Edwards, P., & Myers, S. (2023). Barriers and facilitators to learning and using first aid skills for road traffic injuries in Nepal. *NIHR Global Health Research*, *8* (6). https://www.journalslibrary.nihr.ac.uk/ghr/published-articles/UTKW6720/

कविता

# पुरुष


लालप्रसाद घिमिरे

उप-प्राध्यापक
दिक्तेल बहुमुखी क्याम्पस

भोटो फाटे टालो हाली टाली दिने दर्जी,
चोली फाटे किनिदिने जस्तो हुन्छ मर्जी ।
भुँडी खाली भयो भने सातु, रोटी अनि,
तिर्खा लाग्यो भन्यो भने पँधेरीको पानी ।

पकेट खर्च मागे भने नोट बनिदिने,
छैन भने भएभरको चोट खपी लिने ।
अन्ती, फुली, मारबाडी, सिक्री, औँठी, बाला,
पोते नलाई हिँडे भने आफ्नै इज्जत जाला ।

घडी, पाउजु, शिरबन्दी, ढुङ्ग्री, मुन्द्री अनि,
बाँच्नु रै'छ साडी, चोली, पेटीकोट बनी ।
नाना, चाचा, किलिप, काँटा, घस्ने, छर्ने, सुँघ्ने,
ऋण परे आफ्नो मात्रै टुपीसम्म डुब्ने ।

कसैसँग कुरा गरे शङ्का लागिहाल्ने,
कि त गाली कि त आँसु हातखुट्टै फाल्ने ।
सौता आई भनिदिँदा ढुङ्गै पनि फोर्ने,
मिठो बोली बोल्ने आए छिट्टै रूप फेर्ने ।

कमाइ भन्दा खर्च बढी धाकधक्कु ठूलो,
अलिक गारो काम परे गोडा हुन्छ लुलो ।
पुरुषका कोट, पाइन्ट, कुर्ता, सुरुवाल, टोपी,
टि-सर्ट, हाफपाइन्ट् लाइसके केही छैनन् बाँकी ।

ह्विस्की, ब्राण्डी, बियर, चुरोट सबै चाखीसके,
चौबन्दी र साडी, धोती यिनले फाली सके ।
जुत्ता, लुगा बजारमा रोजीरोजी पाइने,
सधैँ जसो चकलेट चुइगम चपाउन चाहिने ।

खाने बेला तितो पिरो अमिलोको चोइस,
लेखापढी जस्तो भा'नि लोभ लाग्दो भोइस ।
स्याम्पु साबुन काइँयो तेल लेमेन्टु र रिबन
पुरा गर्दै बित्दो रे'छ पुरुषको जीवन ।

खुर्कीखार्की उखेलपाखेल परेलीको पाटो,
लाइनर, गाजल, आइसेड आदि लाग्छ त्यसको साटो ।
डाँडाकाँडा अग्लो होचो सबै मिल्नु पर्छ,
पछि लाग्ने पुरुषले थुकै निल्नु पर्छ ।

मौसम जस्तैः छिटो छिटो फेसन फेरी लाउने,
लुलो हाडका श्रीमान्को ढाडै बङ्ग्याउने ।
घरवाली बहारवाली काँ पो सस्ता हुन्छन्
खर्च गर्न नसक्ने त धुरुधुरु रुन्छन् ।

यी नै काम फत्तेगर्ने ठेकदार रै'छन् लोग्ने,
साङ्लो लगाई, गोडा बाँधी गह्रौं भारी बोक्ने ।
चिरिएका कुर्कुचामा जुत्ता चप्पल छैन,
नाक, कान, औँलाभरि सुन नलाई भै'न ।

मूल्य बढ्यो फेसन बढ्यो नलाई भ'न उनले,
कलीयुगमा पुरुषको ढाडै भाँच्यो सुनले ।
कैले बसी छातीमाथि दायाँबायाँ गर्ने,
प्रतिबन्धित डाँडापाखा ढलिमली गर्ने ।

कैले झुन्डी कानमुनि नानाथरी सुन्ने,
केलै झुन्डी नाकमुनि नानाथरी सुँघ्ने।
भेटेदेखि सुनै ओढ्ने सुनै ओछ्याउने,
सुनचरी देखे भने त्यतै पछ्याउने ।

कैले ब्रा, कैले प्यान्टी कैले अत्तर पाउडर,
अलिकति गाली गरे धुम्मी जान्छ सगर ।
धुम्मिएसी चट्याङ वर्षा स्वभाविकै हुन्छ,
तितो धुन, नून, पानी, बल्ल शीत्तल हुन्छ ।

जे भएनि यी मान्छे नै नभै हुन्न हाम्लाई,
मनको खटपट निको पार्ने धन्यवाद छ तिनलाई ।
पुरुषको अभावमा खटपट चाम्रै हुन्छ,
दुवैको हो खाँचो भनी बुझ्दा राम्रै हुन्छ ।

अब भने महिलाले सोच्ने बेला आयो,
हैन भने पुरुषले भारी दण्ड पायो ।

॥अस्तु॥

# आमा

कविता

अमृता कार्की
स्नातकोत्तर पहिलो सेमेस्टर(एम.ए.)
दित्केल बहुमुखी क्याम्पस

दश महिना कोखमा राखी हुर्काउने आमा
खाइनँ भने सात डाँडा डुलाई ख्वाउने आमा ।

जिउँदो रूपमा देखिएकी भगवान् हुन् आमा
सन्तान भनी ज्यान समेत चढाउने आमा ।

शिर नाम्लो गरी पिठ्युँमा हुर्काउने आमा
सन्तानका खुसीका लागि दुःख लुकाउने आमा ।

जे गरून् सब त्यागी सही बाटो हिँडाउने आमा
अत्याचार र अन्यायमा लड्न सिकाउने आमा ।

सन्तानको निम्ति हरेक समस्याको सामाना गर्ने आमा
जति पीडा परे पनि सधैँ मन्द-मन्द मुस्कुराउने आमा ॥

# स्थानीय तहमा न्यायिक समिति



खेम बहादुर खड्का
संयोजक, न्यायिक समिति
जन्तेढुंगा गाउँपालिका, चिसापानी, खोटाङ

स्थानीय तहबाट सेवाग्राहीलाई प्रदान गरिने सबै किसिमका सेवाहरूमा नागरिकहरूको समान र सहज पहुँच हुनुपर्छ । न्यायिक समितिले दिने न्यायिक सेवा नागरिकको जिउज्यान, धनमाल, समानता र स्वतन्त्रताको रक्षाका लागि अति महत्वपूर्णभएकोले यसले कुनै नागरिकलाई त्यस्ता कुनै अधिकारमा आघात परेको भए छिटोछरितो रूपमा स्थानीय स्तरमा नै पहुँच स्थापित गर्छ । जोखिममा रहेका, आर्थिक, सामाजिक, भौगोलिक वा शैक्षिक दृष्टिले पछाडि परेका लिङ्ग, जाति, भाषा, धर्म, क्षेत्र, उमेर समूह आदिको न्यायमा पहुँच दिलाउन तथा स्थापित गर्नका लागि स्थानीय तहको भूमिका अति नै महत्त्वपूर्ण हुन्छ । यसले आम नागरिकलाई राज्य र शासन प्रणाली प्रति विश्वास गर्ने वातावरण दिलाउँछ । न्यायिक समितिका पदाधिकारी र जनताको बिचमा फरक भएको महसुस नहुने गरी विवादको निरूपणका लागि आमनेसामने बसेर विवादको समाधान गर्ने अवसर न्यायिक समितिलाई प्राप्त हुन्छ । न्यायिक समितिको यस्तो व्यवहारबाट विवादित दुवै पक्षले आफूमाथि समान व्यवहार भएको महसुस गरी विवाद निरूपण कार्यमा सजिलो र सहज वातावरण तयार हुन्छ ।

मानव अधिकारको सम्मान र संरक्षा गर्ने दायित्व स्थानीय सरकारको पनि हो । न्याय निरूपण गर्दा कार्यविधि कानुनको पूर्ण पालना गरी नागरिकको जिउ, धन, समानता र स्वतन्त्रताको रक्षा गर्न सरकार सफल भएको महसुस नागरिकलाई गराउन सक्नुपर्छ । समाजमा रहेको घरेलु हिंसा, बालबालिका, महिला र जेष्ठ नागरिक संरक्षण, जातीय भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा जस्ता कुप्रथाको अन्त्य गर्न स्थानीय सरकार प्रतिबद्ध हुनुपर्छ । यसलाई न्यायको माध्यमबाट उपलब्धिमूलक बनाउनका लागि स्थानीय सरकारको महत्त्वपूर्ण खम्बा भनेकै न्यायिक समिति हो । समाजलाई समावेशी, मर्यादित, समतामूलक र स्वःअनुशासित बनाउनका लागि न्यायिक समितिको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै क्षेत्रमा सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने तर्फ स्थानीय सरकारलाई डोऱ्याउनका लागि न्यायिक समितिको भूमिका महत्त्वपूर्ण हुन्छ । विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र सम्प्रदाय बीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गर्नु स्थानीय सरकारको दायित्व तथा कर्तव्य हो । स्थानीय तहबाट जनताले न्याय सेवा प्रभावकारी रूपमा पाएको खण्डमा राज्य आफूसँगै भएको महसुस गर्छन् । न्याय प्रशासन छिटो, छरितो, निष्पक्ष,

प्रभावकारी र जन उत्तरदायी हुनुपर्छ। न्यायिक प्रक्रिया सरल, अनुमानयोग्य, जवाफदेही, पारदर्शी र सूचना तथा प्रविधिमैत्री हुनुपर्छ। न्याय प्रशासन र न्यायिक प्रकिया बीच सन्तुलन भयो भने सबैका लागि न्याय सुनिश्चित हुन्छ। विवादको सिर्जना हुने बित्तिकै नागरिकसँगै रहेको स्थानीय सरकारले तुरुन्तै न्याय दिएको खण्डमा सबै नागरिकहरूमा न्यायिक पहुँच सरल र सहज हुन्छ। न्यायलाई पहुँच योग्य बनाउनका लागि न्यायिक समिति एक महत्त्वपूर्ण संयन्त्र हो। लोकतान्त्रिक लाभहरूको वितरणमा अन्याय भएमा वा लाभबाट वञ्चित हुने वातावरण सिर्जना भएमा वा कसैले कसैलाई लाभ पाउने अवसरमा आघात गरेमा तुरुन्तै न्याय दिनु स्थानीय सरकारको कर्तव्य हो। यो कर्तव्य पूरा गर्नका लागि न्यायिक समितिको भूमिका महत्त्वपूर्ण हुन्छ।

## न्यायिक समितिको संवैधानिक तथा कानुनी व्यवस्था :

नेपालको संविधानको धारा २१७ ले कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरूपणका लागि गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उप-प्रमुखको संयोजकत्वमा गाउँ सभा वा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई सदस्य सहित तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ को दफा ४७ को उपदफा १ मा न्यायिक समितिलाई विवाद निरूपण गर्ने अधिकार र उपदफा २ मा मेलमिलापको माध्यमबाट विवाद निरूपण गर्ने अधिकारका क्षेत्रहरूको व्यवस्था गरेको छ। स्थानीय तहलाई सामान्य प्रकृतिका विवादको निरूपण र केही विवादमा केवल मेलमिलाप मात्र गराउन पाउने गरी दुई किसिमको क्षेत्राधिकार दफा ४७ ले दिएको छ। संविधानको धारा २२२ बमोजिम गठन भएको गाउँ सभाका सदस्यहरू मध्येबाट गाउँ पालिकाको उपाध्यक्षको संयोजकत्वमा दुई सदस्यको निर्वाचन गरी न्यायिक समितिको गठन गर्नुपर्ने संवैधानिक प्रावधान रहेको छ।

## न्यायिक समितिको कार्यसम्पादन प्रक्रिया :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले न्यायिक समितिलाई दफा ४७ मा उल्लिखित विवादहरूमा निर्णय र मेलमिलाप गराउने अधिकार दिएको छ। समाजमा रहेका व्यक्ति वा समूदायको हित, स्वार्थ वा आवश्यकताहरूको उपभोगमा कसैबाट अवरोध सिर्जना भएमा मर्का पर्ने व्यक्तिलाई कानुन बमोजिम निजको हित, स्वार्थ वा आवश्यकताहरूको कानुनी उपचार उपलब्ध गराउनु नै न्यायिक अधिकार प्रयोगको मूल मान्यता हो। विवादको निरूपण गर्दा विगतमा के भएको थियो ? सत्य तथ्य के हुनसक्छ ? दायित्व वहन गर्नुपर्ने कसले हो ? गल्ती कसको छ वा थियो ? जस्ता विषयहरूलाई गहन ढङ्गबाट विवादमा संलग्न दुवै पक्षहरू सँगै बसी छलफल गरी सत्य तथ्य पत्ता लगाई समाधान खोज्ने संयन्त्र हो। दुवै पक्षले जितेको महसुस हुने किसिमको परिणाम आउने तरिकाबाट विवादको निरूपण गर्ने संयन्त्र भएकाले विवादको विषयवस्तुलाई समुदायको अधिकारको रूपमा स्थापित गराई सामाजिक एकतामा जोड दिनु पर्दछ। यति हुँदाहुँदै पनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७

को उपदफा १ मा भएका १३ वटा विषयवस्तुमा मेलमिलाप हुन नसेकमा न्यायिक निर्णय गरी निरूपण गर्नुपर्ने अवस्था पनि आउन सक्छ ।

न्यायिक समितिले मेलमिलाप सम्बन्धी अधिकारको प्रयोग गर्दा भूतकालको तिक्ततालाई भुल्ने, वर्तमानको यथार्थतालाई स्वीकार गर्ने तथा भविष्यको आवश्यकतालाई सामूहिक अधिकारको रूपमा विकास गराउने किसिमबाट गर्नुपर्छ । नागरिकहरू बिचको सम्बन्धलाई सुदृढ र गाढा बनाउने तर्फ ध्यान दिनुपर्छ । सम्झौतामा केही लिने र दिने सर्त हुने हुनाले लेनदेन नमिलेको खण्डमा यसले झन् बेमेलको स्थिति सिर्जना गर्ने भएकोले मेलमिलापले सम्झौता भन्दा पनि सम्बन्ध स्थापित गर्न जोड दिने तर्फ केन्द्रित रहनुपर्छ । सहमतिपूर्ण सम्बन्धको विकास गर्न सकियो भने समाजमा एकता हुन्छ । कसैले पनि समाजबाट अलग्गिएको वा आफ्नो अधिकार प्रयोगमा आघात भएको वा आफूलाई अन्याय भएको महसुस नगर्ने वातावरण सहमतिले बनाउँछ । यस्तो वातावरण बनाउने संयन्त्र न्यायिक समिति हो । न्यायिक समितिले वास्तविक अवस्थाको यथार्थ चित्रण गर्दै सहजीकरण गर्ने भूमिकामा आफूलाई स्थापित गराउँदै विवादका पक्षहरूलाई निकास आफैं निकाल्न प्रेरित गर्नुपर्छ । मेलमिलाप भनेको व्यक्तिको इच्छामा आधारित अवधारणा भएकोले अवस्था अनुसार कतिपय अवस्थामा सहजीकरणको मात्रै भूमिकामा न्यायिक समिति रहनुपर्छ ।

## निष्कर्ष :

स्थानीय तहमा न्यायिक समितिको भूमिका अत्यन्त महत्त्वपूर्ण र बहुआयामिक छ। संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकारको प्रयोग गर्दै न्यायिक समितिले स्थानीय स्तरमै मेलमिलाप र विवाद समाधान गर्ने कार्य गर्दछ। यसको मुख्य उद्देश्य नागरिकको जिउ, धन, स्वतन्त्रता र समानताको रक्षा गर्नु हो। समाजमा हुने सामान्य विवाद, घरेलु हिंसा, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गको संरक्षण, लैङ्गिक हिंसा, भेदभाव, छुवाछुत जस्ता कुप्रथालाई अन्त्य गर्न र सबै नागरिकलाई न्यायमा समान पहुँच दिलाउन समितिको योगदान उल्लेखनीय छ । यसले विशेष गरी सामाजिक, आर्थिक, भौगोलिक तथा शैक्षिक हिसाबले पछाडि परेका वर्गलाई न्यायमा पहुँच गराउन भूमिका खेल्छ। यस प्रकारको न्यायिक सेवा नागरिक नजिकै रहेर छिटोछरितो, सरल र जन उत्तरदायी बन्ने हुँदा नागरिकको राज्य प्रतिको विश्वास बढ्दो हुन्छ। समितिको कार्यप्रणाली मेलमिलापमैत्री, संवादमुखी र सहमतिमा आधारित हुन्छ, जसले दुवै पक्षलाई समान व्यवहार भएको अनुभूति गराउँछ । समितिले सहज र सहभागीमूलक प्रक्रिया अपनाउँछ जसमा सत्य तथ्य बुझी निष्पक्ष र स्वीकार्य समाधानको खोजी गरिन्छ। यस प्रक्रियामा समितिले सहजकर्ताको भूमिका खेल्दै मेलमिलापकर्ताको सहभागितामा विवाद समाधानमा दुवै पक्षलाई सक्रिय सहभागिता गराउँछ। न्यायिक समितिले विगतका तिक्तता बिर्सेर वर्तमानको यथार्थ स्वीकार्दै भविष्यमा पुनः विवाद नहोस् भन्ने सोचका साथ काम गर्छ। स्थानीय सरकारले न्याय प्रशासन पारदर्शी, जवाफदेही, सूचना प्रविधिमैत्री र नागरिकमैत्री बनाउँदा मात्र समावेशी लोकतन्त्रको अनुभूति सबै नागरिकले गर्न सक्छन्। अतः न्यायिक समितिको सशक्त, निष्पक्ष र प्रभावकारी कार्यसम्पादन नै स्थानीय तहको न्यायिक सफलताको आधार हो भन्ने स्पष्ट हुन्छ।

धन्यवाद !



गणेश गगन

# पाँच मुक्तक

दिक्तेल रूपाकोट मझुवागढी न.पा.-६, नेर्पा, भुल्के, खोटाङ
पूर्व विद्यार्थी, दिक्तेल बहुमुखी क्याम्पस

तिमी छौ र पो काँढा मलाई पनि केही चेतना हुन्छ
चसक्क दिलमा घोच्यौ भने त सम्झना हुन्छ
हरेक दुःख दर्दहरूबाट नयाँ पाठ सिक्दै
युगीन परिवर्तन सँगै अघि बढ्ने कामना हुन्छ

जीवनभर फूलैफूलमा टेकेर हिँड्ने कहाँ हुन्छ र बाटो
काँढै काँढामा टेकेर यात्रा गर्नुपर्ने पनि त हुन्छ पाटो
जिन्दगी र यात्रा एक सिक्काका दुई भागहरू रै'छन्
सङ्घर्षलाई अघि बढाउन सुन्दर लाग्छ हाम्रै देशको माटो

फूल भन्दा नि कोमल त मन हुन्छ कि के हो ?
जून भन्दा नि राम्रो त तन हुन्छ कि के हो ?
सुन्दरताले भरिपूर्ण गुणले सजाउँदा
सबको सामु प्रिय वस्तु धन हुन्छ कि के हो ?

उदाउनै नपाई सूर्यमा बादल लाग्छ नै भन्ने के थाहा
यात्रामा हिँड्नै नपाई शरीर थाक्छ नै भन्ने के थाहा
मनले त सबैलाई अघि बढौँ र प्रगति गरौँ नै भन्ने लाग्छ नि
गन्तव्यको त्यो सुन्दर ठाउँ नै टाढा भाग्छ नै भन्ने के थाहा ?

सत्य बोल्दा असत्य वचनले मार्न खोज्छन् यहाँ
सुन्दर बोटको फूल झटारोले झार्न खोज्छन् यहाँ
सकारात्मक विचारहरू मनमा बहदैनन् भने
सत्कर्मलाई धावा बोल्दै असत्यले टार्ने बाटो रोज्छन् यहाँ ।

# खुसीको ऐना

कविता

दीपा राई
हलेसी तुवाचुङ नगरपालिका-३, च्यास्मिटार, दाल्फू
पूर्व विद्यार्थी, दिक्तेल बहुमुखी क्याम्पस

मन रुँदा पनि
तिम्रो याद आउँछ आमा
तिमी खुसीको
मलम हौ नि आमा
तिमीलाई सम्झिँदा
मात्रै पनि
मलाई खुसी मिल्छ
बिहानको झिसमिसेमा
तिम्रै याद
तिम्रै खुसी
सम्झेर ब्युँझने गर्छु
अलार्म साथमा
तयार हुन्छु
टक्क पार्क पुग्छु
बसले छोडिसकेको हुन्छ
चर्को स्वरमा कराउँछु
बस..............
ठ्याक्क रोकिन्छ ।
यात्राको नि आफ्नै कथा छ
आमा............
बस्ने सिट पाइँदैन
सिटमा बस्ने तेब्बर
बाहिर उभिएर जानु पर्थ्यो
गन्तव्य र सपना
ठूलै देखेँ
जस्तो लाग्छ आमा
पूरा गर्न समय लाग्यो
भोक, प्यास, निन्द्रा
तिम्रो यादले कि
मेरो सपनाले
बिर्साइसक्यो
थाहा छ मलाई
दिनभरिको काम
थकान मेटाउन
तिमीलाई धेरै गाह्रो
हुनेगर्थ्यो
दुःख हामीसँग
कहिले देखाइनौ
महान् छ्यौ आमा
न मैले घाम
न पानी
न आगो
केही कष्ट त
भोग्नुपरेको छैन
तर
मैले के सङ्घर्ष गरेँ
भनौँ र !
के दुःख सुनाऊँ
आमा !
तिम्रो यादजस्तै
मेरो सपना
भित्रभित्रै
छटपटाइरहेको छ आमा
म को हुँ ?
केही गर्न सक्छु
भन्ने भावना
तिम्रै दुःखले
सम्झाइदिन्छ
तिम्रा दुःख
मेरा लागि
बिजुली झट्का
झैँ लाग्छ आमा
मैले हिम्मत हार्नुहुँदैन
केही गर्नुपर्छ ।
आशाको दियो बाल्नुपर्छ
हिम्मतको ऐना
बनेर तिम्रो दुःख
मेरा आँखै अगाडि
झल्किन्छ आमा
तिमी
दुःखको सारथी,
पीडाको ऐना,
असफलताको हिम्मत हौ ।
सफलताको दिन
धित मरुन्जेल तिम्रो
काखमा रुने मन छ आमा !
किनकि तिमी
मेरो जिन्दगीको ऐना हौ ॥

# तीन मुक्तक

योगेन्द्र भट्टराई
बि.एड.तेस्रो वर्ष, दिक्तेल बहुमुखी क्याम्पस

१

नचाहिँदो बारबार मेरो भुक्ने बानी छैन
असल कुरामा कहिलै झुक्ने बानी छैन ।
हेर मेरो खुट्टा तान्दैमा केही बिग्रँदैन,
सक्ने काममा अघि सर्छु लुक्ने बानी छैन ।

२

गलत कुरामा बारम्बार भुक्ने बानी छैन
असल कुरामा कहिलै झुक्ने बानी छैन ।
तान्नेले खुट्टा तान्दै गरून् केही बिग्रँदैन,
सक्ने काममा अघि सर्छु, लुक्ने बानी छैन ।

३

समृद्धिको फूल रोपी सार्ने मन थियो
भष्ट्राचारका ती काँढाहरू मार्ने मन थियो ।
सबै बुद्धिजीवी र देशप्रेमी भए हजुर,
देश सबैतिर हरियाली पार्ने मन थियो ।

# 'हराउँदै गएको मानवता'

लक्ष्मी अधिकारी
बि.ए. दोस्रो वर्ष
दिक्तेल बहुमुखी क्याम्पस

पहिले हात थाम्थे अन्जानको पीडामा,
आज आफ्नै छायालाई पराइ सम्झन्छन् ।
सडकमा लडेको मान्छे हेर्ने भिड हुन्छ,
तर उठाउने हात भने बिरलै भेटिन्छ ।

कठोर हृदय, मोबाइलका दृश्यहरू,
अहिले सहानुभूति पनि लाइक-कमेन्टमा सीमित छ ।
मानवता थियो पहिले धर्मभन्दा माथि,
अब धर्मको नाममा नै रगत बग्छ ।

अस्पतालमा सास गनगनाउँछ,
पैसाको अभावमा जीवन हार्छ ।
तर कोही तस्करीमा सुन लुकाउँछ,
कोही भोक तिर्खाको पिडाले रोइरहन्छ ।

स्कुलमा किताब होईन, रङबुट्टे विचार छ,
बच्चाको मनमा पनि अब द्वन्द्व उमारिन्छ ।
मानवताको पाठ अब इतिहास बनेको छ,
अनि हामी गर्व गर्छौं, 'विकसित युग'मा बाँचेका भनेर ।

# काल आएपछि

## कविता



प्रजुल आचार्य
बि.बि.एस दोस्रो वर्ष, दिक्तेल बहुमुखी क्याम्पस

काल आएपछि,
माछापोखरीभित्रै मर्छ माछा,
तिमी अझै पनि पानी सुकाउने कुरा गर्छौ ?
जुन थलामा जन्मेको छ जीवन,
त्यहीँ थालिन्छ अन्त्यको रेखा
यति साँचो सत्यको पनि,
के आज सम्झना छैन तिमीलाई ?

तिमी त बात गर्छौ,
आकाश फुटाउने,
धरती पल्टाउने,
तारा झार्ने,
आगोको नशा चढाएर
पानीलाई रक्सी सम्झने ।
तर थाहा छ ?
पानीको छेउमै जन्मिन्छ मृत्यु,
र मृत्युकै छायाँमा बाँच्दछ जीवन ।

हावा चल्छ
तर सास त रुक्दैन,
बादल कराउँछ
तर चट्याङले
सबै मन जलाउँदैन
तर काल जब आउँछ,
कुनामा लुकेको चुइँक्क पनि टार्न सक्दैन ।

तिमी हाँस्छौ,
बडो अभिमानले भन्छौ
'म परिवर्तन ल्याउँछु,
यता मोडिदन्छु,
पानी सुकाउँछु,
जीवनको लय फेर्छु ।'
तर जीवन लय होइन,
एक अन्तिम गान हो,
जसमा कालले लेखेको हुन्छ अन्तिम अन्तरा ।

तिमीले देखेनौ होला
त्यो माछाको आँखामा
फर्केर हेर्ने सपना,
जुन भित्रै डुबेर मऱ्यो,
पानीको विशाल आत्मामा विलीन भएर ।

काल न निन्दा हो, न बचाऊ,
काल त एउटा साँचो तटस्थ फैसला हो ।
त्यो न रुन जान्दछ,
न हाँस्न,
बस, आउँछ र सकिन्छ
जसरी साँझ ढल्छ,
रात पग्लन्छ,
र बिहान पुनः जन्मिन्छ दिन ।

त्यसैले,
अब चुप लाग,
पानी सुकाउने कुरा नगर,
पहिले हेर
आफ्नै मनको पोखरीभित्र
कति माछाहरू तिमीले चिनेका थियौ ?
कति बाँच्न खोजेका थिए ?

र !
जब फेरि काल आउँछ,
तिमी आफैं
त्यही पोखरीभित्र
एउटा माछा बन्ने छौ ।
त्यसपछि थाहा पाउँछौ
पानी सुकाउने कुरा
कति खाली, कति व्यर्थ थियो ।

# गजल

दिवस रोका
बि.बि.एस. दोस्रो वर्ष
दिक्तेल बहुमुखी क्याम्पस

लागेको लत छुट्नै गारो
हिउँदमा मूल फुट्नै गारो
खै ! कहाँ छ भाग्य मेरो ?
पत्तो नपाइ लुट्नै गारो

बलवान् छ त्यो कुट्नै गारो
सुन्दर छ त्यो खुट्नै गारो
दुनिया दोषी के भन्नू खै
आफ्नै मनलाई चुट्नै गारो

ताप बिना भुट्नै गारो
पानी बिना घुट्नै गारो
आफू कता ध्यान कता
ताप र पानी जुट्नै गारो

सहीको सामु झुट नै गारो
गलत सामु टुट्नै गारो
महसुस छ एकान्तमा
सबको सामु फुट्नै गारो

लागेको लत छुट्नै गारो
हिउँदमा मूल फुट्नै गारो
खै ! कहाँ छ भाग्य मेरो
पत्तो नपाइ लुट्नै गारो

बलवान् छ त्यो कुट्नै गारो
सुन्दर छ त्यो खुट्नै गारो
दुनिया दोषी के भन्नू खै
आफ्नै मनलाई चुट्नै गारो

ताप बिना भुट्नै गारो
पानी बिना घुट्नै गारो
आफू कता ध्यान कता
ताप र पानी जुट्नै गारो

सहीको सामु झुट नै गारो
गलत सामु टुट्नै गारो
महसुस छ एकान्तमा
सबको सामु फुट्नै गारो ॥

# बाँचेर हराएको म

कविता

सुजा ढकाल
बि.एड. दोस्रो वर्ष
दिक्तेल बहुमुखी क्याम्पस

बाँचेको छु, तर हराएको छु
साहस त छ, तर डराएको छु ।

भित्रभित्रै कोरिन्छ पीडा
बाहिर सधैँ म हँसाएको छु ।

जीवनमा छैन अब मेरो रङ्ग
रङ्गहरूबाट म बाहिरिएको छु ।

भन्ने धेरै छन्, ठिकै छस् ?
तर भित्र धेरै चहराएको छु ।

# मुन्धुम ट्रेल एक जीवन्त यात्रा (चखेवादेखि सिलिचुङसम्म)



आदेश थापा
बि.ए. दोस्रो वर्ष
दिक्तेल बहुमुखी क्याम्पस

फुलिरहेका बुकी फूल र गुराँसहरू, चरिरहेका गाई, भेडा र घोडाहरू, हरिया चौर र फाँट, ढुँगाका धारा र बस्ने चौतारी हिँड्ने लामो बाटो, पारिपट्टि हाँसिरहेको हिमाल हेर्ने र युद्ध जितेर आएका सिपाहीँ झैँ खुसीका तस्विर लिने रहरले मुन्धुम ट्रेल यात्रा सुरु गरियो । मनमा धेरै उत्साह र कौतुहल, भोलिको व्यग्र प्रतिक्षा र कल्पना सहित चखेवामा वास बसियो । बिहानको झिसमिसेमै उठियो, तातो पानी थर्मसमा भरिराखियो, अनि आ-आफ्नो झोला भिरेर हामीले यात्रालाई प्रारम्भ गर्‍यौं । कुतुहलता र उत्सुकताले यात्रालाई रोमाञ्चक बनाउने भएकोले बिना पथप्रदर्शक स्वःस्फुर्त यात्रा थालियो । बाटाको बारे सामान्य जानकारीमै हामीले पदयात्रा सुरु गर्दै थियौं ।

बिहानीपख चिसो मौसममा हामी अगाडि बढ्यौं । उठ्दै गरेका चरीहरू चिरबिर-चिरबिर गर्दै थिए, सल्लाका पातहरू सुसाइरहेका थिए, हामी हिँडिरहेका थियौं । बिहानीका कलिला र पारिला घाम लाग्दै थिए । करिब ३ घण्टा हिँडेपछि सुन्दर ढुङ्गेधारो भेटियो । झोला बिसायौं र हातमुख धुने, खाजा खाने काम भयो र पुनः यात्रा अगाडि बढ्यो । हावाको बहावमा रमाइरहेका बेसारा, बुकीफूलले छपक्कै ढाकेको चौर, निरन्तर सिरसिर चलिरहेको हावाले मोहित थियौं हामी ।

बढ्दै जाँदा भेटिँदै थिए-उन्मुक्त वस्तुहरू, भेडाहरू खर्कमा । अघिल्लो स्थान कस्तो आउला भनेर यात्रालाई कौतुकमय बनाइरहेको थियो । यात्रा, फोटो, विश्राम, खाजा पुनः यात्रा यस्तै-यस्तै चलिरह्यो । ४ बजे मयुङ पुग्यौं । हाँसपोखरी हेर्‍यौं, सुन्दर लाग्यो । वरिपरिको दृश्य पनि सुन्दर थियो, तर मौसम पूर्ण रूपमा खुलेको भने थिएन । पहिलो वास मयुङमा बस्ने सल्लाह भए पनि छिट्टै पुगेकाले यात्रा छोट्याउने उद्देश्यले हामी पुनः अगाडि बढ्यौं । धेरै अगाडि बढेपछि बाटो निरन्तर ओरालो लाग्यो र हामी गलत बाटो आएको पत्ता लाग्यो । पाइला थाकेका थिए, भोक लागेको थियो र पनि फेरि फर्किनु पर्ने नियति, ८ बजे मयुङ आइपुग्यौं । थाकेका थियौं, बिहान पनि खाना खाएको थिएन हातखुट्टा धोएर खाना खायौं र सुत्नको लागि गोठमा गयौं । हामी पुग्दा त्यहाँ धेरै मान्छेहरू थिए, सुत्न नपाइला भन्ने डर थियो त्यसैले बाहिरै कतै सुत्नुपर्छ भनेर सल्लाह गरेको गोठ पाएपछि खुसी लाग्यो र त्यहीँ गएर केही सल्लाह गरी भोलिको यात्रा सोच्दै सुत्यौं ।

बजिरहेको घण्टीले लागिरहेको निन्द्रा बिथोल्यो, उज्यालो भएछ। झुल्कँदै गरेको घाम, पारि देखिइरहेको सुन्दर हिमाल, आँखाले भ्याउन्जेल देखिने चौर, फाँट अनि मस्त चरिरहेका घोडा, गाई र बाछाहरू। लाग्थ्यो संसारमा यो भन्दा सुन्दर अर्को ठाउँ छैन; यो भन्दा राम्रो अर्को वातावरण नै छैन; म जति खुसी अर्को कुनै मान्छे छैन। मनको त्यो उत्साह, खुसी शब्दमा वर्णन गर्नै सकिँदैन। त्यो गोठमा चुलो थियो; आगो बालेर हामीले पानी ततायौँ र कफी बनायौँ। कफीसँगै त्यो सुन्दर दृश्यले मनलाई भरिरहेका थियौँ। दुनियाँ भुलिरहेका थियौँ; छोडेर अन्त कतै नजाऔँ; लागिरहेको थियो। यात्रामा कुनै सुन्दर वस्तुलाई देखेर अडिनु वा कुनै नराम्रो कुराबाट हच्केर यात्रालाई त्यहीँ रोक्नु भनेको थप सुन्दर कुराको भोगाईबाट च्युत हुनु हो। आँखाले देख्यो; शरीर ऊर्जाशील बन्यो अनि मस्तिष्क शून्य तर मन अघाएको थिएन। १ घण्टाको दृश्यावलोकन र फोटो सेसन पछि हामी मयुङबाट अगाडि बढ्यौँ।

यात्राको रुटिन उस्तै थियो। राम्रो ठाउँमा फोटो खिच्दै, ठाउँ-ठाउँमा विश्राम गर्दै, खाजा खाँदै, रमाउँदै, थाकेको ठाउँमा बस्दै अगाडि बढिरहेका थियौँ। बिहानको खाना हामीले बलौटे भन्ने ठाउँमा खायौँ। चिसो मौसम, त्यस्तै चिसो पानी, पहाडलाई अङ्कमाल गरेर लागेको हुस्सु, त्यहाँ हामी जाँदा भेडा फुकाउने समय भएको रहेछ। बाटो ढाकेर अगाडि बढिरहे भेडाहरू, हामी हेरिरह्यौँ। गन्न सम्भव थिएन, लाग्यो २०० प्लस नै छन्। खाना खाएर पुनः यात्रातर्फ नै अगाडि बढ्यौँ; त्यहाँबाट नयाँ यात्री पनि थपिएका थिए हामीसँग। बाटोमा कोही भेटिन्थे; छुट्टिन्थे। कोहीसँग विपरीत भेट हुन्थ्यो। केही सरसल्लाह र आगामी बाटोको बारेमा केही सोध्थ्यौँ र अगाडि बढ्थ्यौँ। दोस्रो दिनको यात्रामा बाटोमा बढी जङ्गल थियो। उकालो पनि राम्रै थियो र थियो हुस्सु लागेको मौसम। उकालोको बिचमा पर्थ्यो लाहुरे भिर, जसलाई कसैले भन्थे त्यहाँ एउटा लाहुरे आएर लडेको भएर त्यसको नाम लाहुरे भिर राखिएको हो। त्यहाँ टेकेर आएको लौरो त्यहीँ छोडेर हिँड्ने चलन रहेछ। हामीले पनि टेकेको लौरो त्यहीँ छाड्यौ र अलि माथि निस्किएर मालिङ्गो काटी पुनः लौरो बनायौँ। पैतालालाई साथी, यात्राको सारथी, अप्ठ्यारोको भरोसा। हल्का सिमसिम पानी, कुहिरोले भुइँ नै ढाकेको, चिसो मौसम, थकित पैताला, अनकन्टार जङ्गल अघिपछि छुटेका सहयात्री हामी। हामी अलि अगाडि थियौँ। धेरै साथीहरू पछाडि छुटेका थिए उनीहरूलाई पर्खिने सल्लाह मुताविक हामी वास खोज्नतर्फ लाग्यौँ। वासको लागि बाटो छेउमा गोठ भेटियो। केही दाउरा राखेका थिए। खरले छाएको सानो; त्यहीँ बाछा बाँध्ने गर्छन् भन्ने लख काट्यौँ र आजको रात त्यहीँ विश्राम गर्ने निर्णय भयो। हामी केही साथी आगो बाल्न थाल्यौँ। केही साथीहरू पानी खोज्न थाले। कफी र मकै खायौँ। पछाडि छुटेका साथीहरूलाई फोन गर्‍यौँ। बाटोमा लट्ठी राखेर सङ्केत छोडेको जानकारी पनि दियौँ र आजको वास साप्सुधाप अलि मुनिको स्थानमा तय भयो। हामी जम्मा ६ जना यात्रीहरू थियौँ र आज बाटोमा थपिएका थिए सातजना यात्रीहरू। साथीहरू आइपुगे र केही यात्राका संस्मरणहरू सेयर गर्‍यौँ र खाजा खायौँ। अनि हामी दुई वटा गोठमा मिलेर सुत्यौँ। एउटा गोठमा हाम्रो छ जनाको टिम थियो भने अर्को गोठमा अन्य साथीहरू थिए। हामीले भोलिको यात्राका बारेमा केही सल्लाह गर्‍यौँ। सिलिचुङ चढ्नु थियो, बिहान चाडै उठेर हिँड्ने सल्लाह भयो।

मस्त निन्द्रा र तातो ओछ्यानबाट हामी चकमन्न अँध्यारो रातको करिब १:३० बजे उठ्यौँ । थकित शरीर लिएर पुनः गन्तव्यतर्फ नै अगाडि बढ्ने तरखरमा लाग्यौँ । ओछ्यान उठाई प्याक गरेर झोला भिरी अगाडि बढ्यौँ । हाम्रो छ जनाको टिममा दुई जना साथीहरू थपिए । बाँकी साथीहरू उज्यालो भएपछि हिँड्ने भनेपछि हामी अगाडि बढ्यौँ ।

शान्त र सुनसान वातावरणमा फोनको उज्यालोको सहारामा आ-आफ्नो झोला भिरी भीषण युद्धमा हिँडेका सिपाहीँ झैँ केही उत्साह र केही डर केही आशा र केही अनिश्चय बिच हामी हिँडिरह्यौँ । अलि अगाडि बढेपछि केही समय बाटो अलमलिएर कुहिरोको कागजस्तैः बन्यौँ, यता जाने कि उता.....बल्ल बाटो पहिल्याएर अगाडि बढ्यौँ । केही समयको हिँडाइपछि प्यास लाग्न थाल्यो । पानी कसैसँग थिएन । अघि बढ्दै जाँदा प्यासले व्याकुल बनायो सबैजनालाई । अँध्यारो छ बाटो, । पानीको मुहान पनि थाहा छैन र पनि अगाडि बढी रह्यौँ । प्यासले व्याकुल हुँदै गएपछि थाक्दै गए पाइला । तड्पी रह्यो शरीर । लाग्यो यो लेबलको तिर्खा सायद जीवनमा लागेको थिएन वा बिर्सिएको थियो पुरानो अनुभव । जसरी हामी प्रत्येक वर्षको जाडोमा अघिल्लो वर्षको जाडो बिर्सिएर भन्छौँ यसपाली जस्तो त कहिले भएको थिएन । हिँड्नुको विकल्प थिएन हिँड्न सक्ने अवस्था थिएन । हामीले अरु केही उपाय नभेटेर गुराँसका पात चाटिरहेका थियौं शीतको चिसोले ओठ भिजाउन । थोरै हिँड्दै, बस्दै, फेरि हिँड्दै, फेरि बस्दै । रिमरिम उज्यालो हुँदै थियो । उकालोको यात्रा काटिरहेका थियौँ । पाइलाहरू मुस्किलले अघि बढिरहेका थिए । शरीर गलिरहेको थियो । बाटोको भित्तामा पानीको मुहान भेटियो । यस्तो लाग्यो, अब पाइन्छ नयाँ जीवन; पुगिन्छ सिलिचुङ । खुसीले त्यो जङ्गल थर्किने गरी कराउन मन लाग्यो । प्यास मेट्ने गरी पालैपालो पानी खायौँ र भऱ्यौँ भएका सबै बोतल । भएका बिस्कुट चाउचाउ खायौँ पानीसँग र मकै भटमास गोजीमा हालेर खाँदै अगाडि बढ्यौँ । रिमरिम उज्यालोसँगै धेरै तल देखिन्थे बादल; हेर्दै रमाउँदै हिँड्यौं । हामी भन्दा तल देखिन्थे सेता कपास जस्ता बादलहरू; रमाइलो लाग्यो हेर्दैखेरी । करिब ६ बजे हामी कुलेपङ्खा पुग्यौँ; त्यो यात्राको अन्तिम बस्ती । हामीले झोला त्यहीँ राख्यौँ । तातोपानी खायौँ । खाना अर्डर गऱ्यौँ र अगाडि बढ्यौँ । दुई किलोमिटर माथि थियो साल्पापोखरी । जुन त्रि-धार्मिक स्थल (हिन्दु ,बौद्ध र किराँत) । उज्यालो भइसकेको थियो । मौसम पनि खुलेको थियो । असाध्यै सुन्दर देखिन्थ्यो उपत्यकाको बिचमा एउटा सुन्दर पानको पात आकारमा बनेको त्यो पोखरी । पोखरीलाई एक फन्को लगाई फोटोहरू खिचेर हामी सिलिचुङ्कै यात्रातर्फ अगाडि बढ्यौं । केही माथि दुई ठूला ढुङ्गा देखिन्थे । लाग्यो त्यहीँ हो सिलिचुङ । अगाडि बढ्दै जाँदा त्यो ढुङ्गामा पुग्यौँ । अझै माथि अझै ठूलो पहाड देखिन्थ्यो । उकालो बाटो, अप्ठ्यारो पनि त्यस्तै डर नै लाग्ने खालको, फेरि थप पानी नबोक्नुको अबुझपनाको शिकार भयौँ हामी । प्यासले व्याकुल हुँदै त्यो अप्ठ्यारो उकालो हिँडिरह्यौँ । घरिघरि त लाग्थ्यो कि यहीँबाट फर्किनुपर्छ तर फेरि सोचिन्थ्यो कि यत्रो समय निकालेर यहाँसम्म आएपछि त्यो उचाइ र गन्तव्य पुग्नुपर्छ । फेरि आउने समय नमिल्न पनि त सक्छ ! आफूँलाई ढाडस दिँदै अगाडि बढ्यौं । साल्पा पोखरीबाट तीन घण्टाको अथक हिँडाइपछि हामी पुग्यौँ सिलिचुङ डाँडा, गन्तव्य स्थल, सपनाको संसार ।



सिलिचुङको एउटा विशेषता भनेको त्यहाँ एक मिटर मात्र तलबाट हेर्दा पनि सिलिचुङको त्यो सुन्दरताको रसपान गर्न सकिँदैन। ढुङ्गाको कुइनेटोबाट फुत्त निस्कँदा यसरी देखिन्थ्यो पारी सेतै हाँसिरहेका हिमालको दृश्य । अहो ! त्यो प्यास के हो र ? त्यो दुःख के हो र ? भुल्यौं हामीले सबै थोक । पूर्वतर्फ हल्का हिमाल र खुलेका हरिया डाँडा, उत्तरतर्फ हाँसिरहेका सेतै हिमाल, पश्चिमतर्फ ओखलढुङ्गाको सुन्दर बस्ती र दक्षिणतर्फ थियो साल्पापोखरी शान्त बसिरहेको ।

साँच्चै हामीले बाटाको दुःख भुल्यौं । लाग्यो हामीले स्वर्ग देख्यौं । ४१५३ मिटरको उचाइमा रहेको त्यो सिलिचुङबाट हेर्दा किराँत समुदायको उत्पत्तिस्थलको रूपमा लिइने त्यो सिलिचुङमा सुम्निमा पारुहाङको प्रतिमा रहेछ । हामीले ढोग्यौं । मलाई केही वर माग्नु थिएन । बस् श्रद्धाले शिर झुकेको थियो । हामीसँगै साल्पा पोखरी आउनुभएका दुई साथीहरू सिलिचुङ चढ्न सक्नुभएन । दुःख लाग्यो र लाग्यो उहाँहरू एउटा स्वर्गीय आनन्द अनुभूति हुने सुखद पलबाट पनि छुट्नुभयो । एक जना दाइले त्यो डाँडाबाट विपरीत दिशाको अप्ठेरो बाटोबाट झरेर सुनपाती ल्याउनु भयो एक झोला । हामीलाई पनि दिनुभयो । त्यसको सुगन्ध कुनै अत्तरले भेट्न सक्दैन । साँच्चै मोहनी लगाउने खालको हुँदो रै'छ । करिब २ घण्टाको त्यो सुन्दरताको रसपान गरेर पुनः ओरालोतर्फ नै लाग्यौं । मन थिएन फर्कने; बाध्यता थियो फर्कनु । मनमनमा भनें, “हे सुम्निमा पारुहाङ ! हे सिलिचुङ ! तिमीलाई भेट्न म फेरि आउने छु । मलाई बोलाऊ है” । पुनः एक पटक त्यो प्रकृतिसँग, त्यो पारिको हिमालसँग, ती सुम्निमा पारुहाङसँग नतमस्तक भएर ओरालो लाग्यौं । निस्कँदा नदेखेको पानी झर्दा साथिहरूले देखाउनुभयो, जहाँ ढुङ्गा रसाएर थोपा थोपा झरिरहेको थियो । त्यो अमृततुल्य पानी पियौं र हामी झर्‍यौं । पुनः साल्पा पोखरीमा पानी खायौं । सारै मीठो पानी रै'छ पोखरीको । कुलेपङ्खा झरी खाना खायौं । १ घण्टा जस्तो आराम गरेर २ बजे फर्कने तर्फ लाग्यौं । बेलुका साप्सुधाप पुगेर वास बसियो । बिहान अबेला नै उठ्यौं त्यत्रो हतार थिएन र हामीले आगो बाल्यौं, पानी ल्यायौं र बदाम थिए बदाम भुटेर खायौं । गोजीमा हाल्यौं र बाटो लाग्ने सुरसार गर्‍यौं । प्रत्येक दिन बाटो अलमलिनु हाम्रो विशेषता भइसकेको थियो । फर्कंदासम्म त्यो विशेषताले छोडेन । छिटो खोज्दा अलमल भयो एक घण्टा र पुनः पुरानै बाटोबाट अगाडि बढ्यौं ।

फर्कँदा हाम्रो टिम दुईटा भइसकेको थियो । हामी तीन जना अगाडि थियौँ र अन्य साथिहरू पछाडि । हामी गएकै बाटो फर्कियौँ । अन्य साथीहरू फेदीतिर जानुभएछ । हामी मयुङ झरेर खाजा खायौँ; तोङ्बा लियौँ; हल्का मधहोसमा अगाडि बढ्यौँ । त्यहाँको वातावरण एकछिन अवलोकन गरेर बेलुका चखेवामा ७ बजेतिर पुगेर बस्यौँ । यसरी चखेवा सीलिचुङ र सीलिचुङ चखेवाको चार दिने यात्रा पूरा भयो ।

यति लामो पदयात्रा मेरो जीवनमा पहिलोपटक गरेको थिएँ । जुन असाध्यै महत्त्वपूर्ण रह्यो मेरो लागि । बाहिरी तनाव र दुनियाँदारिभन्दा टाढा प्रकृतिसँग रमाउनु आफैँमा सुखद् थियो । मैले त्यो समय दुःख, दर्द सबै बिर्सेको थिएँ । मानिसहरू अप्ठ्यारो बाटो छ, समय कम छ भन्दै पनि पदयात्रा गरेको सुनेको थिएँ । यसको महत्त्व र रहस्य त यस यात्राले पो खोल्यो । मुन्धुम ट्रेल एउटा जीवन पनि हो ।

त्यस चौरीमा लडीबुढी गर्दै बितेका क्षणहरू र भुलेको संसार, चुत्रो र भुइँ ऐँसेलु खोज्दै खाएर लिएको स्वाद र मेटिएको भोक, ती छाप्रा-गोठहरूमा बिताइएका र निदाइएका मस्त निद्राहरू धरातलमा बाँचेको जीवन सरल छ । राम्रो ठाउँ आउँदा मन उत्साहित भएर संसार भेटे जस्तो लाग्ने ती पलहरू र भोकै तिर्खै हिँड्नु पर्दा बेकार दुःख बेसाइएछ जस्तो लाग्ने क्षणहरू । मन यस्तै हुन्छ सुखमा मात्तिन खोज्छ, दुःखमा आत्तिन तर जीवन भने संयम हो बुझाइमा । भूगोलले पनि नजिकै रहेको मुन्धुम ट्रेल यात्रा गर्ने सपना पूरा भएकोमा खुसी छु, यो यात्रा मेरो जीवनमा सदा स्मरणीय रहने छ ।


# शुभकामना

**नेपालीहरूको महान् चाड वडादशैं, शुभ दीपावली, नेपाल संवत् ११४६, छठ पर्व, उँधौली पर्व र ल्होसारको अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

**कालिका मा.वि., नेर्पा**

**दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- ६, नेर्पा, खोटाङ**

**कृष्ण बहादुर गुरुङ**
**प्रधानाध्यापक**
**९८६२६२००२१**

**भोगेन्द्र राई**
**विद्यालय व्यवस्थापन समिति अध्यक्ष**
**९८४२८७१९८३**

**एवम्**

**विद्यालय परिवार**

# हो ! म मान्छे हुँ

**कविता**

घनश्याम ढकाल
पूर्व विद्यार्थी
दिक्तेल बहुमुखी क्याम्पस

विचार मिल्नेहरू भित्र दार्शनिक बनेको म
हो ! म दार्शनिक हुँ,
सुनाउँछु आफ्नै जीवन दर्शन अनि सुख,

विचार नमिल्नेहरूमा पागल देखिने म
हो ! म पागल पनि हुँ,
म पागलहरूलाई पागल देख्छु ।
त्यसैले, तिमीले मलाई पागल देख्छौ,

म त्यही हुँ,
तिमीले जे बुझ्छौ
तर म बुझ्छु
म एक मान्छे हुँ ।

तिमी गतल गर्छौ म गलत भन्छु
तिम्रो लागि बोझ
तिम्रै दुश्मन
हो म; दुश्मन पनि हुँ,
उनले मलाई प्रेम गर्छिन्
म पनि असाध्यै रुचाउँछु,
म एक प्रेमी पनि हुँ ।

हो म अपराधी हुँ,
मैले देखेका कयौँ सपनाहरूको हत्या गरेको छु,
म हत्यारा पनि हुँ,
भोगिरहेको छु त्यही सजाय
मुटुमा तिमीलाई धड्कनले धकेल्दै ।

कसैले जीवनमा अन्त्य मात्र देख्छ,
म उसलाई बाँच्न सिकाउँछु
हाँस्न सिकाउँछु अगाडि बढ्न सिकाउँछु
म उसको जन्मदाता पनि त हुँ ।

तिमी के देख्छौ मलाई ?
म त एक मान्छे हुँ ।

दुःख सुन्छु खुशी साट्छु
आँसु पुछ्छु अनि हाँस्न सघाउँछु
हो ! म कसैको असल मित्र पनि त हुँ ।

यात्री जिन्दगीको यात्रा सङ्घर्षको,
लड्दै उठ्दै हिँड्ने म यात्री
पुग्छु त्यो गन्तव्य जहाँ
म नभए पनि भैरहने ठाउँ खोज्दै
विश्वास छ आफैँमा
म बलियो यात्री हुँ ।

एउटा चरा पातमा बस्छ
किनकि उसलाई पातको भन्दा बढी
उसको पँखेटाको भर लाग्छ,
चरालाई पूर्ण विश्वास छ, आफ्नो पँखेटाप्रति
प्रिय ! तिमी मेरो पँखेटा हौ
अब म के गरौं
उडौँ या बसौँ यही पँखेटको विश्वास गरेर

चाउरिएछन् आमाका गाला
पाकेर सेतै भएका बा'का दारीले पनि
हरेक दिन सोचेको यही हो कि मेरो सन्तान
मान्छे बनोस्
त्यसैले तिमी के देख्छौ मलाई ?
त्यो तिम्रो जिम्मा
तर,
म त एक मान्छे हुँ !
मान्छे हुँ !!
मान्छे हुँ !!!

# फर्की आऊ

## कविता

खियामा राई, साकेला
पूर्व विद्यार्थी
दिक्तेल बहुमुखी क्याम्पस

मलाई थाहा छ तिमी फर्किएर आउदैनौ,
यथार्थले तिमीलाई टाढा लगिसकेको छ ।
तर मन तर्क गर्दैन, तिमीलाई खोजिरहन्छ..!!
एक झल्को एक आभाष एक छायाँजस्तैः गरी
जति चोटि फोनको घण्टी बज्छ,
मनभित्र सानो आशा पलाउँछ ।
कतै तिमीले नै सम्झिएर मलाई फोन गरेका हौ कि ?
तर त्यो आशा तुरुन्तै निराशामा परिणत हुन्छ !
किनकि त्यो सधैं झुट हुन्छ ।

जति पटक मोबाइलको स्क्रिनमा नोटिफिकेसन आउँछ,
यो मनले तिमीलाई नै सम्झिन्छ ।
सायद उसैले गरेको हो कि म्यासेज ?
फेरि यो मन पनि भ्रम मात्र हुन्छ
त्यो त सधैं झुट हुन्छ ।
जसरी तिमीले पनि एक दिन
बिना उत्तर, बिना कारण,
मलाई अधुरो छाडेर फर्किन मानेका थिएनौ,
म हरेक कुरामा तिमीलाई खोज्छु
पुराना गलबन्दीको गन्धमा तिम्रो स्पर्श महसुस गर्छु,
पुरानो गीतका हरफमा तिम्रो स्वर
सडकमा भेटिने अनुहारमा पनि
तिमीले लगाउने जस्तैः माया मिसिएको नजर हुन्छ ।
जीवनमा अगाडि बढ्नै पर्छ भन्छन्,
तर कसरी बढ्ने ?
जब हरेक पाइला तिमी नहुनुको बिघ्न सम्झना बनेर
खुट्टा थाम्न आउँछ ।
म चाहन्छु,
कम्तीमा तिमी एक छायाँ बनेर आऊ,
भित्रभित्रै अँगालो मार्न
यो मनलाई शान्त पार्न
वा एक सपना बनेर आऊ
म त्यो सपनाभरि रोएर निदाउन चाहन्छु,
र बिहान उठ्दा सम्झन चाहन्छु,
हिजो राति उसलाई भेटे सपना थियो तर उसैलाई भेटे
किनभने,
तिमी मेरा लागि पीडाको आकार बनिसकेको छौ
जसलाई मैले बोकेर बाँच्न सिक्नु परिरहेको छ ।
तर पक्का हो,
म बाँचिरहेको छु,
तर तिमी बिना म कहिले बाँचिरहेको छु जस्तो लाग्दैन
त्यसैले भन्छु फर्की आऊ,
छायाँ भएरै सही, सपना भएर सही
तर फर्की आऊ, एकपटक फेरि...!!

# औँसी

**कविता**

अनुसिल राई
कक्षा-१२, दिक्तेल बहुमुखी क्याम्पस

टाढा कतै औँसीको रात
नानी समक्ष कालो अन्धकार
न त भ्यागुताको ट्वार ट्वार
न त जुनकिरीको पिलपिल बत्ती
भौँतारीरहेछ एक यात्रु ।
आँखा मृत छन्, ओठ सुख्खा
पैताला चरचर्ती फुटेका
आङ खङ्ग्रङ्ग सुकेको
काँधमा भिरेको पाटे झोला
बेला-बेला झोला चिहाउँछ ऊ ।

थपक्क राख्छ, पिल्सेका कण्ठ अनि
कस्सेर मुठी पारेका दुई थोपा आँसु
मानौँ झोला उसको खडेरी लागेको मन
जहाँ ऊ आफ्नो चर्केका शब्द बिसाउँछ ।
पारिबाट आउँछ आँधी
भान्जी भनी सुस्ताउँदै
सरर छातीमा आँधी गर्जन्छ
बेलाबखत बैनी बताउँदै
चट्याङ पड्कन्छ
खैर यात्रु रोकिँदैन ।
भौतारिइरहन्छ ऊ
बिना जून, बेगरै रोशनी
झ्याप्प छोप्छ यात्रुलाई गिद्धले
लुछ्दै उसका मृत आँखालाई
टाउकोमा ठुङ्दै खेदाउँछ ।
ऊ भाग्छ ! ऊ दगुर्छ
बिर्सन्छ फुटेका पैतला
यादमा रहन्न लुछिएका आँखा
गल्छ ऊ रोकिन्नन् तर पाउ
छातीमा हान्छ आँधीका सुस्केराले
फुटाउँछ कान चट्याङका पड्काइले
अतः यात्रु ढल्छ,
भिरेको झोला खस्छ
झोलासँगै छरिन्छ अघिका कण्ठ
र गुम्सेका दुई थोपा आँसु
सुकेका ओठ बोल्न खोज्छ केही
त्यस अगावै लुछिन्छ उसका कण्ठ
छायाका अन्धकार बदलिन्छ
रहेका दुई सर्को सास सकिन्छ ।
लेखिन्छ कहानी यात्रुको
कहलिन्छ एक पूर्णमा
पुनः आउँछ औँसी
अँध्यारो रमाउँछ,
यात्रु आउँछ
अनि भौँतारिन्छ
बिना जून, बेगरै रोशनी ॥

# सपना, सङ्घर्ष र जिम्मेवारी

## कविता

सङ्गीता भट्टराई
बि.बि.एस. तेस्रो वर्ष, दिक्तेल बहुमुखी क्याम्पस

आँखामा पलाएका सुन्दर सपना
मनमा छ बलियो प्रचण्ड चाहना ।
एक दुई हार होलान्,
सपना पूरा गर्ने दृढता छ उस्तै अटल ।
घरको पहिलो सन्तान म,
हिम्मतले भरिएको मेरो यो मन ।
बाबाको पसिनाले भिजेको माटो,
आमाको शिक्षाले सजिएको जीवन ।
गाउँमा बाबा-आमा मेहनत गरिरहन्छन्,
यहाँ सहरमा सङ्घर्ष मैले पनि गर्दैछु ।
जिम्मेवारीको भारी नहोला,
तर जिम्मेवार अवश्य बन्ने छु ।
सपना मेरा सानै छन्,
आफ्नै मेहनतले पूरा गर्छु,
हुर्काउने माटोलाई चमक दिनेछु ।
आमाको शिक्षा, बाबाको सङ्घर्षलाई
मेरो कर्मले गर्व दिलाउने छु ।
थाक्ने छैन, हार्ने छैन,
यो सङ्घर्षको यात्रा कहिल्यै रोकिँदैन ।
एक दिन समय अवश्य आउने छ,
जहाँ आफ्नाका आँखा खुसीले झल्किने छन् ।
आमाको मुस्कान, बाबाको गर्व,
त्यहीँ हुने छ मेरो सच्चा जीवनको पर्व ।

# गजल

दिपेन कार्की
साकेला गा.पा.-४, हुपापु (मात्तिम)
बि.एड. चौथो वर्ष,
दिक्तेल बहुमुखी क्याम्पस

न त वार नै भयो, न त केही पार भयो
कहाँ जाऊँ के गरौं जिन्दगीमा दोधार भयो ।

यही कारण पनि आफूँलाई घृणा लाग्छ
बेकार जन्मिएछु धर्तीलाई नै भार भयो ।

सायद हदभन्दा बढी आश गरेको हुँ मैले
ठूला रहर, सानो निधार सायद केरकार भयो ।

रहर अनि जिम्मेवार अथाह भएर होला
खुल्ला आकाश पन्छीलाई झैं कारागार भयो ।

सुख साउँ रै'छ, जो कहिल्यै बढ्नै पाएन
दुःख व्याज रै'छ, सय-सय हुँदै हजार भयो ।

न त वार नै भयो, न त कुनै पार भयो
कहाँ जाऊँ के गरौं जिन्दगीमा दोधार भयो ॥

कविता

# उदाएको चन्द्रमा

पवन पोखरेल 'जिज्ञासु कान्छो'
दि.रु.म.न.पा.१५, बसेरी
बि.एड. चौथो वर्ष, दिक्तेल बहुमुखी क्याम्पस

घाम हाम फाल्छ
पोखरीमा डुबुल्की हान्दै
'भो ! यो त गयो गयो सक्कियो.....'
म भन्छु,

आमा भन्नुहुन्छ....
बाबु !
बिहानी चेत पाउन
दिनले पूरै कालो रात निलेको छ
तब त बिहानी आएको छ...

उ त्यता हेर त
नयाँ उमङ्ग बोकी
चन्द्रमा उदाएको छ ।
त्यसैले त सूर्यले
विदा पाएको छ ।

बाबु !
केवल हेर्नु
क्षितिज हो तस्विर
नत्र हेर त......
सबै याद बोकी
चन्द्रमा उदाएको छ ।

बाबु !
समस्यासँग सामना गर्ने हो
समाधान फगत आफैं हुन्छ
हेर त ! कालो रातको आतङ्क फेर्न
चन्द्रमा आफैं उदाएको छ ।
आमा !
कसले बनायो
फगत डल्लो तर चमकदार
संसारले नियाल्छ....
हैं आमा त्यै भएर होला
चन्द्रमा निकै जोड्ले
उदाएको छ ॥

# मुक्तक

पवन पोखरेल (जिज्ञासु कान्छो)
दि.रु.म.न.पा.१५(बसेरी)
बि.एड. चौथो वर्ष, दिक्तेल बहुमुखी क्याम्पस

तिमी छौ र त दुःख दिन्छौ त्यो पनि चाहिन्छ,
मायामा हल्का रोदन नभए के माया को लाइन्छ ?
आफूले माया गरे पो बदलामा माया पाइन्छ,
अरू हून् या नहून् प्रेमको किताबमा बस तिमी चाहिन्छ ॥

# धन

## कविता

अन्सु राई
राखा, खोटाङ , कक्षा-१२
दिक्तेल बहुमुखी क्याम्पस,

मन टुटाउने पनि धन
मान्छे छुटाउने पनि धन
धनी र गरिब छुट्याउने पनि धन
सम्बन्ध फुटाउने पनि धन
मान्छेहरू तेरा लागि रोइरहने
ए धन !
भन् न भन्
किन यति धेरै रुवाउँछस् मान्छेलाई
मान्छे लाग्छन् तेरैपछि
सोध्यो भने भन्छन्
कमाउनु पर्‍यो नि भविष्यका लागि
खट्छन् तेरा लागि दिनरात
दुखाउँदै आफ्नो मन
किन अर्काको देशमा जान बाध्य बनाउँछस् ?
ए धन !
भन् न भन्
किन यति सारो रुवाइदिन्छस् मान्छेको मन ?
मान्छे चेताउने पनि धन
तेरा लागि
नराम्रो काम गर्न पनि पछि नपर्ने
किन यति निष्ठुरी हुन्छस्
ए धन !
भन् न भन्
किन यति सारो रुवाउँछस् मान्छेको मन ॥

# आजका विद्यार्थी

## कविता

निता वि.क.
खार्मी, खोटाङ
कक्षा-११, दिक्तेल बहुमुखी क्याम्पस

कोदालो खन्छन्,
आमाबुबा छोराछोरीका लागि
चुरोट रक्सी खान्छन्
आमाबुबाबाट भागी भागी
चुरोट रक्सी खाँदा मोज मान्ने
बाँचुञ्जेल रमाइलो गर्ने रे !
पढ्न भनी ढाँटेर पैसा माग्ने
रोग निम्त्याएको बुझ्दैनन् ।

कति बालक
घाँसदाउरा गरेर पढ्न नपाउने
कति कुलतमा फस्ने
शिक्षाबाट बञ्चित हुने
प्रवासिने अनि
मृत्युको मुखमा पुग्ने ।

# अहङ्कार र देखासिकीमा रुमलिएको हाम्रो जीवन

लमी शेर्पा
बि.ए. चौथो वर्ष, दिक्तेल बहुमुखी क्याम्पस

घाम लाग्छ कसैले पूजा गरिदिन्छ कि भनेर होईन । फूल फुल्छ कसैले तारिफ गरिदिन्छ कि भनेर होईन । प्रकृतिमा सबैले आ-आफ्नो कार्य गर्छन् । हामी मात्र अरूको नजरमा राम्रो हुन वा तारिफ पाउन कार्य गर्दछौँ । हामीलाई तिल जत्रो काम गरेर पहाड जत्रो हल्ला गर्न मज्जा आउँछ । रूख चढेर सगरमाथा चढेको जत्रो फुर्ती लाउन मज्जा आउँछ । हामी मात्रै अरूलाई देखाउनका लागि गर्छौं । जसले यो सब बुझेको छ, ऊ मौन छ ।

अहङ्कार आफूलाई सर्वेसर्वा सम्झने क्रिया, भाव वा गुण हो । अभिमान हो, घमण्ड हो, सेखी हो, मपाइत्वको भाव हो । रिस र क्रोध पनि हो वा अहङ्कार भनेको अरू भन्दा आफू श्रेष्ठ हुँ भन्ने उच्च गर्वको भाव हो भने अरूले गरेको देखेर वा हेरेर आफूले पनि त्यही नक्कल गर्न खोज्नु देखासिकी हो । अहङ्कार र देखासिकी ले हाम्रो दैनिक जीवन परिवर्तनीय बनेको छ । (आचार्य, २०७९) ले उनको एक रचनामा पछिल्लो समयमा सूचना प्रविधिको तीव्र विकास सँगै पातलिएको सामाजिक भेटघाट भर्चुअल दुनियाँले सम्भव बनाएको सहज कुराकानी मार्फत् पुनः स्थापित भएजस्तो देखिए पनि देखासिकी वा देखावटी सरोकार मात्र ज्यादै मात्रमा बढ्न थालेका बताएका छन् ।
अगस्टाइनले 'अहङ्कारले देवता दानव बन्छन् र नम्रताले मानव देवता बन्छ' भनेका छन् ।

एक टटल्स भन्छन्, 'अहङ्कार बारम्बार दोहोरिने विचारको रूप र.अभ्यस्त मानसिक संवेगात्मक ढाँचाहरूको एकीकरण हो जुन म र आफूको अर्थमा प्रयुक्त गरिन्छ ।'

घमण्डले खुसीलाई खान्छ । प्रेमलाई मार्छ । घमण्ड मानिसको एक शत्रु हो जसले व्यक्तिको प्रतिभालाई खान्छ । जति घमण्ड बढ्छ त्यति हाम्रो कान सानो हुन्छ र हृदयको आवाजलाई सुन्ने शक्ति एकदमै कम हुन्छ ।

सामाजिक सञ्जालको प्रयोग बढेसँगै सार्वजनिक रूपमा खुसी प्रकट गर्ने र साटासाट गर्ने प्रचलन बढेको छ । जसको परिणाम स्वरूप अप्रत्यक्ष रूपमा देखावटी र देखासिकीले बढावा पाएको छ । मान्छे देखिने र देखाउने होडमा यतिसम्म पागल भइसके कि मानौँ आज खाना खाँदा पनि कसै न कसैलाई आफूले के खाइरहेको छ ? नदेखाई खाँदा खानै रुच्दैन । आफूलाई कसैले एक टक हेरेर तारिफ नगरेसम्म आफ्नै शरीरको सुन्दरता माथि विश्वास लाग्दैन ।

देखासिकीको बाबजुद आजभोलि धेरै नारीहरूले आफूलाई सुन्दरताको नाममा परपुरुषको नजरमा रमाइलो वस्तु बनाउँदै छन् । उनीहरू सोच्दछन हेर्ने, मुस्कुराउने, मन पराउनेहरूको सङ्ख्या नै आफ्नो मूल्य हो तर ती नजरहरू श्रद्धाका होइनन्, । ती क्षणिक उपभोगका लागि हुने दृष्टि हुन् । जो भोलिपल्ट अर्कै मोहमा हराउँछन् ।

समाजमा यो दृश्य पनि देखिन्छ कि जहाँ महिलाले छोटो कपडालाई स्वतन्त्रता ठान्छिन् ।

सोचिन्छ जति शरीर देखाइयो त्यति विचार खुला हुन्छ । तर त्यो सशक्तीकरण होईन । त्यो त आफूलाई वस्तु बनाउनु हो । एउटा पुरुषको नजरमा अङ्ग प्रदर्शन गर्दा तिमी उसको नजरमा मात्र पर्छौ; उसको मनमा कहिलै पर्दैनौ । यो ध्रुवसत्य नै हो । तिमीलाई उसले नजरमा त राख्ला तर मनमा कदापि राख्दैन । तिमीसँग उसको चाहना केवल यौन आनन्दसँग मात्र हुन्छ । जीवनभरि साथ दिनलाई उसको मन सधैँ संस्कारले छोपिएका नारीको खोजीमा हुन्छ ।

एक जमना थियो, आफूले कसैले खाएको हेऱ्यो भने मात्र चोखे लाग्ने; आफूलाई कसैले एकोहोरो हेऱ्यो भने मात्र बोक्सी लाग्ने । यसको मतलब हामी पुरानै जमानामा चल्नुपर्छ भनेको होईन । यसको अर्थ यो हो कि देखासिकीले गर्दा हाम्रो दैनिक जीवन विलासितामा रमाउने प्रवृत्ति बढेको छ । व्यक्तिको व्यवहारमा अहङ्कारले भरिभराउ भएको छ ।

परिवर्तन अनिवार्य छ । हाम्रो सङ्घर्ष, हाम्रो अनुभव र समयसँगै साक्षात्कारले हामीलाई रूपान्तरण गर्छ । परिस्थिति, समाजको अपेक्षा, सम्बन्धहरूमा आएको उथलपुथल यी सबैले हामीभित्र एउटा नयाँ 'म' निर्माण गर्छन् । जीवन स्थिर छैन । परिवर्तन स्वीकार गर्नु आफैँमा एक परिपक्वकता हो । तर वर्तमानलाई नियालेर हेर्ने हो.भने गाई पालेर दूध, घिऊ खाने पाखे भए । कुकुर पालेर छिमेकीको आँगन बिगार्नेहरूलाई 'शहरिया' भन्न थालियो । मकै भुटेर र उसिनेर खानेहरू 'अनाडी' भए । त्यही मकैको पपकर्न र स्वीटकर्न खानेहरू आधुनिक भए । बाङ्गो सोझो जुनसुकै उपायबाट धनी भएर अग्ला घर बनाउनेहरूको वाहवाही भयो । सदाचार र न्याय निष्ठामा बाँचेर एकताले घरमा बस्नेहरू मूल्यहीन भए । आखिर परिवर्तन त आयो तर यस्तो परिवर्तनलाई पनि परिवर्तन भनिन्छ र ? के यहि हो परिवर्तन..? वास्तविक परिवर्तन त त्यो हो जसले आवरणसँगै आचरण अनि चित्रसँगै चरित्र र भवन सँगै भावना पनि परिवर्तन गर्छ । निष्कर्षमा के भन्न सकिन्छ भने, आफ्नो बोली व्यवहार सुपाच्य र सुमधुर बनाउनका लागि हाम्रो मनस्थिति परिवर्तन हुनुपर्छ । अरूले केही भन्छ कि भन्ने भयले वा अरूले तारिफ गर्छन् कि भन्ने मोहले होईन । मानवीय गुणले युक्त भएर व्यवहार गर्नुपर्छ । यस्तो व्यवहार जसले अरूलाई बोझ नबोकाओस् अहङ्कारले होईन; प्रेम र विवेकले काम गर्नुपर्छ । सदैव सभ्य, शिष्ट, नम्र र विनयी हुने आचरणको विकास गर्नुपर्छ । हरक्षण आफ्नो प्रशंसा सुन्न रुचाउनु तथा आफ्नो गल्तीका लागि माफी माग्न नरुचाउनु होईन, इमानदारिताका साथ आफ्नो मनलाई नियालेर हेर्नुपर्छ र आफूभित्रको अहङ्कारलाई सचेत ढङ्गले नियन्त्रण गर्ने प्रयास गर्नुपर्छ । अरूको नजरबाट आफूलाई हेर्ने, रचनात्मक कार्यमा सक्रिय भई आत्मविश्वासको विकास गर्नुपर्छ । अहङ्कार र देखासिकी मात्र होईन, हरेक मानवीय दुगुर्णहरू काम, क्रोध, लोभ, मोह, मद, मत्सर(रिस), आलस्य, हिंसा, चोरी, चिन्ता, व्याग्रता, असहिष्णुता आदिलाई सन्तुलित र नियन्त्रित अवस्थामा राख्नुपर्छ ।

## सन्दर्भ सूचि

- अधिकारी, डा. राजु. ( २०७८). आखिर रोज्ने के ?,(२०८२), 1.https://shilapatra.com/detail/56154

(आचार्य,खेमराज.(२०७९).देखावटी र देखासिकी, (२०८२):1-5.https://nagariknews.nagariknetwork.com/opinion/930511-1662165803.html?click_from=category

- पाण्डे,प्रकाश.(२०७६).अहङ्कार,(२०८२): 1-10.https://www.kharibot.com/news-details/46562/kharibot

# मुक्तक

मिता राई
पूर्व विद्यार्थी, दिक्तेल बहुमुखी क्याम्पस

मानिस खान नपाए भोको भएँ भन्छ
तर, म त चेतनाको भोको छु
मानिस लुगा लगाउन नपाए नाङ्गो भएँ भन्छ
तर, म इज्जतको पो नाङ्गो छु ।

# मेरो देश

## कविता

दिपेन्द्र अधिकारी
पूर्व विद्यार्थी, दिक्तेल बहुमुखी क्याम्पस

प्राकृतिक सौन्दर्यले भरिएको मेरो देश
अभाव नहुँदा नि प्रतीत रोएको मेरो देश
संस्कृतिले सजिसजाउ वाह ! मेरो देश
आयुर्वेदिक जडीबुटिले क्या ! मेरो देश ।

सदाचार अनि भाइचाराले अक्षुण्ण मेरो देश
सबैतिर पूर्ण भान भएको अपूर्ण मेरो देश
विकासको गतिलाई बाह्य आवरणले ढाकेको मेरो देश
वास्तविक विकासको अनुभूति गर्न नसकेको मेरो देश ॥

मठ, मन्दिर, चर्च, विहार अनि मस्जिदले बेष्ठित मेरो देश
विश्वमा नै शान बढाउने हिमालहरू अवस्थित मेरो देश
विविधताले भरिपूर्ण भएको गौरव गर्न लायक मेरो देश
सम्भावनाको माला एउटै डोरीमा उनिएको मेरो देश ॥।

# "अब सोचौँ भो''

दिपेन्द्र अधिकारी 'हिँडपाली जेठो'
श्री रावाबेँसी गा.पा.-४, डुम्रेधारापानी, खोटाङ
पूर्व विद्यार्थी, श्री दिक्तेल बहुमुखी क्याम्पस

सोचौँ सोचौँ भो मलाई, अति नै सोचौँ भो,
खोलौँ खोलौँ भो मलाई, कुरा खोलौँ खोलौँ भो ।
संस्कृतिको जगेर्नाको कुरा, अब गरौँ गरौँ भो,
कूरीतिको भण्डाफोर झन, गरौँ गरौँ भो ॥१॥

सुशासन र अनुशासनको जरा, मलाई गाडौँ गाडौँ भो,
भ्रष्टाचार कुशासनको अन्त्य, मलाई गरौँ गरौँ भो ।
नैतिकता र इमानदारीताको पाठ, मलाई पढाऊँ पढाऊँ भो,
आदर, सम्मान, माया र ममताको सबक, सिकाऊँ सिकाऊँ भो ॥२ ॥

राष्ट्र र राष्ट्रियता बलियो चाहिन्छ भनी, मलाई भनौँ भनौँ भो,
सधैँसधैँ सुत्ने होइन अब जागौँ जागौँ, मलाई भन्न मन भो ।
अर्काको मुख ताक्ने होइन अब, स्वावलम्बी बन भनौँ भनौँ भो,
मिहिनेती तिम्रा सिप आफ्नै देशमा, उपयोग गर भनौँ भनौँ भो ॥३॥

विदेशी पाठ्यक्रम होइन आफ्नै, सरकारलाई बनाऊ भनौँ भनौँ भो,
बाध्यताले विदेशीएकाहरूलाई, फर्काऊ सरकार भनौँ भनौँ भो ।
जनताको गाँस,बास र कपासको, प्रबन्ध मिलाऊ भनौँ भनौँ भो,
राष्ट्रप्रेमी, जागरुक, सपूत, राष्ट्रवादी, मलाई गनौँ गनौँ भो ॥४ ॥

दण्डहीनता र अराजकताको जग, मलाई भत्काऊँ भत्काऊँ भो,
स्वाधीन राष्ट्र नेपाल हो भनी विश्वमा, मलाई चिनाऊँ चिनाऊँ भो ।
सार्वभौम अधिकार जनतामा छ भनी, मलाई सुनाऊँ सुनाऊँ भो,
"हट्ने होइन डटी लड्ने "नेपालीको वीर गाथा, अब गाऊँ गाऊँ भो ॥५ ॥

# के गर्नु ?



✍ अशोक चाम्लिङ राई
दिक्तेल रूपाकोट मझुवागडी नगरपालिका-१३
हाल : मानेभन्ज्याङ गा.पा.-३, ओखलढुङ्गा, शिक्षक
पूर्व विद्यार्थी, श्री दिक्तेल बहुमुखी क्याम्पस

सुख खोज्न पनि त दुःखहरूमा नै भौंतारिनु पर्छ, के गर्नु ?
परिवारको, मुस्कान खरिद गर्न पनि विदेशिनु पर्छ के गर्नु ?

खुसीहरू, आफ्नो इच्छाको परिधिभित्र, नहुने रहेछ के गर्नु ?
गन्तव्यमा पुग्न पनि पटक-पटक लड्दै ,उठ्नु पर्छ के गर्नु ?

निजी जिन्दगीभित्र आफ्नै मात्र स्वार्थ हुन्छ भनेर पनि के गर्नु ?
सृष्टि जीवित राख्न पनि यो जिन्दगी कतै सुम्पिनु पर्छ के गर्नु ?

हावाको झोक्कासँगै उड्न खोजियो, खुब रमाएर के गर्नु ?
कहिल्यै बुझिएन, झोक्का पनि पहाडमा रोकिनुपर्छ के गर्नु ?

भन्छौ जिन्दगी बगैंचाको, सुन्दर फूल पो, भनेर पनि के गर्नु ?
बगैंचामा फुलेको सुन्दर फूलले नै पहिला चुँडिनुपर्छ के गर्नु ?

मेरो पीडाको अभिलेख स्मृतिबाटै मेटाऊँ जस्तो लाग्छ के गर्नु ?
मेटाउनु पूर्व नै यादका डायरीहरूलाई फेरि सम्झिनुपर्छ के गर्नु ?

# 'खोटाङ जिल्लाको यातायात र दुर्घटना'

रामकुमार हिङमाङ
(महासचिव-९८५२८४९२४४)
खोटाङ यातायात प्रा.लि.
दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, खोटाङ

खोटाङ जिल्लालाई २०६४ साल पौष २० गतेलाई एक महत्त्वपूर्ण मोडको रूपमा सम्झिन सकिन्छ । यस दिन मनाङ एअरको हेलिकप्टर मार्फत् ल्याइएका दुईवटा मिनी ट्रकहरूले यातायात सेवाको नयाँ अध्याय सुरु गरे । सुरुवाती चरणमा यो सेवा केवल सदरमुकाम दिक्तेलदेखि च्यास्मिटार हुँदै जोर सिमलसम्म सीमित थियो । त्यसबेला जयराम घाटदेखि जोर सिमलसम्म सामान बोक्ने खच्चडको भर पर्नु दैनिकी थियो र कहिलेकाहीँ त्यही सामान ढुवानी गर्ने ट्रकले यात्रु पनि ओसार्ने गर्थ्यो ।

त्यो मिनी ट्रक जिल्लामा नआउन्जेलसम्म दिक्तेलबाट तराई वा काठमाडौँ पुग्न गाईघाट, मुर्कुची, बेल्टार, फत्तेपुर, घुर्मी जस्ता स्थानसम्म २-३ दिन पैदल यात्रा गर्नु पर्ने बाध्यता थियो । उत्साही व्यवसायीहरूले जोखिम मोलेर यातायात क्षेत्रमा लगानी गरेपछि जिल्लावासीको जनजीवन सहज हुन थाल्यो । जयरामघाटमा बेलिब्रिज र पछि पक्की पुल बनेपछि यातायातमा सुधार आयो तर तराई पुग्न उदयपुरको कटारीमा गाडी बदल्नु पर्ने बाध्यता भने कायम नै रह्यो । गाडी परिवर्तन गर्दा यात्रुहरूले मन लाग्दी भाडा, कुल्लीको तानातान, र असुरक्षित व्यवहार सहनु पर्ने अवस्था थियो ।

यही समस्या समाधान गर्न खोटाङ यातायात व्यवसायी सङ्घले तत्कालीन प्रमुख जिल्ला अधिकारी एकदेव अधिकारीको सहयोगमा कटारीका व्यवसायीसँग पटक-पटक छलफल गरियो । अन्ततः धरान, विराटनगर, काँकडभिट्टा जस्ता स्थानसम्म सिधा बस सञ्चालन सम्भव भयो । त्यसपछि साना सवारी साधनहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भयो र दिक्तेलदेखि गाउँ-गाउँसम्म सडक र यातायात विस्तार भयो । आज जिल्लाको अधिकांश घरमा मोटरसाइकल वा स्कुटर देखिन्छ र यातायातको सञ्जाल २०६४ सालपछि यति छिटो फैलियो कि यसको वर्णन गरी साध्य छैन ।

प्रगतिसँगै अर्को गम्भीर चुनौती देखा परेको छ यातायात दुर्घटनाको भयावह वृद्धि । नेपाल प्रहरीको तथ्याङ्कअनुसार देशमा दैनिक सरदर ७ जनाले सवारी दुर्घटनामा ज्यान गुमाइरहेका छन् । सडकको साँघुरोपन, तीव्र मोड, कच्ची बाटो, सवारी मर्मतको कमी, चालकको अनुभव अभाव, गति

नियन्त्रण नगर्नु, लाइसेन्स बिना सवारी साधन चलाउने, हेल्मेट प्रयोग नगर्ने जस्ता कारण दुर्घटनाका प्रमुख आधार बनेका छन् ।

दुर्भाग्यवश, यस्ता दुर्घटनाको रोकथामका लागि सरकारले ठोस, दीर्घकालीन योजना ल्याएको छैन । व्यवसायीहरूले नियमित कर तिरे तापनि यातायात सुरक्षामा आवश्यक ध्यान दिइएको देखिँदैन । विद्यालय, समुदाय र सञ्चार माध्यम मार्फत् सचेतना फैलाउने प्रयास अझै न्यून छ ।

निष्कर्षमा २०६४ सालको साहसिक कदमले खोटाङको जीवनशैली रूपान्तरण गऱ्यो । अब आवश्यकता छ अर्को कदमको सुरक्षित, अनुशासित र जिम्मेवार यातायात संस्कृतिको निर्माण । यसका लागि सरकार, प्रहरी, व्यवसायी, चालक र यात्रु सबैको बराबरी भूमिका हुनुपर्छ । जबसम्म हरेक व्यक्ति आफ्नो जिम्मेवारी बुझ्दैन र सवारी सुरक्षा प्राथमिकतामा राख्दैन, तबसम्म हाम्रो प्रगति अधुरो रहनेछ । समयमै कदम चालौँ किनकि यातायात केवल यात्रा मात्र होइन, जीवन र मृत्युको सन्तुलन हो ।


# शुभकामना

**नेपालीहरूको महान् चाड वडादशैं, शुभ दीपावली, नेपाल संवत् ११४६, छठ पर्व, उँधौली पर्व र ल्होसारको अवसरमा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।**

## शीतला मा.वि., खाल्ले

**दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- ४, खाल्ले, खोटाङ**

**मीनकुमार दाहाल**
**प्रधानाध्यापक**
**९८५२८४९५६०**

**चित्र कुमार बस्नेत**
**विद्यालय व्यवस्थापन समिति अध्यक्ष**
**९८४२८६७८७५**

**एवम्**

## विद्यालय परिवार

कविता

# आज कठिन छ........



कृष्ण गिरी
शिक्षक जालपा मा.वि.

आज कठिन छ......
आजको जीवनले धेरै नागबेली उकालो चड्नु छ ।
तर्न छ, धेरै अफ्ठेरा खोल्सी र गल्छेडाहरू
जहाँ निर्जीव पुस्तकका अक्षरहरूले लौरीको साहारा दिन छोडे,
इतिहासका सूचना सङ्कलन गरेर विद्वान बन्ने समय अब आफैं इतिहास बन्यो ।
बन्यो इतिहास,पुस्तकको ठेली राखेर स्वघोषित विद्वता ठहरिने पनि,
विगतमा पुस्तकमा राखिने कम्प्युटर मोबाइलले आज,
आफैंभित्र पुस्तक राख्न थाल्यो ।
हुलाकले राख्ने पत्रलाई आज मोबाइलले राख्न थाल्यो,
विज्ञानको दायरा बढेपछि, संसारको दायरा साँघुरिने रहेछ ।
आज गाउँ एउटा संसार भएको छ,
संसार एउटा गाउँ भएको छ ।
सयौं मानिससँग भएको सूचनाको योगफलभन्दा
एक्लो ए आइसँगको सूचना धेरै भएको छ ।
सत्य वौद्धिकताले मिथ्या वौद्धिकताको आविष्कार गऱ्यो
आज मिथ्या बौद्धिकताले सत्य बौद्धिकताको नष्ट गर्दै छ,
आज कठिन छ तर ठीक छ !
मानिसहरू रोबर्ट जस्ता देखिन थाले,
रोबर्टहरू मानिस जस्ता देखिन थाले,
दिनहुँ ज्ञानले आफ्नो क्षितिज बढाइरहेछ ।
विज्ञान र प्रविधि जीवन जिउने विधि पढाइरहेछ,
नयाँ अवसरले नयाँ प्रतिष्पर्धा सिर्जना गरिरहेछ,
आज स्वस्थसंग अस्वस्थ प्रतिस्पर्धा चलिरहेछ,
विजय हुन नसके विलय हुने भय हुन्छ,
समायोजन हुन नसके,
आफ्नो अस्तित्व नरहने तय हुन्छ,
आज कठिन छ तर ठीक छ !
भ्रम चिरेर श्रम गर्नपर्छ,
गन्तव्य चिनेर यात्रा गर्नपर्छ,
उद्देश्य राखेर गति बढाउपर्छ,
अपूर्ण अपूर्ण जोडेर पूर्ण गर्नपर्छ ।
आज प्रलय समयलाई परास्त गर्न,
प्रकृतिले यति सुन्दर तपाईं सिर्जना गऱ्यो,
अब प्रकृतिको सुन्दर सिर्जना तपाई गर्नस्,
आज कठिन छ, ठीक छ !